मजदुरद्वारा मजदुरका लागि नेपालको पहिलो पत्रिका

# श्रमिक खबर

संख्या ७४, माघ २०५९, मूल्य रु.१५।-



# सामाजिक सुरक्षा कसरी?

# हामी जनता किन सडकमा ?

## १

देश हिंसा र प्रतिहिंसाका कारणले आक्रान्त छ । प्रजातन्त्र र शान्ति चाहनेहरु पाखा लगाइएका छन् । तीस वर्षसम्म चलेको स्वेच्छाचारी शासनको चास्नीमा डुबुल्की मार्नेहरु फेरि जुरमुराउन थालेका छन् । राजनीतिक स्वतन्त्रतामा दुई कदम अघि बढी सकेको हाम्रो मुलुकलाई जबर्जस्ती पछाडि फर्काइएको छ । यो त अनर्थ भयो, २०४६ सालसम्म देशको नाममा बगेको जनताको रगतको हुर्मत गयो ।

## २

हाम्रो बहुदलले निरंकुशता चाहने चमेराहरु माथि पनि डण्डा चलाएन, तिनीहरुको अधिकार उपभोग गर्न दियो । बामे सर्न नसक्नेलाई दौडाउनु पर्छ भन्ने हडबडे अतिवादीलाई पनि तगारो लगाएन डुक्रँदै अघि बढ्ने छुट दियो । सबैले १२ वर्षसम्म सक्दो अधिकार उपभोग गरे । ३० वर्षसम्म कुँजिएको ज्यान तन्काए । तर यस्तो सौम्य प्रणालीको सानो छिद्रमा औंला छिराउँदै फट्याउने केही उपद्रचाहाको बेवकुफीमा अडेस लागी हाम्रो स्वतन्त्रतामाथि अहिले आक्रमण भएको छ । दायाँ र बायाँ दुवैतिरबाट चलेका गोली र बारुदको तारो निर्दोष र निहत्था जनता बनेका छन् । दुःखका साथ जनताले आर्जेको हाम्रो संविधानको अग्रगतिका लागि व्यवस्था गरिएको धारा-१२७ कै प्रयोग गरी अख्तियारवालाबाट यसलाई पाता फर्काइएको छ । हाकाहाकी संविधानको उछित्तो काट्ने काम जारी छ । यो त अति भयो !

## ३

२०४६ सालको जनआन्दोलनले हामी जनतालाई सार्वभौमसत्ता सम्पन्न बनायो । हाम्रो भोटबाट निर्वाचित सरकारले राजकीय सत्ता प्रयोग गरी शासन गर्ने व्यवस्था मिलाइयो । असोज १८ गते गर्नै नहुने काम भयो, त्यो दिनको शाही घोषणाबाट जनताको घर-आँगनमा झुल्किएको जनताको सार्वभौम अधिकार स्वात्तै खोसियो। १२ वर्ष सम्म "आफ्नै मर्जीले - आफूमाथि शासन गर्ने" जनताको सरकारसंग 'सवाल-जवाफ' गर्ने बानी परेका हामी जनताले हेर्दा-हेर्दै "दर्ता-चलानी" भन्दा बढी गर्ने ल्याकत नभएका "भजनमण्डली"लाई "मन्त्रीमण्डल" भन्नु पर्ने यो के उदेक लाग्दो दिन देख्नु पऱ्यो? सार्वभौमसत्ता सम्पन्न हामी जनताको यस्तो अपमान ? यो त अत्याचारै भयो ।

## ४

देश दन्किरहेछ, विद्रोहको यो आगो तपाईं-हामीले ननिभाए कसले निभाउला ? हाम्रो अधिकारमाथि अतिक्रमण भइरहेछ - हामी जनतालाई हेप्नु हेपिएको छ, त्यसको विरुद्ध हामीले नबोले कसले बोल्ला ? लिगबाट घचेटिएको हाम्रो प्रजातन्त्रलाई तपाईं हामीले लिगमा नल्याए कसले ल्याउला ? संवेदनहीन आततायीबाट मूला काटिए झैं मौलोमा गिंडिइरहेका नेपाली गरीबहरुको जीवन रक्षाको लागि तपाईं-हामीले पहल नगरे कसले गर्ला?

## ५

सबैले भनिरहेका छन्- प्रजातन्त्र, स्वतन्त्रता र न्यायप्रेमी देशभक्त नेपालीहरु एक हुनुपर्छ । हामी एक नभए हाम्रो अधिकारको रक्षा त परै जाओस्, भोलि हाम्रो लासमा दागबत्ती दिने सन्तान पनि बाँकी रहने छैनन् । हामी रहने छैनौं, हाम्रो प्यारो देश रहने छैन । त्यसैले यो उकुस-मुकुस स्थितिबाट हामीलाई निकास चाहिएको छ । प्रतिगमन र विध्वंस होइन, अग्रगामी विकल्प चाहिएको छ ।

नेपाल ट्रेड यूनियन महासंघ






**संख्या ७४, माघ २०५९**

**सम्पादन बोर्ड**
मुकुन्द न्यौपाने
विष्णु रिमाल
उमेश उपाध्याय
विन्दा पाण्डे
कविन्द्र शेखर रिमाल

**विशेष सहयोग**
अग्निशिखा

**ले-आउट**
**नेस्वप्रेमयूका लागि**
महेन्द्र श्रेष्ठ
वुद्धि आचार्य
किरण माली

**व्यवस्थापन**
विनोद श्रेष्ठ

**प्रकाशक**
नेपाल ट्रेड यूनियन महासंघ
कार्यालय तथा प्रकाशन विभाग
पो.ब.नं.१०,६५२,
मनमोहन मजदुर भवन
पुतलीसडक, काठमाडौं।
फोन : २४८०७२ (हन्टिङ्ग लाइन)
फ्याक्स : २४८०७३
ई-मेल : info@gefont.org
वेभ साइट : www.gefont.org
मूल्य : रु.१५।-

**आवरण**
एम्ज माउस, २६५९४४

**मुद्रक**
इन्द्रेणी अफसेट,
४३७४४८, अनामनगर।


**श्रमिक खबरको विज्ञापन दर रेट**

| | |
|---|---|
| आवरण पृष्ठ (पछाडि) रंगिन | १२,००० |
| आवरण पृष्ठ (भित्री) रंगिन | १०,००० |
| पूरा पृष्ठ (भित्री) सादा | ६,००० |
| आधा पृष्ठ (भित्री) सादा | ४,००० |
| चौथाई पृष्ठ (भित्री) | ३,००० |
| न्यूनतम (भित्री) सादा | २,००० |

नोटः अग्रिम भुक्तानीमा १०% छुट तथा वार्षिक विज्ञापन ग्राहकका लागि १५% छुट दिइनेछ ।

# हाम्रो भनाई

विश्वव्यापीकरणको प्रक्रियासंगै श्रमलाई बजारको वस्तुको रूपमा व्यवहार गर्न थालिएको छ । यसको मूर्त अभिव्यक्ति भनेको हाम्रो व्यवसायीहरूले कुनै समयमा उठाएको 'हायर एण्ड फायर' को नारा हो । श्रमिकले पाउने सुविधा कटौती गर्दै जाने र व्यवसायीले चाहिँ स्वेच्छाचारी ढंगले श्रमिकलाई कामबाट निकाल्ने थिति बसाल्ने हो भने श्रमिक वर्गको सुरक्षा कसरी होला ? यसलाई संकेत गर्दै यो अंकमा सामाजिक सुरक्षा कसरी भन्ने प्रश्नमा आवरण कथा प्रस्तुत गरेका छौं । यसै सन्दर्भमा विश्वव्यापीकरणसंगै राज्यले जनतालाई नागरिकको रूपमा नभई ग्राहक वा उपभोक्ताको रूपमा व्यवहार गरिरहेको प्रसंगलाई पनि यो अंकमा उठाएका छौं ।




५

हाम्रो देशमा सामाजिक सुरक्षा सम्बन्धी न्यून कानूनी व्यवस्था छ । जति छ, त्यो पनि छरिएर रहेको छ । हाल श्रमकानूनमा छरिएर रहेको सामाजिक सुरक्षा सम्बन्धी प्रावधानहरूको वास्तविक रूपमा कार्यान्वयन हुन सकेको छैन । यसले सबै किसिमका श्रमिकलाई समेटेको पनि छैन । जसलाई समेटेको छ त्यहाँ पनि विवाद रहित अवस्था छैन । उदाहरणको लागि उपदानको निर्धारणमा पर्ने गरेको विवाद र उपदानकोष सृजना गर्नमा रहेको कानूनी अनिश्चितताले श्रमिकलाई मात्र होइन व्यवसायीलाई पनि जटिलता थपिदिएको छ ।

विश्वव्यापीकरण र त्यस विरुद्ध सियाटलदेखि जेनोआ, डाभोस र जोहनेसवर्गसम्म जनताद्वारा भएको विरोध प्रदर्शनले राज्यको सान्दर्भिकता बाँकी छ कि छैन भन्नेमा चर्चा/परिचर्चा चलिरहेको छ । यस क्रममा मूलतः दुई कोणबाट बहस जारी छ । पहिलो, विश्वव्यापीकरणको उदयसंगै राज्य कमजोर भएको छ, यसको सान्दर्भिकताको अन्त्य भएको छ ।...



१६




१९

जेण्डर प्रवर्द्धन र समानताको लागि ट्रेड यूनियन कमिटी (टुक-गेप) ले थालेको अभियानले गत पुस १ गतेबाट एक चरण पार गरेको छ। त्यस दिन यूनियनहरू, रोजगारदाताको संगठन र सरकारी प्रतिनिधिहरूले जेण्डर विषयमा आ-आफ्नो अवधारणा प्रस्तुत गरे । श्रम तथा यातायात व्यवस्था मन्त्रालयका सचिवको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा सम्बद्ध क्षेत्रका झण्डै सय जना विभिन्न संस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो ।

**दुई महिनाको नेपाल** / ३
**दर्शन भनेको के हो ? – मुकुन्द न्यौपाने** / १५
**गलैंचा मजदुर मिङमार** / २०
**विभाजनभित्रको एकता प्रयास-बंगलादेश इन्स्टिच्युट अफ लेवोर (बिल्स) – विन्दा पाण्डे** / २२
**गुस्ता, जसको लागि क्रान्ति पेस्ता थिएन – अग्निशिखा** / २३
**सामाजिक भेदभाव विरुद्ध आन्दोलित एउटा यूनियन** / २५

## १० वर्ष अधिको श्रमिक खबरबाट

मोरङ जिल्ला स्थित एउटा उखु फर्मको हिलोमा एउटा थोत्रो ट्र्याक्टर फ्याँकिएको छ । त्यसको अगाडिको भाग खियाले टाटे-पाटे देखिएको छ भने दायाँ-बायाँ चक्काभित्रै झ्याउ र झारहरू उम्रिएको छ - २००७ सालको राणा विरोधी आन्दोलनमा विराटनगरका मजदुरहरूले ट्र्याक्टरलाई जस्ता-पाताले घेरेर "ट्यांक" बनाएका थिए । इतिहास बोल्छ- "त्यो ट्यांक नै बिराटनगर मोर्चा कब्जा गर्न र राणाहरूको बचे खुचेको सेनालाई आत्मसमर्पण गराउने सशक्त हतियार बनेको थियो ।"

**श्रमिक खबर** संख्या २६ पुस, २०४९


श्रमिक खबर
gefont
राष्ट्रघाति प्र.म. राजिनामा देऊ



म श्रमिक खवरको ६१ अंक देखि नियमित पाठक हुँ । श्रमिक खवरले श्रमजीवी वर्गको लागि चालेको कदम सह्राहनीय छ । श्रमिक खवरमा प्रकाशित "श्रमिक" जिवनी मलाई राम्रो लाग्यो । यसोदा धिताल र कृष्णमाया न्यौपानेको जिवनी हृदयस्पर्शी लाग्यो । म श्रमिक खवरमार्फत के भन्न चाहन्छु भने विशेषत : महिलाहरू दयनीय अवस्था र समस्याको जालोमा बाँचेका छन् । महिलाहरूले पाएका अधिकार उपभोग गर्दै बाँकी अधिकारको खोजी गरौं । जिफन्टले श्रमिक खवरमार्फत् हामी मजदुर वर्गको समस्या समाधानको लागि बाटो देखाउन सहयोग गरिरहोस् । श्रमिक खबरलाई मेरो शुभकामना !

**शान्ता लुइटेल, नेस्वखापेमयू, एनटेपे फुड, हेटौडा,**
**सदस्य सचिव, जिफन्ट अञ्चल महिला विभाग, हेटौडा**






म यस श्रमिक खवरको नियमित पाठक हुँ । यसमा प्रकाशित हरेक विषय श्रम कानूनदेखि लिएर ट्रेड यूनियन सम्बन्धी लेखहरू सरल भाषामा लेखिएकाले हामी जस्ता मजदुरहरूले सजिलै बुझ्न सक्छौं । ७३ अंकमा ब्राजिलका नव निर्वाचित राष्ट्रपति मजदुर नेता लुइज इनासिओ लुलाको जिवनी पढ्न पाउँदा खुसी लाग्यो । एक जना साधारण मजदुर पनि देश र जनताको लागि काम गर्दा राष्ट्रपतिसम्म पनि बन्न सक्ने रहेछ । मेरो तर्फबाट पनि वहाँलाई श्रमिक खवरमार्फत् बधाइ !

**सानुकान्छा आलेमगर, नेबिको, बालाजु, केन्द्रीय सदस्य, नेस्वखापेमयू**



म श्रमिक खवरको ६० अंकदेखिको नियमित पाठक हुँ । श्रमिक खवर पढेर मैले हामीलाई चाहिने श्रम ऐनका साथै राष्ट्रिय-अन्तरराष्ट्रिय स्तरमा काम गरी खाने मजदुरहरूको आन्दोलन सम्बन्धी ज्ञान पढ्ने मौका मिलेको छ । मलाई श्रमिक खवरको चित्र कथा मन पर्छ । म चित्रकथा साथीहरूलाई पनि देखाउने गर्छु । ७३ अंकमा चित्रकथा प्रकाशित भएन । के यसलाई नियमित गर्न मिल्दैन र ?

**प्रेम पोडे, केन्द्रीय कोषाध्यक्ष, नेपाल स्वतन्त्र सफाइ मजदुर यूनियन**

# दुई महिनाको दक्षिण एशिया

## भारत

**डिसेम्वर १८, २००२ :** वकिलहरूले हडतालमा भाग लिन नपाउने भारतको सर्वोच्च अदालतको निर्णयको विरोधमा १० लाख भन्दा बढी वकिलहरूद्वारा टाउकोमा सेतो फेटा बाँधी एक दिने हडताल ।

**डिसेम्वर २४, २००२ :** गुहाटीमा विजेपीको नेतृत्वमा रहेको एनडिए सरकारद्वारा जनताको इच्छा विपरित लागू गरिन लागिएको आर्थिक नीति विरुद्ध अल इण्डिया ट्रेड यूनियन कँग्रेस ( एआईटियूसी) द्वारा देशभर हड्ताल गर्ने चेतावनी ।

**डिसेम्वर २८, २००२ :** गुहाटीमा ज्याला सम्बन्धी विवादको कारण ६ महिनादेखि व्यवस्थापन पक्षद्वारा तालावन्द गरिएको असाम चिया वगानका ३५ मजदुरहरूको भोक तथा रोगको कारणले मृत्यु ।

**डिसेम्वर ३०, २००२ :** मुम्वइमा हालसालै संचालनमा ल्याइएको कम्प्युटराइज्ड रेलवे टर्मिनलको विरोधमा ३५ वटा भन्दा बढी रेलको सार्वजनिक बुकिङ्ग केन्द्रमा काम गर्ने २५० भन्दा बढी मजदुरहरूद्वारा बुकिङ्ग वन्द गरी विरोध प्रदर्शन ।

**जनवरी १, २००३ :** पुराना गाडीहरू हटाउने सम्वन्धमा भएको सरकारको निर्णयको विरोधमा भारतको दक्षिणी राज्य कर्नाटकका एक लाख ट्रक ड्राइभरहरूद्वारा विरोध प्रदर्शन ।

## पाकिस्तान

**डिसेम्वर २०, २००२ :** फैसलावादमा अल पाकिस्तान फेडरेसन अफ ट्रेड यूनियन तथा दुई दर्जन भन्दा बढी मदजुर संगठनहरूद्वारा संयुक्तरूपमा सरकारसंग मजदुरहरूको स्वास्थ्य तथा सुरक्षासंग सम्बन्धित ठोस कार्यक्रमको माग ।

**डिसेम्वर २२, २००२ :** पाकिस्तानी दुग्ध उत्पादक श्रमिकहरूलाई उनीहरूको उत्पादन लागतभन्दा पनि कम मूल्य दिई नेस्लेले शोषण गरेको आरोप ।

**डिसेम्वर २३, २००२ :** लाहोरमा आई एल ओका अभिसन्धि तथा देशको संविधानले दिएको आधारभूत मानवअधिकारसंग बाझ्ने औद्योगिक सम्बन्ध नियमावली २००२ को विरोधमा पाकिस्तान वर्कर्स कनफेडरेसनद्वारा देशव्यापि विरोध कार्यक्रम संचालन गर्ने घोषणा ।

**डिसेम्वर २९, २००२ :** इस्लामावादमा संघीय सूचना तथा संचार मन्त्री वाइस अहमद खान लेखारीद्वारा पाकिस्तानी दूरसंचार संस्थानमा काम गर्ने मजदुरहरूलाई लेअफ गर्न आफू सहमति नभएको जानकारी ।

## श्रीलंका

**डिसेम्वर २२, २००२ :** औषधि उपचारसंग सम्बन्धित कामदारहरूले गरेको हडतालको कारण श्रीलंकाको विभिन्न ठाउँको अस्पतालको सेवा प्रभावित ।

**प्रस्तुति : वृद्धि आचार्य**

# दुई महिनाको नेपाल
## (२०५९ कार्तिक १६ – २०५९ पुस १५)

**कार्तिक १६** : काठमाडौं स्थित मोभिरा म्यानपावर कम्पनी मार्फत संयुक्त अरव इमिरेट्सको अबुधावी पुगेका ९० नेपालीहरू कम्पनीले भनेको सुविधा नपाउँदा अलपत्र ।

: मुक्त कमैयाका बालबालिकाको लागि शिक्षा प्रदान गर्न अन्तरराष्ट्रिय श्रम संगठनले ४ करोड १२ लाख सहयोग उपलब्ध गराउने ।

**कार्तिक १७** : अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको अभियोगमा धमाधम मुद्दा दर्ता गराउन थालेपछि विशेष अदालतमा मुद्दाको चापले इजलास थप्न माग ।

: सेवा निवृत्त भारतीय सैनिक र तिनको परिवारको सम्पूर्ण स्वास्थ्योपचार खर्च भारत सरकारले व्यहोर्ने ।

**कार्तिक १८** : अख्तियार दुरूपयोग अनुसन्धान आयोगद्वारा भ्रष्टाचार गरेर अकुत सम्पत्ति कमाएको आरोप लागेका पूर्व मन्त्री चिरञ्जीवी वाग्लेद्वारा पार्टी उपसभापति पदबाट राजीनामा ।

**कार्तिक २२** : नेपाली माओवादीलाई भारतले सुपुर्दगी नगर्ने । शरणार्थीको मान्यता दिन उच्च आयोगको आग्रह विचाराधीन ।

**कार्तिक २३** : पक्राउ परेका नेपालका माओवादीहरूलाई उनीहरूको इच्छा विपरित नपठाउ भनेर भारतसंग प्रस्ताव राखेको शरणार्थी सम्बन्धी संयुक्त राष्ट्र संघीय उच्च आयोगको भारत हेर्ने नयाँ दिल्ली स्थित कार्यालयद्वारा स्वीकार ।

: नेपालमा माओवादी समस्या समाधानका लागि संयुक्त राष्ट्र संघ आवश्यक सहयोग गर्न तत्पर रहेको कुरा संयुक्त राष्ट्र संघका सहायक महासचिव कुलचन्द्र गौतमले बताउनु भएको ।

**कार्तिक २४** : शाही घोषणा र चन्द सरकारप्रति राजनीतिक दलहरूको तीव्र आक्रोश, प्रधानमन्त्रीको चियापान बहिष्कार, एमाले सरकारमा नजाने, जनमत संग्रहको लागि तयार ।

: माओवादीद्वारा अमेरिकी राजदूतावासका सुरक्षा सुपरभाइजर दिपक पोखरेलको गोली हानी हत्या ।

**कार्तिक २५** : माओवादीद्वारा दुई यात्रु वाहक बसमा आगजनी, पनौती विद्युत गृहमा आक्रमण, विद्युत आपूर्ति बन्द ।

**कार्तिक २८** : देशको विद्यमान विषम परिस्थितिको शान्तिपूर्ण निकासका लागि जमिनको यथार्थलाई अवमूल्यन नगरी राजनीतिक गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधान सभाको निर्वाचनको लागि तयार हुन देशका सबै राजनीतिक शक्तिसंग माओवादी नेता डा. बाबुराम भट्टराईद्वारा हस्ताक्षरित प्रेस विज्ञप्तिद्वारा आव्हान ।

**कार्तिक २६** : राष्ट्रिय सभाको बैठक बोलाउन सांसदहरूद्वारा माग ।

**कार्तिक २७** : उन्नाइस जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूको सरुवा ।

: अपरान्ह दैनिकका पत्रकार/संपादक टिकाराम राई प्रहरीद्वारा पक्राउ ।

**कार्तिक २९** : जुम्ला सदरमुकामको खलङ्गामा माओवादीद्वारा भिषण आक्रमण, ठूलो संख्यामा हताहतको आशंका ।

: बरिष्ठ मानव अधिकारवादी नेता हृषिकेश शाहको ७७ वर्षको उमेरमा कार्तिक २८ गते निधन ।

**कार्तिक ३०** : जुम्लाको खलङ्गामा माओवादीद्वारा गरिएको आक्रमणमा प्रमुख जिल्ला अधिकारी दामोदर पन्त, प्रहरी नायव उपरीक्षक शिव नारायण मण्डल सहित ३८ सुरक्षाकर्मीको निधन । पचपन्न माओवादीको शव प्राप्त ।

: गोरखा जिल्लाको ताकुकोटमा माओवादीद्वारा गरिएको आक्रमणमा २३ प्रहरीको मृत्यु ।

: माओवादीहरूद्वारा कलाकार संतोष पन्तलाई सेनाको जागिर छोड्न धम्की ।

: शरणार्थी बालबालिकाद्वारा संयुक्त राष्ट्र संघ समक्ष अपिल ।

**मंसीर १** : दक्षिण एशियाली मुलुकमा हिंसाका कारण प्रत्येक घन्टा २८ व्यक्तिको मृत्यु हुने गरेको कुरा संयुक्त राष्ट्र संघीय विश्व स्वास्थ्य संगठनका क्षेत्रीय निर्देशक उतोन मुत्तर रफेइको भनाइ सार्वजनिक ।

: जुम्लामा हराएका १८ प्रहरी सम्पर्क बाहिर, माओवादीको ७७ शव प्राप्त, ४ सर्वसाधारण र ३ कैदी मारिएको, २८ कार्यालय भवन ध्वस्त ।

**मंसीर २** : कतारको दोहामा कामको खोजीमा पुगेका दर्जनौं नेपालीहरु सम्झौता अनुसार काम नपाउँदा अलपत्र ।

: अन्तरराष्ट्रिय अपराध प्रहरी संगठन (इन्टरपोल) द्वारा माओवादी स्थायी समिति सदस्य कृष्णबहादुर महरा सहित थप तीन उच्च नेता विरुद्ध पक्राउ पूर्जी (रेड कर्नर नोटिस) जारी ।

**मंसीर ३** : श्री ५ बाट प्रधानमन्त्रीको 'सल्लाह' मा मन्त्रीपरिषद् विस्तारमा थपिएका तेह्र जनामध्ये १० जना नयाँ अनुहार, दलगत प्रतिनिधित्वलाई कम महत्त्व, प्रमुख राजनीतिक पार्टीहरू आक्रमक ।

: कूटनीतिक नियोग तथा दात्री समुदायले आफूहरू बहुदलीय प्रजातन्त्रको पक्षधर रहेको र नेपालले राजनीतिक सहमतिमा आधारित द्वन्द्वको समाधान खोज्नु पर्ने दृष्टिकोण राखेका ।

**मंसीर ४** : त्रुटि सच्याउन वा निर्वाचन घोषणा गर्न राजालाई एमालेको राष्ट्रिय कार्यकर्ता भेलाबाट एक महिने अल्टिमेटम, त्रुटी नसच्याए आन्दोलनमा उत्रने चेतावनी ।

**मंसीर ५** : प्रधान न्यायाधीशमा केदारनाथ उपाध्याय सिफारिस, कृष्णजंग रायमाझीद्वारा न्यायाधीश पदबाट राजीनामा ।

**मंसीर ६** : माओवादीले बालसेना प्रयोग गरेको बारे सुरक्षा परिषदको ध्यानाकर्षण ।

: राजापुर क्षेत्रमा सुरक्षा फौजले माओवादी विरुद्ध कारवाही चलाएपछि दोहोरो त्रासका कारण विस्थापन हुनेको संख्या वृद्धि, जसमा सेनाका मात्र ६० परिवार रहेको दावी ।

**मंसीर ७** : कार्य सम्पादन नियमावलीको संशोधन र प्रधानमन्त्रीको सल्लाहमा भएको मन्त्रिमण्डल विस्तार लगायतका घटनाक्रमले राजाबाट सरकारमा कार्यकारिणी अधिकार नआएको विचार राजनीतिक दलका नेताहरूद्वारा व्यक्त ।

: साउदी अरबका लागि हिंडेका ४२ नेपाली भारतमा लुटिए ।

: सैनिकलाई अत्याधुनिक हतियार दिइने, एसएलआरको सट्टा एम-१६ निजी प्रयोगमा आउने ।

**मंसीर ८** : ग्यासको प्रति सिलिण्डर १ सय र पेट्रोलको प्रति लिटर ६ रूपैया मूल्यवृद्धि, राजनीतिक संगठन र उपभोक्ताद्वारा विरोध ।


: अस्थायी कर्मचारी नियुक्ति गर्न निजामति सेवा ऐन संशोधन अध्यादेश ल्याउने सरकारद्वारा तयारी गरिरहेको जानकारी ।

**मंसीर ९** : आफ्नो सिफारिसमा सरुवा र पदस्थापन हुनुपर्ने डिआइजीहरूलाई अकस्मात गृह मन्त्रालयले सरुवाको जानकारी दिन निर्देशन आउँदा प्रहरी महानिरिक्षक आश्चर्यचकित ।

: नागरिक लगानी कोषको नयाँ योजना अनुसार संगठित क्षेत्र समेट्ने उपदान कोषको व्यवस्था गर्न लागेको जानकारी ।

**मंसीर १०** : दक्षिण एशियाली राष्ट्रका प्रमुख राजनीतिक पार्टीहरूद्वारा नेपालमा हालै विकसित राजनीतिक घटनाक्रमप्रति गम्भीर चासो प्रकट गर्दै निरंकुशता र तानाशाही पुनर्स्थापना आफूहरूलाई असहय हुने कुरा व्यक्त ।

: नेपाल सद्भावना पार्टीद्वारा सो पार्टीको महासचिव पदबाट हृदयेश त्रिपाठी निष्काषित । उक्त निर्णय अवैधानिक भएको त्रिपाठीको दावी ।




साभार: कान्तिपुर

**मंसीर ११** : नेपाली कांग्रेसको राष्ट्रव्यापी विरोध सभा सम्पन्न, जनअधिकार फिर्ता नभए राजसंस्था नरहने चेतावनी ।

: श्री ५ को सरकारद्वारा अनियमितता र भ्रष्टाचार रोक्न राष्ट्रिय सतर्कता केन्द्रको गठन ।

: माओवादी समस्या बारे वार्ताको सहजकर्ता तटस्थ विदेशी हुनु पर्ने धारणा श्रीलंकाली मध्यस्थकर्ताको रहेको ।

**मंसीर १२** : युद्धबन्दी बनाइएका गोरखा सैनिकलाई प्रति व्यक्ति १० हजार पाउण्ड क्षतिपूर्ति दिने वेलायती सरकारद्वारा निर्णय ।

: नेपाल अधिराज्यको संविधान बनेदेखि नै दरवारबाट उल्लंघन हुँदै आएको पूर्व प्रधान न्यायाधीश विश्वनाथ उपाध्यायद्वारा आरोप ।

**मंसीर १३** : राजदरवार सम्बन्धी नियमावली परिवर्तन, दरवारको बजेटमा शीर्षक हेरेफेर गर्दा स्वीकृति लिन नपर्ने ।

: प्रहरीका लागि हेलिकप्टर किन्ने निर्णय खारेज, भाडामा लिने र पहिला भन्दा सस्तो पाएको सरकारको दावी ।

**मंसीर १५** : माओवादीहरू आतंककारी होइनन्, टाउकोको मोल देउवा सरकारले तोकेको हो । यो कुरालाई नयाँ सरकारद्वारा अमान्य गृहमन्त्रीको भनाइ सार्वजनिक ।

**मंसीर १६** : संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्री कुवेर शर्माद्वारा दश अर्व भन्दा बढीको सम्पत्ति भएको राष्ट्रिय ध्वजावाहक शाही नेपाल वायुसेवा निगम डेढ अर्व रूपैयाँमा बिक्री गर्ने घोषणा ।

**मंसीर १७** : राजस्व अनुसन्धान विभागले प्रतितपत्र मार्फत विदेशी विनिमय अपचलन गरेको अभियोगमा कमल किशोर एण्ड ब्रदर्स कम्पनीका प्रोप्राइटर नन्दकिशोर राईसंग २ करोड ५० लाख रूपैयाँ धरौटी लिई अनुसन्धान शुरू ।

**मंसीर १८** : कमैया मुक्तिमा योगदान दिएको संस्था व्याकवार्ड सोसाइटी एजुकेशन (वेस) लण्डनमा "दासता विरुद्ध सम्मान" अवार्डद्वारा सम्मानित ।

: माओवादीद्वारा उच्चस्तरीय वार्ता टोली गठन, अन्य राजनीतिक कार्यकर्ता र भौतिक संरचना माथि आक्रमण नगर्ने घोषणा ।

**मंसीर २०** : राष्ट्रिय सभा प्रत्यायोजित व्यवस्थापन समितिको बैठक सम्पन्न, राजालाई अधिकार सुम्पिएको ठहर ।

: प्रधान न्यायाधीश केशवप्रसाद उपाध्यायको अनिवार्य अवकाशमा न्यायाधीश कृष्णजंग रायमाझीको राजीनामा ।

: माओवादीद्वारा इलाका प्रहरी कार्यालय लाहानमा आक्रमण र लाखौंको लुटपाट, ३ प्रहरीको मृत्यु ।

**मंसीर २१** : कमैया विरुद्धको संस्था वेसको कार्यालयमा माओवादीद्वारा आक्रमण, लाखौंको क्षति ।

**मंसीर २२** : उपत्यकाका सबै विद्यालय पाँच दिन बन्द गर्न प्याब्सनको आग्रह, माओवादी अखिलले माग पुरा नभए अनिश्चितकालीन हड्ताल गर्ने ।

**मंसीर २३** : तेह्रथुम सदरमुकाममा आगलागी, कम्तीमा ५० घर जलेर नष्ट, करोडौं धनसम्पत्ति नोक्सान ।

: श्री ५ द्वारा मन्त्री परिषदको कार्यान्वयन पक्ष बलियो बनाउन सुझाव ।

**मंसीर २४** : आयल निगम टाट उल्टिने स्थितिमा, चुहावट, अनियमितता र बढी अन्तरराष्ट्रिय मूल्यका कारण वार्षिक ३० करोड घाटा भएको सार्वजनिक ।

: भारतले सहभागिता निश्चित नगरेका कारण बाह्रौं सार्क सम्मेलन स्थगित ।

**मंसीर २५** : माओवादी समस्या समाधान गर्न संयुक्त राष्ट्र संघीय विकास कार्यक्रमका आवासीय प्रतिनिधि डा. हेनिङ कार्चरद्वारा ५ बुँदे सुझाव प्रस्तुत ।

: मुलुकका प्रमुख ५ पार्टीद्वारा राजाको प्रतिगमनकारी कदम विरुद्ध एक भई २०४६ सालको जनआन्दोलनको उपलब्धि रक्षाका लागि विरोध कार्यक्रमहरू तीव्रताका साथ अघि बढाउने उद्घोष ।

**मंसीर २६** : राप्रपाको महाधिवेशन पोखरामा शुरू ।

: गुडिरहेको यात्रु बसमा सशस्त्र प्रहरी गणको एरियाबाट गोली प्रहार हुँदा एकको मृत्यु ।

**पुस २९** : असोज १८ गतेको शाही कदम विरुद्ध नेकपा एमालेले सञ्चालन गरेको एक महिने जनसचेतनता कार्यक्रमको अन्त्यमा काठमाडौंमा विशाल जनऱ्याली र आमसभा सम्पन्न ।

**पुस १** : राष्ट्रिय प्रजातन्त्र पार्टीको महाधिवेशन सम्पन्न । बाह्र वर्षपछि नयाँ पुस्तामा नेतृत्व हस्तान्तरण, अध्यक्षमा पशुपतिसम्शेर जबरा निर्वाचित ।

**पुस २** : प्रधान न्यायाधीशद्वारा न्याय प्रशासनमा व्यापक सुधार गर्ने घोषणा, अनुगमनमा सर्वोच्चका न्यायाधीश खटाइने ।

: शनिग्रह पृथ्वीको सबभन्दा नजिक आइपुग्यो ।

**पुस ३** : दशौं पञ्चवर्षिय योजना पारित, गरिबी ३० प्रतिशतमा झार्ने मुख्य लक्ष्य ।

: पदीय अधिकार दुरूपयोग गरी ३ करोड भन्दा बढी रूपैयाँ आर्जन गरेको दावी गर्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोगद्वारा चिरञ्जीवी वाग्ले विरुद्ध मुद्दा दायर ।

: काम र सुरक्षाको खोजीमा एक महिनायता सीमावर्ती रूपेडिया नाकाबाट ६० हजार भन्दा बढी सर्वसाधारण भारत पसेको जानकारी ।

**पुस ४** : माओवादी हत्या, हिंसा, आतङ्कको डरले विस्थापित जनताको संख्या करिब डेढ लाख भएको गृहमन्त्रालयको दावी ।

**पुस ५** : नेकपा (एमाले) द्वारा पार्टीको सातौं महाधिवेशन माघ १८ देखि २२ सम्म जनकपुरमा हुने घोषणा ।

: सरकार र माओवादी शान्तिवार्ता भंग भए पश्चात संकटकाल लागू गरिएयता दुवै पक्षबाट मानव अधिकार अकल्पनीय रूपमा हनन भएको मानव अधिकारवादी संस्था एमनेस्टी इन्टरनेशनलको रिपोर्ट प्रकाशित ।

: सरकारले संविधानको मर्म विपरित धमाधम अध्यादेश जारी गर्न थालेकोमा राष्ट्रिय सभा सदस्यहरूद्वारा गम्भीर आपत्ति व्यक्त ।

**पुस ६** : भारतमा प्रतिबन्धित सशस्त्र कम्युनिस्ट समूह एमसीसी र पीडब्लूजीका लडाकुहरू मध्य पश्चिमी पहाडका माओवादी सैन्य तालिम शिविरमा आइरहेको भारतीय राजदूत श्याम शरणद्वारा स्वीकार ।

: प्रमुख दाता विश्व बैंकले एक वर्षयता आर्थिक सुधार कार्यक्रम कार्यान्वयन गतिशील भएको जनाउँदै मध्यम तहको ऋण सहयोग पाउने सूचीमा नेपाललाई राखेको ।

**पुस ७** : बाणिज्य बैंक करार प्रक्रियामा प्रमुख कार्यकारीमा अमेरिकी नागरिक ब्रुस हेन्डरसनलाई जिम्मेवारी दिने गरी सम्झौता सम्पन्न ।

**पुस ८** : माओवादीका तर्फबाट वार्ताको औपचारिक प्रस्ताव आए सरकार सकारात्मक कदम चाल्न तयार रहेको कुरा प्रधानमन्त्रीद्वारा व्यक्त ।

: उखुको मूल्य निर्धारणमा ढिलासुस्ती गरेको कारण उखु उत्पादक किसानहरू आन्दोलनमा ।

**पुस ९** : माओवादी समस्याको निकास नभए पनि चुनाव गर्न सकिने कुरा प्रधानमन्त्रीद्वारा सार्वजनिक ।

: माओवादी विद्यार्थी संगठनद्वारा उपत्यकामा चलिरहेको अनिश्चितकालीन विद्यालय-हडताल फिर्ता ।

**पुस १०** : माओवादी अध्यक्ष प्रचण्ड र संयुक्त क्रान्तिकारी जनपरिषद्का संयोजक बाबुराम भट्टराईद्वारा विज्ञप्ति प्रकाशित गर्दै सरकार विरुद्ध आन्दोलन गर्न दलहरूलाई आव्हान गरिएको र श्री ५ को नागरिक अभिनन्दनको दिन मेची-कोशी बन्दको घोषणा ।

**पुस ११** : विडबण्डका सन्दर्भमा कान्तिपुर टेलिभिजनका निर्देशक कैलाश सिरोहिया थुनामा ।

: पूर्वमन्त्री चिरञ्जीवी वाग्ले अदालतको माग बमोजिम ३ करोड ३० लाख रूपैयाँको धरौटी बुझाएर रिहा ।

**पुस १२** : नुवाकोटको काउले स्थित गुम्बो डाँडामा गत महिना सुरक्षा फौजद्वारा कारवाहीमा मारिएका ५ किशोर निर्दोष रहेको सेनाद्वारा स्वीकार ।

: राजधानीको डिल्लीबजार स्थित व्यस्त सडकको बाटुलेघरमा बम विस्फोट, दर्जनौं घाइते, लाखौंको क्षति ।

**पुस १४** : माओवादीको संयुक्त क्रान्तिकारी जनपरिषदको केन्द्रीय सदस्यबाट केही समय अघि विद्रोह गरी अलग भएका मुक्ति प्रधानद्वारा संविधान सभाबाट मुलुकमा विद्यमान समस्याको समाधान नहुने भनाइ व्यक्त ।

: बेल्जियमबाट दुई साताअघि नेपालतर्फ ल्याइएको हतियार भारतद्वारा रोकिएपछि अझै पनि कजाखस्तानमै रहेको ।


: उपन्यासकार दौलत विक्रम विष्टको निधन ।

**पुस १५** : माओवादीबाट सकारात्मक पहल भए बन्दीको स्थिति सार्वजनिक गर्न सरकार तयार भएको प्रधानमन्त्रीको भनाइ ।

: नयाँ प्रहरी महानिरिक्षकमा श्यामभक्त थापाको बहाली ।

: कञ्चनपुर जिल्लाको दक्षिणी भागमा रहेको लक्ष्मीपुर फठियाको जग्गा खाली गर्न भारतीय सुरक्षाकर्मीद्वारा नेपाली किसानलाई धम्की ।

**प्रस्तुति : विदुर कार्की**



# कस्तो सामाजिक सुरक्षा प्रणाली व्यवहारिक होला ?

रमेश बडाल

सामान्य अर्थमा दु:खमा परेका वा समस्याग्रस्त आफ्ना सदस्यलाई सामाजिक रूपमा गरिने संरक्षण नै सामाजिक सुरक्षा हो ।

आय आर्जन गर्न नसक्ने अवस्थामा आफू र आफ्नो परिवारको जिविकोपार्जन गर्नका लागि आयको निरन्तरताको सुरक्षा नै श्रमिकको लागि सामाजिक सुरक्षा हो ।

हाम्रो देशमा सामाजिक सुरक्षा सम्बन्धी कानूनी व्यवस्था न्यून छ । जति छ, त्यो पनि छरिएर रहेको छ । हाल श्रमकानूनमा छरिएर रहेको सामाजिक सुरक्षा सम्बन्धी प्रावधानहरूको वास्तविक रूपमा कार्यान्वयन हुन सकेको छैन । यसले सबै किसिमका श्रमिकलाई समेटेको पनि छैन । जसलाई समेटेको छ त्यहाँ पनि विवाद रहित अवस्था छैन । उदाहरणको लागि उपदानको निर्धारणमा पर्ने गरेको विवाद र उपदानकोष सृजना गर्नमा रहेको कानूनी अनिश्चितताले श्रमिकलाई मात्र होइन व्यवसायीमा पनि जटिलता थपिदिएको छ ।

यसमा पनि कर कानूनले उपदान तथा संचयकोष लगानीलाई नकारात्मक असर पारेको छ । त्यसैले सुरक्षित र थोरै योगदानबाट धेरै किसिमको सुविधा दिन सकिने एकीकृत सामाजिक सुरक्षा प्रणालीको स्थापना हुनु अनिवार्य भएको छ ।

**के हो त एकीकृत सामाजिक सुरक्षा प्रणाली ?**

विद्यमान कानूनमा रहेका सामाजिक सुरक्षा, श्रमिक कल्याण जस्ता छरिएर रहेका विषयलाई एउटै ठाउँमा राखी एकीकृत रूपमा सुविधा प्रदान गर्ने प्रणालीलाई एकीकृत सामाजिक सुरक्षा प्रणाली भनिएको हो ।

हाल विभिन्न कानुनमा छुट्टा-छुट्टै तरिकाबाट केही सुविधाको व्यवस्था गरिएको छ । तर, त्यसको फाइदा अधिकांशले उपभोग गर्न सकेको छैनन् । यसको कारण भनेको विकेन्द्रित र अव्यवस्थित प्रणाली नै हो ।

उदाहरणका लागि श्रम ऐनमा उपदान, संचयकोष, क्षतिपूर्ति पाउने व्यवस्था छ । तर, त्यसको काम एकै स्थानबाट गर्न सकिंदैन । यी सबै व्यवस्थापकीय झन्झटलाई टार्न र ती सबै रकम एकीकृत रूपमा जम्मा गर्ने र एकीकृत रूपमा सुविधा दिने व्यवस्था हुनु पर्छ । यसरी नै, हाल राष्ट्रिय कल्याणकारी कोष र वासस्थान कोषका रकम पनि एउटै स्थानमा राखी वृहत्तर श्रमिक कल्याणको योजनालाई एकीकृत प्रणालीबाट सञ्चालन गर्न सकिन्छ ।

एकीकृत सामाजिक सुरक्षा प्रणालीबाट योगदान र सुविधा एकीकृत प्रणालीबाटै हुन्छ । संचयकोष, उपदानको वर्षेनी हिसाब गर्नु पर्ने र त्यसको व्यवस्थापन गर्ने झन्झटबाट व्यवस्थापन पक्ष मुक्त हुन्छ । व्यवसाय घाटामा जाँदा वा लिक्वीडेशनमा जाँदा पनि सामाजिक सुरक्षा बापत श्रमिकलाई थप भुक्तानी गर्ने दायित्वबाट व्यवस्थापन पक्ष मुक्त हुन्छ । अर्कातिर, श्रमिकहरूलाई उद्योग छोड्दा वा उद्योग घाटामा जाँदा रोजगारी बाहेक अन्य कुरामा असुरक्षा हुँदैन । थोरै लगानीबाट धेरै किसिमका सुविधा पाउन सकिने कर कानूनको परिवर्तनले हाल पारेको नकारात्मक असरबाट सबै मुक्त हुन सक्दछन् । यो व्यवस्थापनबाट नियमित अनुगमन गर्न र कार्यान्वयन गर्न सजिलो हुन्छ ।

**समेट्नु पर्ने क्षेत्र**

सामाजिक सुरक्षा कोषले सबै किसिमका कामदार-कर्मचारीलाई समेट्नु पर्दछ । यसले एक जना मात्र काम लगाउने प्रतिष्ठानदेखि लिएर स्वरोजगारलाई समेत समेट्ने व्यवस्था मिलाउनु पर्छ । यसरी हेर्दा सामाजिक सुरक्षाको घेराभित्र निजी क्षेत्रका श्रमिकका अतिरिक्त निजामति लगायत सबै क्षेत्रलाई समेट्ने गरी संचालन गर्नु उपयुक्त हुन्छ । बीमाको दायरा जति ठूलो बढ्छ उति नै बढी सुविधालाई कार्यान्वयन गर्नु सम्भव हुन्छ । यस हिसाबले निम्न क्षेत्रलाई सामाजिक सुरक्षाको संयन्त्र भित्र ल्याउन सकिन्छ :

- सबै प्रतिष्ठानहरू
- निजामति कर्मचारी
- शिक्षक/प्राध्यापक
- स्थानीय निकायका कर्मचारी
- श्री ५ को सरकारका पूर्ण वा आंशिक स्वामित्व भएका प्रतिष्ठान तथा स्वशासित संगठित संस्थाहरू
- विभिन्न गैरसरकारी संस्थामा कार्यरत श्रमिकहरू
- यातायात लगायत कृषि र निर्माण, असंगठित क्षेत्रका श्रमिकहरू

**सामाजिक सुरक्षा कोषको संचालन**

सबै किसिमको सुविधालाई एकीकृत रूपमा प्रदान गर्ने र सबै श्रमिकको सामाजिक सुरक्षा बीमालाई समेट्ने ट्रस्टको रूपमा सामाजिक सुरक्षा कोष स्थापना गर्नु पर्छ । कोषको संचालन कसरी र कसले गर्ने भन्ने प्रश्न ज्यादै महत्त्वपूर्ण हुन्छ । कोष संचालनका लागि छुट्टै स्वशासित संस्था स्थापना हुनु पर्छ । त्यसको संचालनका लागि श्री ५ को सरकार, श्रमिक र उद्योगीहरूका अतिरिक्त त्यस विषयमा विज्ञ व्यक्तिहरू समावेश भएको सामाजिक सुरक्षा परिषद वा समिति बनाउन सकिन्छ । यसको मातहतमा कोष संचालन गर्ने कार्यकारी अधिकार भएको संयन्त्र निर्माण गर्नु पर्छ ।

सामाजिक सुरक्षा कोषले दिने सुविधाहरू सबै नै त्यसको आयमा भर पर्ने भएकोले यो सबैको योगदानमा आधारित हुनु पर्छ । कोषको स्रोतलाई निम्न अनुसार अनिवार्य गर्न सकिन्छ :

## सामाजिक सुरक्षा सम्बन्धि भारतीय अनुभव

भारतमा सामाजिक सुरक्षालाई व्यवस्थित गर्न ५ प्रकारका कानुन रहेका छन् । यी कानूनहरूमध्ये कर्मचारी बीमा कानून लागू भएका व्यक्तिलाई वर्कर्स कम्पेन्सेसन एक्ट र मेटरनिटी एक्ट लागू हुँदैन । बीमा योजनाभित्र उपदान, संचयकोष वा पेन्सनलाई समावेश गरिएको छैन । भारतको कानूनले श्रमिकलाई सामाजिक सुरक्षाको लागि कर्मचारी बीमा योजना आजभन्दा पचास वर्ष अगाडि नै शुरू गरेको हो । उक्त बीमाका लागि हाल श्रमिकको आफ्नो तलबबाट १.७५ प्रतिशत र व्यवस्थापनको पक्षबाट ४.७५ प्रतिशत योगदान हुने गरेको छ । र, त्यस बापत निम्न सुविधा प्रदान गर्ने गरेको छ :

- बिरामी बिदा बापतको रकम
- औषधि उपचार व्यवस्था
- प्रसुती बिदा र प्रसुती सुविधा
- अशक्ततावस्था वृत्ति
- सन्तती वृत्ति
- काजक्रिया खर्च

भारतको यस कानून अनुसार ६ हजार मासिक तलब खाने व्यक्ति सम्मको बीमा गरिन्छ र सुविधा दिइन्छ । बेसिक तलबमा भर पर्ने नभई भत्ता समेत जोडी हिसाब गरिन्छ ।

यस बाहेक, संचयकोष कानून अनुसार श्रमिकले तलबको १२.५ प्रतिशत र रोजगारदाताले १२.५ प्रतिशत योगदान गर्नु पर्छ । जसमध्ये ८.३३ प्रतिशत रकम पेन्सन योजनामा पठाइन्छ । र, संचयकोषमा रकम जम्मा गरे बापत जीवन बीमाको व्यवस्था छ ।

उपदान रकम भने भारतीय जीवन बीमा निगममा बीमा गर्नुपर्ने अनिवार्य व्यवस्था गरिएको छ ।

- श्रमिकको ज्यालाबाट काटिने रकम
- रोजगारदाताको आम्दानीबाट थपिने रकम
- राज्यको ढुकुटीबाट सरकारले थप्ने रकम
- कोषको रकम लगानीबाट प्राप्त हुने नाफा
- कोषले गर्ने दण्ड-जरिवानाबाट प्राप्त हुने रकम
- अन्य सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने सहयोग

**कसले कति योगदान गर्ने ?**

योगदान कति गर्ने भन्ने विषय विवादको प्रमुख विषय हुन सक्ला । यसका लागि हाल संचयकोष, ग्रेड, उपदान, क्षतिपूर्ति आदिमा गरिने योगदानलाई आधार मान्न सकिन्छ । यसैको आधारमा श्रमिक र व्यवसायी दुवै पक्षको योगदानको दर निर्धारण गर्न सकिन्छ । उदाहरणको लागि हाल श्रमिकको संचयकोषमा तलबको १० प्रतिशत काटिन्छ । व्यवसायी पक्षको संचयकोषमा १० प्रतिशत, उपदानमा ८.३३ प्रतिशत र औषधि उपचार, क्षतिपूर्ति जस्ता विषयमा ५-७ प्रतिशतसम्म रकम खर्च हुन्छ । यसरी हेर्दा व्यवसायीको योगदान २३.३३ देखि २५.३३ प्रतिशतसम्म हुने गरेको देखिन्छ । हाल सरकारको योगदान शून्य छ । यो उपयुक्त होइन । सरकार एकातिर सबैभन्दा ठूलो रोजगारदाता हो र अर्कातिर जनताप्रति उसको सबैभन्दा ठूलो जिम्मेवारी हुनुपर्छ । त्यसैले सरकारको कम्तीमा पनि व्यवसायी सरह योगदान हुनु पर्छ । यस किसिमबाट हेर्दा वर्तमान अवस्थामा श्रमिक, व्यवसायी र सरकारको योगदानको अनुपात श्रमिकको एक रूपैयाँ भए सरकार र रोजगारदाताको दुई रूपैंयाँ ५० पैसा हुनु पर्छ ।

यस्तो सामाजिक सुरक्षा प्रणालीलाई कार्यान्वयन गर्न श्रमिक दर्ता गरी दर्ता नम्बर प्रदान गरिनु पर्छ । त्यस्तो दर्ता नम्बर एउटा श्रमिकको जीवनकालभरी एउटै हुने व्यवस्था मिलाउनु पर्छ । यसरी श्रमिकलाई दर्ता गरे पश्चात् त्यस्तो श्रमिक जहाँ काम गरे पनि सामाजिक सुरक्षा खाता भने एउटै बनाउन सकिन्छ । श्रमिक दर्ता श्रम कार्यालय र स्थानीय निकायमा गर्न सकिन्छ ।

**रकमको संकलन कसरी गर्ने ?**

रकमको संकलन, सुविधाको वितरण र अनुगमन जस्ता विषयहरू कोष संचालनका मूल चुनौती हुन् । श्रमिकको पारिश्रमिक भुक्तानी गर्ने बेलामा उसको योगदानको हिस्सा काट्ने र त्यसमाथि आफ्नो दायित्व थपेर रोजगारदाताको रकम जम्मा गर्न सकिन्छ । यसका लागि कोषले मूल औद्योगिक शहरमा आफ्नै शाखा स्थापना गर्नु पर्छ । गाविस/नपा/जिविस जस्ता स्थानीय निकाय मार्फत् पनि रकम संकलन गर्न सकिन्छ । यस बाहेक, अन्य स्थानमा भने आफ्नो एजेन्ट नियुक्त गरेर नियमित खर्चलाई कटौती गर्न सकिन्छ । यसका लागि स्थानीय बैंक, वित्तीय संस्था, बीमा कम्पनी वा अन्य संगठित संस्थालाई अनुमित दिने व्यवस्था

## ध्यान दिनै पर्ने विषयः कल्याणकारी कोष

कल्याणकारी कोष संवन्धि दुई प्रकारको व्यवस्था छ । पहिलो, श्रमऐन २०४८ अनुसार प्रतिष्ठान स्तरमा खडा गर्नु पर्ने कल्याणकारी कोष र दोस्रो, बोनस ऐन २०३० बमोजिम श्री ५ को सरकारले गठन गर्ने राष्ट्रिय स्तरको कल्याणकारी कोष ।

यी दुवै कोषको स्रोत प्रतिष्ठानहरू नै हुन् ।मुनाफा गर्ने प्रत्येक प्रतिष्ठानले प्रत्येक आर्थिक वर्षमा गरेको खुद मुनाफाको दश प्रतिशत बराबरको रकम कर्मचारीहरूलाई बोनस बापत छुट्याउनु पर्छ । तर, पाउने बोनसको अधिकतम हद निर्धारण गरिएको छ । निर्धारित अधिकतम हदभन्दा बढी भएको रकम मध्ये ७० प्रतिशत रकम सम्बन्धित प्रतिष्ठानको प्रतिष्ठानस्तरीय कल्याणकारी कोषमा जम्मा गरिन्छ । बाँकी ३० प्रतिशत रकम बोनस वितरण गरेको एक महिना भित्र सम्बन्धित प्रतिष्ठानले राष्ट्रिय कल्याणकारी कोषमा जम्मा गर्नुपर्छ ।

यस्ता कोषको रकम केमा खर्च गर्न पाउने, त्यसको व्यवस्था पनि ऐनले नै तोकेको छ । प्रतिष्ठान तहको कोषको खर्च व्यवस्थापन र निर्णय श्रम सम्बन्ध समितिले गर्छ ।

**राष्ट्रिय कल्याणकारी कोष** २०५६ माघ २४ गतेबाट संचालनमा आएको हो । राष्ट्रियस्तरको कल्याणकारी कोषको गठन श्रम मन्त्रालयको सचिवको अध्यक्षतामा बराबरको संख्यामा सरकार, उद्योग बाणिज्य महासंघ र ट्रेड यूनियन महासंघका प्रतिनिधिहरू सदस्य रहने गरी गठन गरिएको छ । यो कोषको संचालन **कल्याणकारी समिति**ले गर्छ । यसको रकम कुनै बैंकमा राखिन्छ र श्रमिक प्रतिनिधि समेतको हस्ताक्षर हुने गरी कुनै दुई पदाधिकारीको संयुक्त दस्तखतबाट खाता संचालन गर्नु पर्ने व्यवस्था छ । हाल जिफण्टले राष्ट्रिय परिषद सदस्य तुलसी शिवाकोटीलाई आफ्नो तर्फबाट खाता संचालक तोकेको छ ।

कोषको रकम- प्राकृतिक प्रकोपबाट पीडित श्रमिक वा निजको परिवारलाई आर्थिक सहयोग प्रदान गर्न, श्रमिकको बालबच्चाको शैक्षिक विकासका लागि विद्यालयको स्थापना र संचालन गर्न, उनीहरूका जेहेन्दार बालबच्चालाई छात्रवृत्ति प्रदान गर्न, परिवारको स्वास्थ्य उपचार केन्द्र स्थापना र संचालन गर्न, उनीहरूको परिवारका सदस्यलाई लागेको गम्भीर प्रकृतिको रोगको उपचार गर्न, शिशुस्याहार केन्द्र स्थापना र संचालन गर्न, आवास क्षेत्र विकास गर्न, निर्व्याजी र सहुलियत दरमा ऋण उपलब्ध गराउन, आर्जनका कार्यक्रम संचालन गर्ने जस्ता कार्यमा खर्च गर्न सकिन्छ ।

अहिले सम्म कोषमा १२ करोड भन्दा बढी रकम जम्मा भई सकेको छ । तर, कोषको रकम कुन बैंकमा जम्मा गर्ने, कुन शीर्षकमा कसरी खर्च गर्ने जस्ता विषयमा कुनै ठोस योजना बन्न सकेको छैन । यसरी नै केन्द्रमा पठाउनु पर्ने रकम नपठाउने कतिपय प्रतिष्ठानलाई के गर्ने र कुन हद सम्मका कामदार-कर्मचारीले यो कोषबाट सुविधा पाउने भन्ने विषय पनि अनुत्तरित नै छ ।




























मिलाउन सकिन्छ । यसबाट सामाजिक सुरक्षा संचालनमा निजी क्षेत्रको सहभागिता बढाउन मद्दत पुग्छ ।

**कस्तो सुविधा प्रदान गर्ने**

आर्थिक संकलनको अवस्था र कोषको सदस्यताका आधारमा संभव नहुन सक्छ । यसका लागि वर्तमान अवस्थामा निम्न सुविधा प्रदान गर्न सकिन्छ :

**बिरामी बिदा** : हाल उद्योगले बिरामी बिदा दिएकोमा बिरामी बापतको बिदाको विद्यमान व्यवस्था कायम गरी थप अवधि अस्पतालमा वा बाहिर उपचार गर्दा सो बिदाको रकम कोषले व्यहोर्ने व्यवस्था गर्ने ।

**उपचार खर्च** : यस अन्तर्गत प्रत्येक विमित सदस्यको उपचारको व्यवस्था गर्नु पर्छ । उपचारका लागि कोषले विभिन्न स्थानमा आफ्नै अस्पताल बनाउन वा स्थानीय अस्पताल, नर्सिङ होमलाई सम्बन्धन दिएर उपचार प्रदान गर्न सक्छ । यस्तो उपचारको व्यवस्था विमितका अतिरिक्त निजको दम्पत्ति, बाबुआमा, छोराछोरीका लागि क्रमश: विस्तार गर्नु पर्छ ।

कामको दौरानमा भएको चोटपटकलाई मात्र उपचारमा नसमेटी व्यवसायजन्य सुरक्षा र स्वास्थ्यका विषय र अन्य अवस्थालाई समेत समट्ने व्यवस्था मिलाउनु पर्छ ।

**प्रसुती बिदा र प्रसुती खर्च** : हाल रहेको प्रसुती बिदाको अवधिलाई बढाई आइएलओको अभिसन्धि नम्बर १८३ अनुकूल बनाई सो बिदाको रकम, प्रसुती उपचार खर्च र सुत्केरी खर्च समेतको प्रसुती सुविधाको व्यवस्था महिला वा पुरुष दुवैलाई गर्न सकिन्छ ।

**अशक्तवृत्ति** : कामको सिलसिलामा वा अन्य जुनसुकै कारणबाट भएको दुर्घटनाले गर्दा कुनै श्रमिकको अंगभंग भई वा अन्य कारणले अशक्त भएमा त्यस्तो अशक्तता/असक्षमताको प्रतिशतका आधारमा सुविधा दिने व्यवस्था गर्नु पर्छ । यस्तो अशक्तवृत्तिको निर्धारण गर्दा उमेर, असक्षमताको प्रतिशत र पारिश्रमिकलाई विचार गर्नु पर्छ । यस्तो वृत्ति एकमुष्ठ भन्दा पनि मासिक रूपमा दिने व्यवस्था हुनु पर्छ ।

**आश्रित वृत्ति** : कुनै विमित व्यक्तिको मृत्युको कारणबाट निजको परिवारका सदस्य असहाय नहोस् भन्नाका लागि आश्रित वृत्तिको व्यवस्था गर्न सकिन्छ । यस्तो आश्रितवृत्ति एकमुष्ठ वा मासिक रूपमा दिन सकिन्छ ।

**संचयकोष, उपदान र पेन्सन** : सामाजिक सुरक्षाको वर्तमान अवस्थामा उपदान र संचयकोषलाई तत्काल व्यवस्थित गर्दै भविष्यमा पेन्सन योजनाको विस्तार गरिनु पर्छ ।

**अनुगमन कसले र कसरी गर्ने ?**

विद्यमान श्रम कानूनमा भएको सामाजिक सुरक्षा सम्बन्धी प्रावधानको कमजोरी भनेको त्यसको अनुगमनको अभाव र कार्यान्वयनमा भएको त्रुटी नै हो । त्यसैले सामाजिक सुरक्षा कानूनको कार्यान्वयनका लागि अनुगमन गर्ने, पालना नगर्ने उपर जहिले सुकै सम्बन्धित व्यक्ति वा यूनियनले उजुर गर्न सक्ने व्यवस्था गरिनु पर्छ । अनुगमन गर्ने निकाय त्रिपक्षीय संयन्त्र पनि हुन सक्छ । र त्यसको लागि उच्च निकाय वा अदालतबाट पनि प्रत्यक्ष आदेश गर्न सक्ने व्यवस्था मिलाउन पनि सकिन्छ । यस्तो सामाजिक सुरक्षा कार्यान्वयनका लागि कोषको स्थानीय निकाय वा प्रतिनिधिलाई विभिन्न प्रकारको जरिवाना गर्ने, कैदसम्म गर्न सक्ने अधिकार हुनु पर्छ ।

**अन्त्यमा**

सामाजिक सुरक्षा कोषको निर्माण पश्चात् हालसम्मको व्यवस्थालाई के गर्ने भन्ने प्रश्न पनि उठ्न सक्छ । यसका लागि कोष आफैले विद्यमान निकायलाई आफ्नो प्रतिनिधि बनाई काम गर्न दिएमा बाहेक सबै रकम कोषमा सार्ने व्यवस्था गर्न सकिन्छ । नयाँ योगदानको दरका आधारमा जम्मा भएको उपदान संचय कोष आदि सामाजिक सुरक्षा कोषमा समायोजन गर्न सकिन्छ ।

# श्रमिकको सामाजिक सुरक्षाको लागि कानूनी व्यवस्था: विगत र वर्तमान

**नेपाल कारखाना तथा कारखानामा काम गर्ने मजदुर सम्बन्धी ऐन–२०१६** र **नियमावली–२०१९** ले सामाजिक सुरक्षाका केही प्रावधानको व्यवस्था गरेको थियो । उक्त कानूनी व्यवस्था अनुसार १५ दिन आधा तलबी बिरामी बिदा र ४५ दिन तलबी सुत्केरी बिदा पाउने व्यवस्था गरियो तर त्यस्तो अवस्थामा थप उपचार खर्च दिने व्यवस्था गरिएको थिएन । त्यसरी नै, काम गर्दा गर्दै चोटपटक लागेमा उपचारमा बस्नु परेको दिनको आधा तलब क्षतिपूर्ति पाउने व्यवस्था गरियो । अंगभंग भएको अवस्थामा भने बढीमा तीन वर्षको तलब बराबर क्षतिपूर्ति दिने व्यवस्था भयो । मृत्यु भएको अवस्थामा भने आश्रितलाई दुई वर्ष बराबरको तलब क्षतिपूर्ति दिने व्यवस्था मिलाइएको थियो ।

यसरी नै पाँच वर्ष सेवा गरेपछि उपदान र शुरूदेखि नै संचयकोषको व्यवस्था गरिएको थियो । यद्यपि, शुरूमा राखिएको पेन्सन सम्बन्धी व्यवस्था कार्यान्वयनमै आएन ।

**श्रम ऐन–२०४८** लागू भए पछि **श्रम नियमावली–२०५०** मार्फत् ऐनमा रहेका प्रावधानलाई केही स्पष्ट गर्ने काम भयो । तर चियाबगान सम्बन्धी श्रम नियमावलीले भने चिया श्रमिकलाई प्रदान गर्ने सामाजिक सुरक्षामा आधारभूत परिवर्तन ल्याउन सकेन ।

प्रतिष्ठानको काम गर्दा गर्दै चोटपटक लागेमा उपचार गराउँदा लाग्ने सम्पूर्ण खर्च व्यवस्थापनले व्यहोर्नु पर्दछ । र, सो अवधिमा बिदामा बस्दा अस्पतालमा बसेको अवधिको पुरा र घरमा बसी उपचार गर्दा आधा पारिश्रमिक दिनु पर्छ । तर, एक वर्ष भन्दा लामो समय उपचार गर्नु पर्दा भने पारिश्रमिक दिनु नपर्ने व्यवस्था गरिएको छ ।

अंगभंग भएको अवस्थामा भने अशक्तता प्रतिशतका आधारमा बढीमा पाँच वर्षको पारिश्रमिक (चिया बगानमा चार वर्ष) क्षतिपूर्ति वापत पाउने व्यवस्था छ । मृत्यु भएको अवस्थामा भने हकवालालाई तीन वर्षको पारिश्रमिक एकमुष्ठ दिने व्यवस्था गरिएको छ ।

यसरी नै संचयकोषमा श्रमिकको तलबबाट १० प्रतिशत रकम कट्टी गरी रोजगारदाताले १० प्रतिशत नै थप गरी जम्मा

## निजी क्षेत्रमा सामाजिक सुरक्षा व्यवस्था

| क्र.सं. | विषय | सुविधाहरू |
|---|---|---|
| १ | मातृत्व संरक्षण | सेवा अवधिमा २ पटक ५२ दिनको तलबी बिदा<br>चिया बगानमा २ पटक ४५ दिनको तलबी बिदा |
| २ | काम गर्दा गर्दै चोटपटक | डाक्टरी प्रमाणपत्रको आधारमा पुरा उपचार खर्च<br>अस्पताल भर्ना भएमा तलबी बिदा<br>अस्पताल भर्ना नभएमा आधा तलबी बिदा |
| ३ | कामको दौरान दुर्घटना | अंगभंग भएमा अंगभंगको अवस्था हेरी ५ वर्षसम्मको तलब (चिया बगानमा ४ वर्षसम्मको)<br>कामदार क्षतिपूर्ति व्यवस्था अनुसार क्षतिपूर्तिको विस्तृत व्यवस्था |
| ४ | काममा दुर्घटनाले मृत्यु भएमा वा आजीवन अपांग भएमा | नजिकको हकवालालाई ३ वर्षको तलब ˙ परिवारको १ जनालाई रोजगारीमा प्राथमिकता |
| ५ | स्वेच्छिक अवकाश | अवकाश सुविधा<br>०३-०७ वर्ष सेवा अवधि - प्रत्येक सेवा वर्षको आधा महिनाको तलब<br>१०-१५ वर्ष सेवा अवधि - प्रत्येक सेवा वर्षको २० दिनको तलब<br>१५ वर्षभन्दा बढी सेवा अवधि - प्रत्येक सेवा वर्षको १ महिनाको तलब<br>चिया-बगानमा<br>०४-१० वर्ष सेवा अवधि - प्रत्येक सेवा वर्षको १० दिनको तलब<br>०७-१५ वर्ष सेवा अवधि - प्रत्येक सेवा वर्षको १५ दिनको तलब<br>१५ वर्षभन्दा बढी सेवा अवधि - प्रत्येक सेवा वर्षको १ महिनाको तलब |
| ६ | वृद्धावस्था | संचय कोष - मासिक तलबको १० प्रतिशत श्रमिकबाट ˙ १० प्रतिशत रोजगारदाताबाट जम्मा गरी चक्रवृद्धि व्याज सहित जोड्ने<br>चिया बगान<br>मासिक तलबको ५ प्रतिशत श्रमिकबाट ˙ ५ प्रतिशत रोजगारदाताबाट जम्मा गरी चक्रवृद्धि व्याज सहित जोड्ने |
| ७ | बिरामी | प्रतिवर्ष १५ दिनको तलबी बिदा |
| ८ | औषधोपचार | प्राथमिक उपचार<br>बोनस ऐन अन्तर्गतको कल्याणकारी कोषबाट क्षतिपूर्ति<br>कोषबाट परिवारका अन्य सदस्यलाई पनि दुर्घटना र बिरामी हुँदा राहत व्यवस्था |

गर्नु पर्छ । (चियाबगानको हकमा ५ प्रतिशत कट्टी गरी ५ प्रतिशत नै थप गर्ने व्यवस्था छ) तीन वर्ष (चिया बगानमा चार वर्ष) वा सोभन्दा बढी सेवा गरे पछि उपदान दिनु पर्ने व्यवस्था गरिएको पाइन्छ) र, उपदान रकम उपदान कोषमा जम्मा गर्नु पर्ने व्यवस्था ऐनमा गरिएको छ ।

त्यसरी नै, वर्षमा १५ दिन आधा तलबी बिरामी बिदा र ५२ दिन (चियाबगानमा ४५ दिन) प्रसुती बिदाको व्यवस्था गरिएको पाइन्छ ।

यस बाहेक, प्रतिष्ठानबाट श्रमिक कटौती गर्दा एक वर्ष सेवा बापत एक महिनाको पारिश्रमिक क्षतिपूर्ति दिने व्यवस्था वेरोजगारी भत्ता जस्तै हो । तर, उपदान लिएमा क्षतिपूर्ति नपाउने गरिएबाट यसको पनि उचित प्रयोग भएको छैन ।

विद्यमान सुविधामध्ये संचयकोष बाहेक यी सबै सुविधाहरू व्यवस्थापनमा मात्र निर्भर रहने गरेका छन् । श्रम क्षेत्रमा त संचयकोष प्राप्त गर्न समेत समस्या उत्पन्न हुने गरेको छ ।

**अन्य कानूनमा रहेको सामाजिक सुरक्षा सम्बन्धी प्रावधानहरू**

सामाजिक सुरक्षा सम्बन्धी विभिन्न अवधारणा प्रचलित नेपाल कानुनमा नभएको होइन । सामाजिक सुरक्षाको दायरामा पर्ने निम्न कुराहरू हाम्रो कानूनमा रहेका छन् । ती मध्ये निम्न कुरा महत्त्वपूर्ण छन् :

**यातायात सेवा :** यातायात सेवामा काम गर्ने प्रत्येक चालक, परिचालक, चेकर, हल्पर र कर्मचारीको अनिवार्य दुर्घटना बीमा गर्नु पर्छ । जस अनुसार चालकको एक लाख पचास हजार र अन्य कर्मचारीको एक लाखको बीमा गरेको हुनु पर्छ । जीप, ट्र्याक्टर, भ्यान, टेम्पो, पावर टेलर जस्ता सवारीको हकमा एक लाखको बीमा गर्नु पर्छ । यात्री बीमा पचास हजारको र तेस्रो पक्ष बीमा तीन लाखको गर्नु पर्ने व्यवस्था गरिएको छ ।

**श्रमजीवी पत्रकार :** श्रमजीवी पत्रकारलाई वर्षमा १२ दिन तलबी बिरामी बिदा ६० दिन सुत्केरी बिदा दिनु पर्छ । श्रमजीवी पत्रकारको कल्याणका लागि प्रत्येक वर्ष नाफा भएको रकमको ५ प्रतिशत रकम कल्याणकारी कोषमा राख्नु पर्ने र त्यस्तो रकम दुर्घटना, बिरामी, हुँदा वा शिक्षाको व्यवस्था गर्न र सहुलियत दरमा ऋण दिन खर्च गर्नु पर्ने व्यवस्था गरिएको छ ।

यसरी नै पत्रकारको तलबबाट १० प्रतिशत कट्टी गरी १०

## निजामती र अन्य सरकारी कर्मचारीका लागि सामाजिक सुरक्षा व्यवस्था

| क्र.सं. | विषय | सुविधाहरू |
|---|---|---|
| १ | मातृत्व संरक्षण | ६० दिने तलबी बिदा : सेवा अवधिमा २ पटक |
| २ | काम गर्दाको अवस्थामा औषधोपचार | अधिकृत - सेवा अवधिमा १२ महिनाको तलब<br>राजपत्र अनंकित प्रथम - सेवा अवधिमा १८ महिनाको तलब<br>अन्य राजपत्र अनंकित - सेवा अवधिमा २१ महिनाको तलब<br>नेपाल मेडिकल बोर्डको सिफारिसमा घातक रोग भएको ठहर भएमा रु १००,०००।- सम्मको सहयोग |
| ३ | काम गर्दा गर्दै चोटपटक | उपचार खर्च<br>यदि विदेशमा उपचार गर्नु पर्ने भए माथि औषधोपचारमा उल्लेखित सहयोगंतलबी बिदांमेडिकल बोर्डको सिफारिसको आधारमा कमिटी बनाई कमिटीले निर्णय गरेको रकम |
| ४ | कामको दौरान दुर्घटना | उपचार खर्च + तलबी बिदा + माथि औषधोपचारमा उल्लेखित खर्च<br>अंगभंग भई सेवाबाट हटेमा- रु १०,०००।- पेन्सन<br>+ मासिक तलबको २० प्रतिशत बराबर अशक्तता पेन्सन |
| ५ | काममा दुर्घटनाले मृत्यु भएमा वा आजीवन अशक्त भएमा | पेन्सन + पेन्सनको ५० प्रतिशत + ३ महिनाको तलब आश्रितहरू र परिवारका लागि<br>- ७ वर्षसम्म पेन्सन<br>- राजपत्रांकितको हकमा १८ वर्षको नपुगुन्जेल २ सन्तान लाई रु २४००।- र राजपत्र अनंकितको हकमा रु. १८००<br>- शुरू स्केलको १५ प्रतिशत बराबर रकम |
| ६ | स्वेच्छिक अवकाश | सेवा अवधिको आधारमा उपदान<br>५-१० वर्ष सेवा अवधि - प्रत्येक सेवा वर्षको आधा महिनाको तलब<br>१०-१५ वर्ष सेवा अवधि - प्रत्येक सेवा वर्षको एक महिनाको तलब<br>१५-२० वर्ष सेवा अवधि - प्रत्येक सेवा वर्षको डेढ महिनाको तलब |
| ७ | वृद्धावस्था | संचय कोष - मासिक तलबको १० प्रतिशत कर्मचारीबाट १० प्रतिशत रोजगारदाताबाट जम्मा गरी चक्रवृद्धि व्याज सहित जोड्ने<br>पेन्सन - मासिक पेन्सन अवकाशको वेलाको तलब X सेवा वर्ष/५० |
| ८ | सेवा अवधिमा मृत्यु | कर्मचारी संचयकोषबाट रु. ४०,०००।- देखि ७५,०००।- सम्म<br>- स्वास्थ्य सेवाका कर्मचारीलाई रु. १५०,०००।-<br>- माओवादीबाट मारिएका प्रहरीका परिवारलाई रु. ७००,०००।- |
| ९ | बिरामी | प्रतिवर्ष १२ दिनको तलबी बिदा |

प्रतिशत थप गरी संचयकोषमा जम्मा गर्नु पर्ने र पाँच वर्ष वा सोभन्दा बढी सेवा गर्ने मजदुरलाई उपदान दिने व्यवस्था छ । यसरी नै व्यवस्थापनले प्रत्येक श्रमजीवी पत्रकारको बीमा गर्नु पर्ने व्यवस्था गरिएको छ ।

**पर्यटन श्रमिक** : पर्यटन समूहद्वारा पर्वतारोही दलले सम्पर्क अधिकृत, सरदार, पर्वतीय पथ प्रदर्शक, आधार शिविरका कामदार र उचाइमा जाने कामदारलाई स्थानीय पथ प्रदर्शकलाइ समेत ५० हजारदेखि दुई लाख सम्मको व्यक्तिगत दुर्घटना बीमा गर्नु पर्ने व्यवस्था गरेको छ ।

यसरी नै पदयात्रा तथा जलयात्रा नियमावलीले सो टोलीसाथ जाने नेपालीको ५० हजारको दुर्घटना बीमा गर्नु पर्ने व्यवस्था गरेको छ ।

**निजामती, सेना, प्रहरी** : निजामती कर्मचारी, प्रहरी र सेनाको क्षेत्रमा संचयकोष, बिरामी बिदा, प्रसुती बिदाका अतिरिक्त उपदान वा पेन्सन पाउने व्यवस्था गरिएको छ । यस बाहेक, पारिवारिक निवृत्तिभरण वा उपदानको व्यवस्था पनि गरिएको छ । भ्रमणको क्रममा निजामती कर्मचारीको २० हजार बीमा गर्नु पर्ने व्यवस्था छ ।

नेपालका विभिन्न कानून समग्रमा निम्न लिखित सुविधाहरू प्रदान गर्ने गरेको देखिन्छ :

१. संचयकोष
२. उपदान
३. निवृत्तिभरण
४. बीमा (खास काममा जाँदा)
५. अशक्तवृत्ति
६. अंगभंग बापतको क्षतिपूर्ति
७. उपचार खर्च
८. प्रसुती बिदा र सुत्केरी खर्च
९. सन्ततीवृत्ति (आश्रितलाई दिने सहयोग)
१०. बिरामी बिदा
११. परिवारलाई दिने निवृत्तिभरण र उपदान

# सामाजिक सुरक्षा सम्बन्धी केही व्यवस्था

**उमेश उपाध्याय**


### जेष्ठ नागरिक भत्ता र असहाय तथा विधवा महिला भत्ता

यो भत्ता राष्ट्रको वार्षिक बजेटबाट वास्तवमा समाजका वृद्ध, असहाय महिला तथा विधवा महिलालाई दिइएको एउटा सांकेतिक सम्मान र आडभरोसा मात्र हो । यो २०५१ साल मंसीरदेखि शुरू गरिएको हो र कुनै बहुमतको सरकारले होइन, अल्पमतको नेकपा (एमाले) को सरकारले शुरू गरेको रचनात्मक कार्यक्रम हो । एमालेले शुरू गर्दा ७५ वर्ष नाघेका वृद्ध-वृद्धालाई मात्र दिने व्यवस्था गरेको थियो । तर अर्को आर्थिक वर्षको बजेटबाट अर्को संयुक्त सरकारले असहाय तथा विधवा महिला र ६५ वर्षको उमेर नाघेकालाई पनि भत्ता दिने व्यवस्था गर्‍यो । यस अन्तर्गत गत वर्षको तथ्यांक अनुसार दिइने मासिक भत्ता रु. १०० ।- जम्मा १ लाख ९५ हजार वृद्धहरूले र २ लाख ३० हजार असहाय तथा विधवा महिलाहरूले प्राप्त गरे । यसको वितरण स्थानीय विकास मन्त्रालयद्वारा गाविस र नगरपालिका मार्फत गरिन्छ । गाविस र नगरपालिकाले यसका लागि परिचय पत्रको पनि व्यवस्था गरेका छन् । यसरी, यो उमेरमा आधारित व्यवस्था हो जसले आय र सामाजिक-आर्थिक अवस्थाको आधारमा भत्ताको साँच्चै आवश्यकता भएका वृद्ध-वृद्धाको छनौट गर्दैन ।

### स्वास्थ्य संरक्षणमा लागेका दुई संस्था

**जनस्वास्थ्य सरोकार ट्रस्ट (फेक्ट)**: जनस्वास्थ्य सरोकार ट्रस्ट र काठमाडौं मोडेल अस्पताल एक अर्कासंग अभिन्न भैं छन् । काठमाडौं मोडेल अस्पताल मार्फत् सेवा दिनुको साथै यो ट्रस्ट स्वास्थ्य सहकारी संस्थाहरूको ठूलो संजाल निर्माण गरेर स्वास्थ्य बीमालाई व्यापक पार्नु पर्छ भन्ने मान्यतामा क्रियाशील छ ।

समुदाय आधारित साना-साना सहकारी संस्था विकसित गर्ने, उनीहरूको आफ्नै औषधि पसल र बिरामी जाँच क्लिनिक रहने र त्यसमा काठमाडौं मोडेल अस्पतालको



सहयोग परिचालन गर्ने नीति अनुसार फेक्टले काम गरिरहेको छ । यस्तो स्वास्थ्य संरक्षणको गतिविधिमा जनताको सहभागिता र जनताको स्वामित्वलाई दुई महत्त्वपूर्ण सिद्धान्तका रूपमा फेक्टले लिएको छ । कीर्तिपुरको स्वास्थ्य सहकारी संस्था एउटा राम्रो उदाहरण बनेको छ । यस संस्थामा स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रम पनि संचालन गरिन्छ । आफ्नै क्लिनिक र औषधि पसल संचालनमा छ । साथै मातृत्व संरक्षणको सन्दर्भमा गर्भवती महिलालाई घरदैलोमा गई निःशुल्क जाँच सेवा समेत दिने गरेको छ । यस्ता साना सहकारी संस्थाहरूको परिषद पनि फेक्टले बनाएको छ ।

**बी. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानः** यसको आफ्नो व्यवस्थित ठूलो अस्पताल तथा मेडिकल कलेज समेत छ । २०५६ चैत्र महिनादेखि यस प्रतिष्ठानले सामाजिक स्वास्थ्य बीमा अभियान शुरू गर्‍यो । गाविसहरू र समुदायमा आधारित भई एउटा मेडिकल कलेजले स्वास्थ्य बीमा सेवा शुरू गर्नु नेपालमा नयाँ कुरा हो ।

यस कार्यक्रम अन्तर्गत गाउँका मानिसले यस अस्पतालमा आफ्नो स्वास्थ्य बीमा गरी बीमा कार्ड प्राप्त गर्न सक्छन् । यसका लागि उमेर पुगेकाले वार्षिक रु. १८०।- वा मासिक रु १५।- र नाबालकले वार्षिक ९०।- वा मासिक रु ७।५० बुझाउनु पर्ने हुन्छ । शहरी बासिन्दाको हकमा वयस्कले वार्षिक रु. १००। - वा मासिक रु. ५०।- र नावालकले वार्षिक रु. ३००।- वा मासिक रु. २५।- तिर्नु पर्ने हुन्छ । यस बीमा अन्तर्गत निम्न सेवा छन् :

- निःशुल्क स्वास्थ्य जाँच
- हरेक वर्ष रु. २,५००।- सम्मको निःशुल्क औषधि
- हरेक वर्ष रु. १०,०००।- सम्म शल्यक्रिया गर्नु पर्दा छुट

**सामाजिक संरक्षणमा योगदान पुर्‍याएका च्यारिटी कल्याण कार्यक्रम गर्ने ठूला र स्थापित संस्थाहरू**

| क्र.सं. | संस्थाको नाम | स्थापना |
|---|---|---|
| १ | परोपकार | १९४७ |
| २ | मारवाडी सेवा समिति | १९५४ |
| ३ | नेपाल क्षयरोग निवारण संघ | १९५४ |
| ४ | नेपाल बाल संगठन | १९५४ |
| ५ | नेपाल रेडक्रस सोसाइटी | १९६१ |
| ६ | नेपाल जेसिज | १९६२ |
| ७ | रोटरी क्लब | १९६२ |
| ८ | लायन्स क्लब | १९६२ |
| ९ | जनकल्याण संस्था | १९६५ |
| १० | नेपाल अन्ध-अपांग संघ | १९६८ |
| ११ | एसओएस बालग्राम | १०६९ |
| १२ | नेपाल कुष्ठ रोग निवारण संघ | १९७० |

गाविस आफैले पनि पैसा तिर्न नसक्ने परिवारको पैसा तिरी बीमा गरिदिन यो अस्पतालले प्रेरित गर्ने गरेको छ । यस प्रतिष्ठानमा छुट्टै सामाजिक बीमा एकाइ क्रियाशील छ र बीमा गरेका बिरामीले अन्य बिरामी सरह बहिरंग विभागमा लाइन लाग्नु पर्दैन ।

## राष्ट्रिय पेन्सन स्कीम

२०५२ सालमा राष्ट्रिय पेन्सन स्कीम संचालन गर्ने दृष्टिकोणका साथ तत्कालीन समाज कल्याण मन्त्रालयबाट एउटा कार्यालयको निर्माण भयो । उक्त कार्यदल त्रिपक्षीय थियो । त्यसको पहिलो बैठकमा विकासतर्फका कर्मचारीहरूका लागि कसरी पेन्सन स्कीम चलाउने भन्ने सरकारको एजेन्डा थियो । सरकारी कर्मचारीतर्फ मात्र स्कीमलाई सीमित नराख्ने ट्रेड यूनियन पक्षबाट बहस गरिएपछि अर्को बैठकमा सरकारका प्रतिनिधिहरूले नेपाली नागरिक सबैलाई समेट्ने तर योगदान मासिक हुनु पर्ने, बैंकसंग सम्झौता गरी अक्षय कोष खडा गर्ने, सरकारले कुनै पनि रकम नहाल्ने भन्ने प्रस्ताव ल्याएपछि त्यसको पनि व्यापक विरोध भयो । ज्यालाजीवीहरूका लागि मात्र पेन्सनको व्यवस्था गर्ने र त्यसमा सरकार रोजगारदाता र श्रमिक तीनै पक्षको योगदान हुने कोष निर्माण गर्नु पर्छ भन्ने प्रस्ताव ट्रेड यूनियन पक्षबाट राखिएपछि अर्को बैठकमा छलफल गर्ने गरी बैठक समाप्त भएको थियो । त्यसपछि त्यस सम्बन्धमा छलफल हुन सकेन र सरकारले यस सन्दर्भमा कुनै काम पनि गरेको देखिंदैन । कार्यदल भने २ वर्षसम्म कायम रह्यो, त्यसपछि त्यसै समाप्त भएर गएको बुझिन्छ ।

# सामाजिक सुरक्षामा ट्रेड यूनियनहरू

नेपालका ट्रेड यूनियनहरू पनि यो वा त्यो रूपमा सामाजिक सुरक्षा सम्बन्धी र संरक्षणको काममा आ-आफ्नै तरीकाले लागि परेका छन् । तल त्यसको संक्षिप्त चर्चा गरिएको छ ।

**नेपाल ट्रेड यूनियन महासंघका विभिन्न स्कीमहरू**




**आकस्मिक कोष परियोजनाः** नेपाल ट्रेड यूनियन महासंघले २०५१ सालको अन्त्यमा शुरू गरेको यो स्कीम भैपरी आउने अवस्थाबाट आफ्नो सदस्यहरूलाई जोगाउनेतिर लक्षित छ । बीउको रूपमा रु. १ लाखबाट शुरू गरिएको र हरेक सदस्यबाट मासिक रु. ५ ।- संकलन गर्ने व्यवस्था भएको कोष हो, आकस्मिक कोष । कामबाट निकालिएमा, हड्ताल र तालाबन्दीको अवस्थामा र बिरामी हुँदा रोजगारदाताबाट औषधि उपचार नभएमा यस कोषबाट सहयोग गरिन्छ । २०५५ सालसम्म औपचारिक क्षेत्रमा मात्र सदस्यता सीमित गरिएको यो कोषले त्यसपछि अनौपचारिक क्षेत्रका श्रमिकलाई पनि सदस्यता दिन थालेको छ । अनौपचारिक क्षेत्रमा धेरैजसो निर्माण क्षेत्रका मजदुरहरू यस कोषमा सदस्य छन् । यस कोषको सदस्यता २९०० पुगेको छ ।

**जिफन्ट स्वास्थ्य सहकारी संस्थाः** नेपाल ट्रेड यूनियन महासंघले स्थापना गरेको जिफन्ट स्वास्थ्य सहकारी योजनाका ५ मुख्य काम देखिन्छन्-स्वास्थ्य सहकारी क्लिनिक सञ्चालन गर्नु, सुपथ मूल्य औषधि-पसल सञ्चालन गर्नु । जिफन्ट र जनस्वास्थ्य सरोकार ट्रस्टको सम्झौता अनुसार काठमाडौं मोडेल अस्पतालमा क्लिनिकबाट थप उपचार आवश्यक परेमा बिरामीलाई उपचारका लागि पठाउनु, पेशागत स्वास्थ्य सुरक्षा अभियान देशव्यापि रूपमा चलाउनु र ट्रेड यूनियन आन्दोलनभित्र स्वास्थ्य कार्यकर्ताहरूको सिपालु समूह विकसित गर्नु ।



५० हजार जिफन्टले लगानी गरेको र ५ सय सदस्यबाट रु. १ सयका दरले संकलन गरी ५० हजार लगानी गरी रु. १ लाखमा यो सहकारी शुरू गरिएको हो । जिफन्टको तेस्रो महाधिवेशनको उद्घाटनको दिन २०५६ मे दिवसबाट यो सहकारी संस्था सञ्चालन शुरू भएको छ । हरेक सदस्यले दैनिक रु १ ।- को दरले मासिक रु. ३० ।- जम्मा गर्दछन् । यस सहकारी क्लिनिकमा सहकारी सदस्यले रु. ६० ।-, जिफन्ट सदस्यले रु. ७० ।- र अन्य जनसाधारणले रु. ७५ ।- मा स्वास्थ्य परीक्षण गर्न पाउँछन् । औषधि पसलबाट पनि औषधि किन्दा ६-१५ प्रतिशत सम्म छुट पाउँछन् । २०५६ भदौदेखि २०५८ पौषसम्मको रेकर्ड हेर्दा काठमाडौं मोडेल अस्पतालमा जिफन्ट सहकारीबाट १७४ जनाले सेवा पाएकोमा जम्मा रु. २४६,६६४ परेको देखिन्छ, यसमा ५० प्रतिशत बिरामीले, रु. ६१,६६६ ।- सहकारीले तथा रु. ६१,६६६ ।- जनस्वास्थ्य सरोकार ट्रस्टले व्यहोरेको छ । स्वास्थ्य बीमाको कार्यक्रम जिफन्टले अन्य जिल्लातिर पनि शुरू गरिसकेको छ ।

# नेपाल ट्रेड यूनियन कांग्रेसको सामाजिक सुरक्षा सम्बन्धी विधेयक




नेपाल ट्रेड यूनियन कांग्रेसले नेपाली कांग्रेसका सांसद आनन्दप्रसाद ढुङ्गानामार्फत् २०५४ सालमा "सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०५४" प्रतिनिधि सभामा पेश गऱ्यो ।

उक्त विधेयकले उठाएका मूलभूत विषय निम्न थिए :

**लागू हुने क्षेत्र**

औपचारिक, अनौपचारिक, निजी, कृषि, अर्धसरकारी, ग्रामीण तथा शहरी क्षेत्रमा श्रमको उपभोगद्वारा जिविकोपार्जन गर्ने व्यक्ति

**रोजगारमा सुरक्षा**

१. बाध्यकारी श्रम निषेध
२. रोजगारीमा ३० प्रतिशत महिलालाई संरक्षण
३. गरिबीको रेखा मुनिका व्यक्तिलाई ५० प्रतिशत सीट सुरक्षित
४. हप्तामा एक दिन बिदा हुने
५. कार्यसमय श्रम ऐन अनुसार हुने
६. खाजा खानलाई छुट्टी दिनु पर्ने
७. न्यूनतम पारिश्रमिक निर्धारण हुने र पारिश्रमिक भुक्तानी नियमित हुने

**सुरक्षा र स्वास्थ्य**

१. स्वास्थ्य सेवाको व्यवस्था व्यवस्थापकले गर्ने
२. स्वास्थ्य प्रतिकूल असर पर्ने काम निरोध
३. प्रसुती बिदा साथै सुत्केरी खर्च दिने
४. स्वास्थ्यमा असर पर्ने गरी भारी बोक्नबाट लगाउन नहुने
५. चोटपटक, अंगभंग वा मृत्युमा क्षतिपूर्ति दिने
६. व्यवस्थापकले दुर्घटना सहितको जीवन बीमा गर्नु पर्ने

**कल्याणकारी व्यवस्था**

१. राज्यले श्रमिकका लागि रासन कार्ड व्यवस्था गर्नु पर्ने
२. दाल चामल नून तेल कपडामा अनुदान दिने ।
३. श्रमिकको बालबच्चालाई माध्यमिक विद्यालयसम्म निःशुल्क शिक्षा दिनु पर्ने
४. उच्च शिक्षामा जेहेन्दार छात्रवृत्ति दिने
५. शिशुस्याहार केन्द्रको व्यवस्था
६. श्रमिकका बच्चालाई शिक्षण संस्थानमा ५० प्रतिशत सीट सुरक्षित गर्ने

**सामाजिक सुरक्षा**

१. श्रमिकको लागि सामाजिक सुरक्षा कोष व्यवस्था गर्ने
२. कोष संकलन ऐन अनुसार लागू हुने
३. श्रमिकको रजिस्ट्रेसन श्रम कार्यालयमा गर्ने
४. रजिस्ट्रेसन गर्दा स्थायी, अस्थायी, दैनिक ज्यालादारी के हो खुलाउनु पर्ने

**स्वरोजगार व्यवस्था र तालिम**

१. स्वारोजगारलाई बैंक मार्फत सुलभ ऋण दिने
२. बजार व्यवस्था श्री ५ को सरकारले गर्ने
३. श्रमिकलाई स्वदेश वा विदेशमा तालिमको व्यवस्था गरिदिने ।



# अनौपचारिक क्षेत्रका श्रमिकको सामाजिक संरक्षणका लागि सरकारले के के गर्न सक्छ? केही सुझावहरू

१. लक्षित समूह देशभरी छुट्याउने र उक्त समूहहरूका लागि उपयोगी सामाजिक संरक्षणका आयोजना तयार गर्ने, यसरी लक्षित समूह तय गर्दा भूमिहीन र दलितलाई विशेष ध्यान दिने ।

२. कर आधारित र योगदानमूलक कोष शुरू गर्ने ।

३. अंचल अस्पताल, जिल्ला अस्पताल र स्थानीय स्वास्थ्य केन्द्र मार्फत् कार्यक्रम संचालन गरी स्थानीय चिकित्सक र स्वास्थ्यकर्मीहरूलाई श्रमजीवी र लक्षित समूहसंग बलियो सम्बन्ध सूचना गाँस्ने ।

४. गाविस तहबाट योगदानमूलक कोषको सदस्यता वितरण गर्ने र योगदान संकलन गर्ने ।

५. जिल्ला विकास समिति र स्वास्थ्य मन्त्रालयको सहयोगमा गर्भावस्था र मातृ-शिशु हेरचाहको विशेष व्यवस गाविस र नगरपालिकाबाट गर्ने ।

६. श्रम कार्यालयहरूको सघन जालो तयार गर्ने, हरेक जिल्लामा श्रम निरिक्षण संयन्त्र विस्तारित गर्ने ।

७. निजी क्षेत्रका क्लिनिक र नर्सिङ होमहरूबाट अनिवार्य योगदान परिचालन गरी स्वास्थ्य बीमा आयोजनाहरू संचालन गर्ने ।

८. नेपालमा औषधि उत्पादन वा बिक्री वितरण गर्ने औषधि कम्पनीहरूबाट वार्षिक कारोवारको एक निश्चित प्रतिशत बराबर निःशुल्क औषधि योगदान गराउने ।

९. नयाँ नियमावली जारी गरी वर्तमान राष्ट्रिय कल्याणकारी कोषलाई औपचारिक क्षेत्रमा मात्र सीमित नगरी अनौपचारिक क्षेत्रका लागि पनि कुनै विशेष आयोजना संचालन गर्ने ।

१०. अनौपचारिक क्षेत्रका लागि सामाजिक सुरक्षा कोष स्थापना गरी विशेष आयोजनाहरू र चरणबद्ध कार्यक्रम संचालन गर्ने ।

११. सामाजिक संरक्षणका काममा संलग्न संस्थाहरू वा समूहहरूलाई नियम-कानून, विकेन्द्रीकरण र सामाजिक कोषहरूको माध्यमले प्रोत्साहन र सहयोग दिने ।

१२. वृद्ध नागरिक तथा असहाय-विधवा महिला भत्तालाई उमेरमा मात्र आधारित संरचनाबाट आर्थिक अवस्थामा आधारित बनाई गरीबहरूतर्फ मात्र उन्मुख गराउने ।

१३. अन्तरराष्ट्रिय समुदायको समेत सहयोग लिई ग्रामीण भूमिहीन र शहरी घरविहीन परिवारका लागि आवास योजना संचालन गर्ने ।

१४. सहकारिता र स्वयंसेवी समूहहरूलाई प्रोत्सान दिई सामाजिक संरक्षण र सामाजिक सहयोगका सामूहिक प्रयत्नहरूलाई स्थानीय तहमा बलियो बनाउने ।

१५. स्थानीय र अन्तरराष्ट्रिय संस्थाहरूको सहयोगमा खाद्य सुरक्षा आयोजनाहरू संचालन गर्ने ।

१६. गरिबी निवारण कोषलाई गरीब श्रमजीवी र वेरोजगार समूहतर्फ मूलतः दुर्गम ग्रामीण इलाकामा प्रवाहित गर्ने, साथै आर्थिक गतिविधि र आय आर्जन बढाउन बजार विकास एवं सडक पूर्वाधार विकासमा ध्यान केन्द्रित गर्ने ।

१७. निःशुल्क अनिवार्य विद्यालय शिक्षाका साथै दलित, पूर्व कमैया, पिछडिएका आदिवासी गरीब, श्रमजीवी परिवारका बालबालिकालाई छात्रवृत्ति दिने, यसका लागि अन्तरराष्ट्रिय समुदायको सहयोग परिचालन गर्ने ।

१८. सामाजिक संरक्षणको सन्दर्भमा अनुसन्धान, तथ्यांक आधार निर्माण र प्रकाशनतर्फ पनि जोड दिने ।




**हामीले दर्शन शास्त्रका आधारभूत प्रश्नबारे केही चर्चा गर्‍यौं । पदार्थ र चेतनाको सम्बन्धको बारेमा जानकारी लियौं । अब द्वन्द्वात्मक भौतिकवादका नियमहरूबारे केही थाहा पाउन सकिन्छ कि? जस्तै, कतिपय ठाउँमा मूल नियम भनेर चर्चा गरेको पाइन्छ, ती नियम के हुन् र कसरी पैदा हुन्छन् ?**

**द्वन्द्ववादको मूल नियम :**

नियम भनेको विश्वका वस्तु र घटना प्रवाहबीच एक किसिमको सम्बन्ध हो । यो कस्तो प्रकारको सम्बन्ध हो भन्ने कुरा बुझ्न हामी एउटा सजिलो उदाहरण लिउँ । "यदि कुनै ढुङ्गोलाई माथि फ्याँकिन्छ भने त्यो जमिनमै आएर खस्दछ । ढुङ्गो बाहेक जुनसुकै कुरा फ्याँके पनि नतिजा उस्तै निस्कन्छ । आखिर यस्तो किन हुन्छ ? सबभन्दा पहिले के ध्यान दिनु जरुरी छ भने, हामी यस्तो विषयमा कुरा गरिरहेका छैनौं जो घट्न पनि सक्छ नघट्न पनि सक्छ । हामी यस्तो विषयमा कुरा गरिरहेका छौं जुन अनिवार्य घट्छ र अर्को हुनै सक्दैन । कुनै वस्तु हावामा फ्याँकिन्छ र आकर्षण शक्तिको जोडले जमिनतर्फ अनिवार्य फर्कन्छ । यसको अर्थ के हुन्छ भने यहाँ एउटा नियमले काम गरिरहेको छ । नियमितताको तरिकाबाट यस्तो सधैं हुने गर्छ ।

"प्रकृतिमा जुन चीज सर्वाधिक गहिरो र सामान्य हुन्छ नियमले हामीलाई त्यसैको ज्ञान गराउँछ । कुनै पनि नियमको सम्बन्धमा सबभन्दा महत्त्वपूर्ण चीज त्यसको वस्तुगतता हो । मानव समाज पैदा हुनु भन्दा धेरै अगाडि देखि प्रकृतिका नियमहरूले काम गरिरहेका छन् । सूर्यको परिक्रमा गर्ने पृथ्वी जुन नियमको अनुसरण गर्छ त्यो पृथ्वीको उत्पत्ति भए देखि नै नियमित ढंगले चलिरहेको छ ।"

सामाजिक विकासका नियम पनि वस्तुगत छन् । तपाईं हिउँद महिनाको शुरूवातमा तातो लुगाको खोजी गर्नुहुन्छ । हिउँदमा चिसो बढ्ने कुरा अनिवार्य छ । वर्षा लागेपछि किसानहरू खेतीको तयारीमा जुट्छन् । मौसमले सबैलाई खेतीको लागि सूचना गर्छ । हिउँदमा हिउँको वर्षा भए झैं वर्षामा पानी पर्ने कुरा अनिवार्य छ । घाम सधैं एउटा दिशाबाट उदाउँछ र एउटै दिशामा अस्ताउँछ । उदाउने र अस्ताउने समय पनि करिब-करिब निश्चित हुन्छ । मानिसले घामको समयसंगै आफ्नो कामको समय निश्चित गर्छ । खाने, वन, जंगल जाने, सुत्ने र उठ्ने समय दिन र रातको समयको प्रवाहसंगै मिलान गर्छ । यसले के देखाउँछ भने प्रकृतिको नियमिततासंग समाजको नियमितता अनिवार्य रूपले गाँसिएको छ । मानिसले न त यी नियमको आविष्कार गर्न सक्छ न त्यसलाई मेटाउन सक्छ, न आफ्नो इच्छा अनुसार त्यसलाई बदल्नै सक्छ ।

आदर्शवादी दार्शनिकहरूको विचार यो भन्दा भिन्नै छ । उनीहरू नियमको वस्तुगत पक्षलाई मान्दैनन् । उनीहरू प्रकृतिको कुनै नियम हुँदैन भन्ने कुरा अगाडि सार्छन् । उनीहरूको भनाइमा हरेक "चीज अराजकताको अवस्थामा छ । केवल मानव मस्तिष्क मात्र प्रकृतिमा नियमितता र तारतम्य स्थापित गर्न सक्छ । यदि मनुष्य हुँदैनथ्यो भने कुनै नियम पनि हुँदैनथ्यो ।" यो दावा कान्टको हो । आधुनिक दार्शनिकहरू कान्टको यो मतलाई दोहोर्‍याइरहेकै छन् ।

तर, उनीहरूको यो तर्क वैज्ञानिक आलोचनाको अगाडि टिक्न सक्दैन । आजभोलि मानिसहरू स्वाभाविक रूपले विश्वको नियमको खोजी गरिरहेका छन् । मानिसको वर्तमान क्रियाकलापबाट मानिसले सदा सर्वदा देखि नियमको खोजी गरिरहेको थियो भन्ने निष्कर्ष निकाल्न सकिन्छ । आजभोलि विज्ञानले विचित्र रोगका औषधिहरूको खोजी गरिरहेको छ र त्यसलाई विनष्ट गर्ने उपाय पत्ता लगाइरहेको छ । तर जब मानिसलाई किटाणुको जानकारी नै थिएन त्यो वेला खोजीको विषय पनि अगाडि आएको थिएन ।

आदिम मानिसमा विश्वको अस्तित्वको नियमको कुनै धारणा नै थिएन । त्यसैकारण उनीहरूले यसलाई पत्ता लगाउन सक्ने कुरै उठ्दैन । उत्पादनको क्षेत्रमा भएको परिवर्तन र विकासले मानिसको चेतनामा फड्को मार्‍यो । वर्गहरूको उत्पत्ति र आर्थिक असमानताले समाज एउटा जटिल सम्बन्धतर्फ अगाडि बढ्यो । यसै क्रममा मानिसले व्यवहारिक जीवनका विषयहरू बीच रहेका नियमबद्ध पारस्परिक सम्बन्धहरू फेला पार्‍यो । त्यसपछि मानिसले नियमको खोजी गर्‍यो र त्यसलाई पत्ता लगाएर छोड्यो । यसबाट के देखिन्छ भने नियम सम्बन्धी कान्ट लगायत दार्शनिक पूँजीवादीहरूको धारणा अवैज्ञानिक छ र व्यवहारमा खण्डित हुन्छ ।

**के नियम पनि फरक-फरक प्रकृतिका हुन्छन् ?**

यस्ता नियमहरूले, जुन खास समाज या प्रकृतिको अंशमा विद्यमान छन्, विषयको विशिष्टतालाई जनाउँछन्, आवश्यक सम्बन्धलाई स्थिर गर्छन् । त्यस्ता नियमहरूलाई सुनिश्चित नियम मानिन्छ । उदाहरणको लागि जीव विज्ञान, भौतिक विज्ञान र अरु विज्ञानले अध्ययन गर्ने नियम यसै प्रकारका नियम हुन् ।

जुन नियमले प्रकृतिका सम्पूर्ण विषयमा अथवा चिन्तनको सबै विषयलाई अगाडि सार्दछ र आवश्यक सम्बन्धलाई स्थिर गर्दछ त्यसलाई सामान्य नियम भनिन्छ । उदाहरणको लागि सर्वव्यापी गुरुत्वाकर्षणको नियम सामान्य नियम हो । यसले प्रकृतिका सम्पूर्ण विषयलाई नियन्त्रण गर्दछ । उत्पादनको निर्णायक भूमिकाको नियम समाजको सम्पूर्ण इतिहासमा क्रियाशील रहेको छ । यो पनि एउटा सामान्य नियम हो । यस्ता नियमले प्रकृति, समाज र चिन्तन आदि सबै विषयको विशेषतालाई जानकारी गराउने आवश्यक सम्बन्धलाई सुस्थिर गराउँछ, यस्ता नियमलाई सर्वव्यापी नियम भन्दछन् । मार्क्सवादी दर्शनले यी नै नियमहरूको अध्ययन गर्दछ । यी नियम हुन्- परिमाणबाट गुणमा परिवर्तनको नियम, परस्पर विरोधी तत्त्वको एकता र संघर्षको नियम, निषेधको निषेध नियम ।

गुण यस्तो स्वभाविक लक्षण हो, जुन पदार्थसंग अभिन्न रूपले जोडिएको छ । यो ती पदार्थहरूको सबै विशेषताको समग्र जोड हो । यसैकारणले पदार्थले अपेक्षाकृत स्थायित्व ग्रहण गर्दछन् र आफूलाई अर्को पदार्थसंग फरक गरेर पहिचान गराउँछन् ।

कुन आधारमा हामी कुनै गुण तय गर्छौं ? तिनमा उपकरण र आजको अनौठो विश्वलाई याद गर्नुहोस् जसको बारेमा हामीले माथि नै चर्चा गरिसकेका छौं । कुनै पनि पदार्थ गुण युक्त हुन्छ अथवा गुण पदार्थमा निहित हुन्छ । उदाहरणको लागि "एउटा पातलो धागो छ जुन आधा किलो वजनको वस्तुमा जोडिएको छ । धागोको दोस्रो छेउ छतमा छ र गोलो चक्कामा लागेको छ धागो माथिबाट तानिन्छ हामीलाई लाग्छ धागो चुडिन्छ तर चुडिँदैन । त्यसले भारलाई माथि उठाएर लैजान्छ । अर्को उदाहरण लिनुस्, कुनै एउटा सानो केटीले पसलमा दूधको बोतल किनी र त्यो बोतल अचानक भुइँमा झऱ्यो । तर बोतल फुट्दैन, त्यो भकुण्डो झैं उफ्रेर जान्छ ।"

तपाईंले यी चीजलाई देखेर के ख्याल गर्नु भयो भने हरेक वस्तुमा एउटा नयाँ गुण हुन्छ - पहिलो हालतमा यस्तो धागो छ जुन टुट्नेवाला छैन । त्यस्तै दोस्रो हालतमा यस्तो सिसा छ जुन फुट्नेवाला छैन । यी नयाँ गुण वाला पदार्थ हुन् । हामीले यिनमा नयाँ गुणको पत्ता यसैकारण लगायौं - यहाँ नयाँ गुणको उद्घाटन भयो ।

यसैकारण कुनै चीजको विशेषतालाई, त्यसको खास गुणलाई त्यसको गुण धर्म भनिन्छ ।

**माथि हामीले परिमाणबाट गुणमा परिवर्तनको नियमको बारेमा उल्लेख गऱ्यौं । वास्तवमा परिमाण के हो र यसले गुणलाई कसरी प्रभावित पार्दछ ?**

पदार्थ र विषयको चित्रण गुणबाट मात्र होइन, परिमाणबाट पनि हुन्छ । हाम्रो छलफलका विषयहरू गुणको बारेमा मात्र होइन परिमाणको बारेमा पनि छन् । गुण परिमाणमा आधारित हुन्छ । परिमाण विना गुण हुन सक्दैन । पदार्थ र विषयको परिमाणात्मक विशेषता कैयौं प्रकारका छन् । अतएव यी अनेक किसिमले अभिव्यक्त हुन्छन् । यदि हामी कारखानाबाट प्राप्त भएका मिसिनको परिमाणका बारेमा ध्यान दिन्छौं भने त्यसको परिमाण १-२-३-४-५-१० आदि अंकमा व्यक्त हुन्छ । हामीहरू श्रमको उत्पादनशीलतालाई तय गर्न जरुरी ठान्यौं भने त्यसलाई प्रतिशतमा व्यक्त गर्दछौं ।

यसरी पदार्थ र विषयको संख्या, आकार, रेट, डिग्री, फैलाव, आदिमा सुनिश्चित गरिन्छ भने त्यसलाई त्यसको परिणाम भनिन्छ । कुनै पनि पदार्थको गुण बदलियो भने पदार्थ पनि बदलिन्छ । तर के परिमाणात्मक परिवर्तनबाट पनि पदार्थमा परिवर्तन हुन्छ ? यसमा हामी छलफल गरौं ।

हामीलाई थाहा छ- कुनै नदीमा विद्युत् उत्पादनको बाँध बनाइँदैछ भने त्यहाँ ठूलो ट्रकहरूको मद्दतले पानीमा ढुङ्गा फ्याकिन्छ । केही समयसम्म कुनै बाँध निर्मित हुँदैन तर हेर्दाहेर्दै पानीमा फालिएको ढुङ्गाको संख्या यति हुन्छ यसले पानीको प्रवाहलाई उल्लेख्य ढंगले प्रभावित गरिदिन्छ, अलग-अलग ढुङ्गाबाट बाँध बन्दछ र नदीको धारलाई काटिदिन्छ । आखिर यस्तो किन हुन्छ ? जबसम्म परिमाणात्मक परिवर्तन एउटा सीमाको मातहत रहन्छ तबसम्म नयाँ गुणले आकार लिंदैन । अर्थात्, तबसम्म बाँध बन्दैन । तर परिमाणलाई एउटा सीमा भन्दा पर जब पुऱ्याइन्छ त्यो सुनिश्चित मापसम्म पुग्छ, यसले परिवर्तनको शुरूको अनुमानको विपरित सम्पूर्ण पद्धतिलाई प्रभावित नगरी रहन सक्दैन ।

**नीति कथा**

# दयालु सेठ

**विनय कसजू**



धेरै वर्षअघि एक जना उद्योगपतिले मजदुरहरूको लागि हातले पानी तान्ने धारा, नलकूप (ट्यूबवेल) बनाइ दिएको थियो । नलकूपको एकापट्टि लेखिएको थियो : "महादानी सेठ श्री .... ले मजदुरहरूको भलाइको लागि बनाएको नलकूप ।"

नलकूप बनेको केही वर्षपछि मजदुरहरूले के अनुभव गरे भने हातले बल गरे जति पानी नलकूपबाट निस्कन्न, थोरै मात्र निस्कन्छ । तिर्खा मेट्न मात्रै ठिक्क हुन्छ ।

पानी थोरै आउनुको कारण पत्ता लगाउन नलकूप मर्मत गर्न सिपालु मिस्त्रीहरू आए र खनेर हेर्दा विचित्रको कुरा देखे । त्यो नलकूपबाट एउटा पाइप जमीन भित्रभित्रै सेठको घरको पानी ट्यांकीमा लगिएको थियो र मजदुरहरूले हातले पानी तान्दा धेरै भाग पानी सेठको पानी ट्यांकीमा जान्थ्यो र अलिअलि पानी मात्र नलकूपको धारोबाट झर्थ्यो ।

**थोपाथोपा, लघुकथा संग्रहबाट साभार**

# के राज्यको सान्दर्भिकता अझै छ ?

विष्णु रिमाल

विश्वव्यापीकरण र त्यस विरुद्ध सियाटलदेखि जेनोआ, डाभोस र जोहनेसवर्गसम्म जनताद्वारा भएको विरोध प्रदर्शनले राज्यको सान्दर्भिकता बाँकी छ कि छैन भन्नेमा चर्चा/परिचर्चा चलिरहेको छ । यस क्रममा मूलतः दुई कोणबाट बहस जारी छ । पहिलो, विश्वव्यापीकरणको उदयसंगै राज्य कमजोर भएको छ, यसको सान्दर्भिकताको अन्त्य भएको छ । दोस्रो, राज्यको सान्दर्भिकता कायमै छ र विश्वव्यापीकरणलाई ठेगान लगाउन पनि राज्यले महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । आउनोस्, हामी यसबारे छलफलमा सामेल हाऔं ।

**राज्य भनेको के हो ?**

राज्य भन्नाले सामान्यतया निम्न कुराहरू बुझ्नु पर्छ :

- केन्द्रीय सरकार, जसभित्र निर्वाचित जनप्रतिनिधि, संसद, मन्त्री परिषद्, सरकारी मन्त्रालय र मन्त्रीहरू समेत पर्दछन् ।
- गाविस, नगरपालिका, जिविस जस्ता स्थानीय निकाय र अंचल/जिल्ला/प्रान्तीय प्रशासन
- प्रहरी र सेना
- अदालत र झ्यालखाना
- सामुदायिक शिक्षा प्रणाली, र
- राज्यको स्वामित्वको सार्वजनिक संस्थानहरू

पूँजीवादी राज्यले आफ्नो वर्गको स्वार्थको लागि तीन प्रमुख काम गर्दछ । पहिलो, पूँजीपति वर्गलाई अकूत नाफा कमाउन सक्ने बनाउन आधारभूत संरचना, सार्वजनिक यातायातका साधन, समष्टिगत आर्थिक नीति, श्रम सम्बन्धसंग सम्बन्धित कानूनहरू जस्ता विषयबाट आम वातावरण बनाउछ । दोस्रो, जंगी र दमनात्मक उपायबाट उनीहरूको स्वार्थ सुदृढ र रक्षा गर्छ । तेस्रो, सार्वजनिक संचार र शिक्षा जस्ता माध्यमबाट संस्थागत रूपमा सत्ताधारीवर्गको विचार प्रवाह गर्छ ।

**पहिलो दृष्टिकोणः अब राज्यको सान्दर्भिकता छैन**

यो दृष्टिकोणको समर्थकहरूका तर्क निम्न अनुसार छः

- विश्वव्यापीकरणले सार्वजनिक र आर्थिक नीतिको विषयमा राष्ट्रिय रूपमा गरिएका निर्णयहरूको कुनै अर्थ नलाग्ने गरी राज्यलाई नियन्त्रित गरेको छ । यसको कारण हो, राष्ट्रिय अर्थतन्त्र राष्ट्र भित्रको शक्तिको निर्णयबाट होइन, बाह्य शक्तिबाट निर्धारित हुन्छ । उदाहरणको लागि विभिन्न देशमा संचालित भइरहेका बहुराष्ट्रिय कम्पनीहरूलाई लिन सकिन्छ । तिनीहरू सम्बन्धित देशको नियम कानून टेर्दैनन्, यहाँसम्म की तोकिएको कर समेत तिर्दैनन् ।
- कुनै देशले आफ्नो देशको राष्ट्रिय पूँजीको हितमा कुनै कानून पास गरे बहुराष्ट्रिय कम्पनीहरू आफू सुहाउँदो नियम-कानून भएको देशमा टाप ठोक्छन् ।
- राज्यको परम्परागत कामहरू विश्व बैंक र अन्तरराष्ट्रिय मुद्राकोष जस्ता अन्तरराष्ट्रिय संस्थाहरूको पोल्टामा परिसकेको छ ।

यो धारणाबाट निर्देशित हुनेको दावी छ, अब राज्यको अर्थ रहेन । अबको लडाइँ भनेको राज्यसंग होइन, अन्तरराष्ट्रिय संस्थाहरू विरुद्ध हुनुपर्छ ।

**दोस्रो दृष्टिकोणः राज्यको सान्दर्भिकता कायमै छ**

यो दृष्टिकोणका समर्थकहरूसंग पनि वग्रेल्ती तर्कहरू छन् :

- बहुराष्ट्रिय कम्पनीहरू विभिन्न देशहरूमा संचालन भए पनि तिनीहरूको मुख्यालय (प्यारेन्ट कम्पनी) खास देशमा नै रहेको छ । कसरी र कति नाफा कुम्लाउने भन्ने देखि कहाँ-कहाँ लगानी गर्ने भन्ने कुरासम्मको अनुसन्धान र योजनाको काम त्यही मुख्यालयबाट हुन्छ । मुख्यालय रहेको राज्य र बहुराष्ट्रिय कम्पनीले नयाँ व्यवसाय शुरू गर्न खोजेको राज्य बीच सम्झौता नभई यस्ता कम्पनीले आफ्नो लगानी गर्न सक्दैनन् ।
- सबै बहुराष्ट्रिय कम्पनीहरू "गतिशील" छैनन् । उदाहरणको लागि ठूला-ठूला कारखाना संचालन गरिरहेका पूँजीपतिहरूलाई चलिरहेको कारखानामा ताला ठोकेर अर्को देशमा जान गफ गरे जस्तो सजिलो हुँदैन । उनीहरूले सजिलैसंग सार्न सक्ने पूँजी भनेको मौद्रिक पूँजी (मनि क्यापिटल) मात्र हो । त्यो पनि सम्बन्धित राज्यहरूको सहयोग विना "यताको उता" गर्न सकिंदैन ।
- अन्तरराष्ट्रिय संस्थाहरूले पनि राज्यलाई पूर्ण रूपले विस्थापित गर्न सक्दैनन् । अन्तरराष्ट्रिय संस्थाहरू स्वयं नै पूँजीपतिहरूको स्वार्थको स्वर्ग निर्माण गर्न पूँजीवादी राज्यहरूले मिलेर बनाएका हुन् । त्यसैले अन्तरराष्ट्रिय संस्थाहरूले गरेका निर्णयमा संयुक्त राज्य अमेरिका वा युरोपेली संघ जस्ता शक्तिशाली राज्यको स्वार्थ लुकेको पाइन्छ । विश्वव्यापीकरणको प्रक्रियाबाट राज्य पीडित



भएको छैन, बरु राज्यले नै पूँजीपतिवर्गको स्वार्थको रक्षाको लागि **नवउदारतावादी नीति** लाद्न सहजकर्ताको भूमिका खेलिरहेको छ।

यो दृष्टिकोणका समर्थकहरू पनि माथि उल्लेखित अन्तरराष्ट्रिय संस्थाहरूको विरोध गर्ने कुराको विपक्षमा छैनन्। तर उनीहरूको तर्क छ- राज्य र मालिकहरू विरुद्ध राष्ट्रिय रूपमा संघर्ष केन्द्रित गरेर मात्रै अन्तरराष्ट्रिय पूँजीवादी प्रणालीलाई तह लगाउन सकिन्छ।

राज्य र यसको भूमिकाको सान्दर्भिकता छ कि छैन भन्ने विवादको प्रमुख असर संघर्षको विषयमा पर्दछ। त्यसैले "राज्यले निर्वाह गर्ने विभिन्न भूमिका साह्रै महत्त्वपूर्ण छ" भन्ने हो कि "राज्य शक्तिहीन भएकोले असान्दर्भिक भयो" भन्ने? यो नै हामीले ख्याल गर्नु पर्ने प्रमुख प्रश्न हो।

**नवउदारतावादमा राज्यको भूमिका**

विश्वव्यापीकरणले पूँजीवादी राज्यको परम्परावादी संरचना र कामलाई फेरिदिएको छ। यो फेरिएको स्थितिलाई हामी नवउदारतावादी राज्य भन्छौं। यो नवउदारतावादी राज्य विश्वव्यापीकरणले राज्यको अधिकार खोसेर होइन, विश्वको शक्ति सन्तुलनमा आएको ठोस परिवर्तनले सृजना हुन पुगेको हो। यसका कारणहरू निम्न अनुसार उल्लेख गर्न सकिन्छ :

- १९७० र १९८० को दशकमा संगठित श्रमिक वर्गको शक्ति घट्न थाल्नु।
- विश्वका अन्य देशको तुलनामा संयुक्त राज्य अमेरिका, युरोपेली संघ र जापानको शक्ति बढ्न थाल्नु।
- उत्पादनमा लगानी गरिएको पूँजीको भन्दा मौद्रिक पूँजी (मनी क्यापिटल) को शक्ति बढ्न थाल्नु।

यी नै विश्वव्यापी परिवर्तनले राज्य संचालन प्राक्रियामा ल्याएको फेरबदलाई निम्न तीन भागमा बाँढ्न सकिन्छ :

**१. नवउदारतावादी राज्यले सबै पूँजीपतिलाई होइन खास पूँजीपतिको मात्र पक्षपोषण गर्छ**

नवउदारतावादी राज्यले आम रूपमा पूँजीवादको स्वार्थ रक्षाको लागि पूँजीपतिहरूलाई संगठित गर्दैन, यसले वित्तीय र निर्यात बजार मार्फत् नाफा कमाउने सट्टा बजारीसंग मिलेमतो गरेर सिधै कारोवार गर्छ। यसलाई बुझ्न अफ्रिकाको एउटा उदाहरण तल दिईएको छ।

१९३० को दशकमा सुनको भाउ एकदमै अकासियो। खानी कम्पनीहरूले अकल्पनीय नाफा कमाए। यसको परिणाम स्वरूप राज्यले खानी कम्पनीमा चर्को दरमा कर लगायो। त्यसबाट प्राप्त स्रोतलाई राज्यले इस्कोम, इस्कोर जस्ता कम्पनीहरूमा लगानी गर्‍यो। यो लगानीले दक्षिण अफ्रिकाको औद्योगिकीकरणको लागि आधारभूत संरचना विकास गर्न सघायो। यसरी राज्यले एक क्षेत्रको पूँजीपतिबाट अर्को क्षेत्रमा स्रोत परिचालन गर्‍यो। यसले राष्ट्रिय पूँजी निर्माणमा सहयोग नै गर्‍यो।

तर, अहिलेको नवउदारतावादी दक्षिण अफ्रिकी राज्यले यसरी स्रोत परिचालन गर्दैन। संकट झेली रहेका दक्षिण अफ्रिकी पूँजीपतिहरूलाई मद्दत गर्नुको बदला यसले एङ्गलो अमेरिकन, जेनकोर जस्ता बहुराष्ट्रिय कम्पनीहरूलाई सहयोग गर्ने नाममा देशभित्रको पूँजी विदेश तिर सारिरहेछ।

यो प्रक्रियाको भौगोलिक आयाम पनि छ। पहिले राज्यले अल्पविकसित क्षेत्रमा लगानी गर्न निर्देशित गर्दथ्यो भने नवउदारतावादी राज्यले अमेरिकाको सिलिकन भ्याली जस्ता नाफा हुने ठाउँमा मात्र लगानी गर्छ।

**२. नवउदारतावादी राज्य "खोक्रो" छ**

नवउदारतावादी राज्यको महत्त्वपूर्ण पक्ष भनेकै खास काम अन्तरराष्ट्रिय संस्थामा सार्नु र अन्य काम स्थानीय निकायको जिम्मा लगाइ दिनु हो। डब्लुटीओलाई राज्य-देश (नेसन-स्टेट)को विस्तारको रूपमा लिन सकिन्छ। यहाँ भित्र अमेरिका जस्तो बलियो पूँजीपतिवर्ग भएको राज्यको कमजोर राज्यमाथि हैकम चल्छ। व्यापार र लगानी जस्तो आर्थिक काम मात्रै यस्ता संस्था मार्फत् राज्यले गर्छ।

विश्वव्यापीकरण प्रक्रियामा स्थानीय सरकारको उदयले नवउदारतावादी राज्यलाई सहयोग पुर्‍याएको देखिन्छ। सेवा प्रदान गर्ने आर्थिक दायित्व स्थानीय सरकारमा पन्छाएर केन्द्रीय सरकारले आफ्नो बजेटलाई ठाउँमा त राख्छ, तर वैदेशिक लगानीकर्तालाई आकर्षण गर्न यस्तो काम राम्रै भए पनि प्रायः स्थानीय निकायलाई संकटमा पारिदिन्छ। यसरी स्थानीय सरकारमा आफ्नो केही (मूल) दायित्व जिम्मा लगाएर राज्य खोक्रिएको छ।

**३. नवउदारतावादी राज्यले सेवा दिँदैन, निर्देशित (रेगुलेट) गर्छ**

नवउदारतावादी राज्य सेवा दिने कामबाट पन्छिन्छ र निजी क्षेत्रका लागि हरेक क्षेत्रमा ढोका खोल्छ। यसले सरकार र जनता बीचको सम्बन्धलाई पनि परिवर्तन गरि दिएको छ। किनकि, राज्यले हरेक सेवा बापत दस्तुर लिन्छ र जनतालाई नागरिकको रूपमा नभएर "ग्राहक" वा "उपभोक्ता" को रूपमा व्यवहार गर्छ।

तर, नव-उदारतावादी राज्यले पनि आफू टिकिरहन श्रमिक आपूर्ति भने निश्चित गर्छ। किनकि यस्ता राज्यले शिक्षा, यातायात, स्वास्थ्य जस्ता कुराहरूमा निजी पूँजीपतिको कृपा माथि मात्रै भर पर्नु परेमा कारखाना, व्यवसाय, खानीहरू निरन्तर चलिरहने ग्यारेन्टी हुँदैन। यही समस्या हल गर्न नवउदारवादी राज्यले निजी व्यापारीहरूलाई तोकिएको मापदण्ड पूरा गराउन सहजकर्ता (रेगुलेटर) को भूमिका निर्वाह गर्छ। यद्यपि, नागरिकहरूको हस्तक्षेप र प्रजातान्त्रिक जवाफदेहीपनबाट बाँधिएर यी सबै प्रक्रिया साथ-साथै चलिरहन्छन्।

(ओरकर्स वर्ल्ड न्यूज, नं. २४, सेप्टेम्बर २००२ को लेखमा आधारित)



# श्रमको संसारमा जेण्डर समानता प्रवर्द्धनका लागि त्रिपक्षीय घोषणा जारी

जेण्डर प्रवर्द्धन र समानताको लागि ट्रेड यूनियन कमिटी (टुक-गेप) ले थालेको अभियानले गत पुस १ गतेबाट एक चरण पार गरेको छ। त्यस दिन यूनियनहरू, रोजगारदाताको संगठन र सरकारी प्रतिनिधिहरूले जेण्डर विषयमा आ-आफ्नो अवधारणा प्रस्तुत गरे। श्रम तथा यातायात व्यवस्था मन्त्रालयका सचिवको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा सम्बद्ध क्षेत्रका झण्डै सय जना विभिन्न संस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो।

कार्यक्रमको अन्त्यमा **श्रमको संसारमा जेण्डर समानता प्रवर्द्धनका लागि त्रिपक्षीय घोषणा** नामक घोषणापत्रमा हस्ताक्षर गरियो। घोषणापत्रमा तीन वटा ट्रेड यूनियन महासंघका महिला विभागका प्रमुखहरू, नेपाल उद्योग बाणिज्य महासंघ रोजगारदाता परिषदका उपाध्यक्ष र श्रम तथा यातायात व्यवस्था मन्त्रालयका उपसचिवले हस्ताक्षर गर्नु भएको थियो। हस्ताक्षरको समयमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शंकर शर्मा, अन्तरराष्ट्रिय श्रम संगठन, काठमाडौंका निर्देशक लैला टेग्मो रेड्डी र आईएलओ-साट, नयाँ दिल्लीं जेण्डर तथा महिला विषयका वरिष्ठ विशेषज्ञ डा. ज्योती तुलाधर हुनुहुन्थ्यो। घोषणापत्रको पूर्ण पाठ यसप्रकार रहेको छ-

"हामी, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, नेपाल उद्योग बाणिज्य महासंघ (एफ एन सी सी आई) र तीन वटा ट्रेड यूनियन महासंघहरू: नेपाल प्रजातान्त्रिक ट्रेड यूनियन महासंघ (डिकोण्ट), नेपाल ट्रेड यूनियन महासंघ (जिफण्ट) र नेपाल ट्रेड यूनियन कांग्रेस (एन टी यू सी) आज मिति २०५९ साल पौष १ गते तदनुसार डिसेम्वर १६, २००२ का दिन काठमाण्डौमा निम्न घोषणा गर्दछौं :


नेपाली श्रमको संसारमा रहेको जेण्डर असमानताले देशको समग्र आर्थिक-सामाजिक विकासमा बाधा पुऱ्याएको छ र यो महिला तथा पुरुषका लागि मर्यादित कामको प्रवर्द्धनमा बाधक बनेको छ। जबसम्म जेण्डर विषयलाई आधारभूत विषयको रूपमा लिइँदैन र जेण्डर समानतालाई घोषित उद्देश्यका रूपमा स्वीकारिँदैन तबसम्म नेपालमा दिगो विकासको लक्ष्य प्राप्त हुँदैन।

यो परिप्रेक्षमा श्रमका संसारका हामी सहयात्रीहरू सामूहिक रूपमा यो प्रतिबद्धता जाहेर गर्दछौं कि हामी जेण्डर समानता प्रवर्द्धनको उद्देश्य राखी सामाजिक सम्वादको प्रक्रिया शुरू गर्नेछौं। यो सम्वाद वि.सं. २०५९ साल मंसीर १९ गते तदनुसार ५ डिसेम्बर २००२ का दिन एफ एन सी सी आई, डिकोण्ट, जिफण्ट र एन टी यू सी बीच भएको द्विपक्षीय सम्झौता र वि.सं. २०५९ मंसीर ११ गते तदनुसार नोभेम्बर २७, २००२ का दिन देशका प्रमुख राष्ट्रिय स्तरका ट्रेड यूनियन केन्द्रहरूले हस्ताक्षर गरेको घोषणा अनुरूप हुनेछ। यसरी नै यो घोषणा **गरिबी न्यूनीकरणका लागि मर्यादित काम** नामक दस्तावेजमा संलग्न गरिएको वि.सं. २०५९ वैशाख तदनुसार अपिल २००२ मा **गरिबी न्यूनीकरण रणनीतिक पत्र**मा त्रिपक्षीय सहयात्रीले जोड दिएको सिद्धान्त अनुरूप हुनेछ।

हामी, आई एल ओ को सदस्य राष्ट्रका हैसियतले समानताको प्रवर्द्धनको विषय समाविष्ट भएको **कामको अधिकार र आधारभूत सिद्धान्तको घोषणा**लाई प्रवर्द्धन गर्ने जिम्मेवारी स्वीकार गर्दछौं।

यस्तो सामाजिक सम्वादका लागि हामी सहमत छौ :

- **केन्द्रीय श्रम सल्लाहकार समिति**को मातहतमा हामी तपसिलका सामाजिक सहयात्रीहरू रहने गरी जेण्डर समानता प्राप्ति र विकासका लागि अनुगमन गर्ने निकायको रूपमा श्रमको संसारमा जेण्डर समानता प्रवर्द्धन गर्ने एउटा उपसमिति स्थापना गर्ने छौं,
- **यो उपसमिति** :
  - क) श्री ५ को सरकार, श्रम तथा यातायात व्यवस्था मन्त्रालयका श्री सचिवज्यूको अध्यक्षतामा गठन हुने छ।
  - ख) विशेषज्ञको रूपमा वैठकहरूमा आमन्त्रण गरिने, अन्तरराष्ट्रिय श्रम संगठन-काठमाडौं र महिला तथा जेण्डर विषयका वरिष्ठ विशेषज्ञबाट प्राविधिक सहयोग प्राप्त गर्ने छ।
  - ग) आवश्यकता अनुसार अन्य सहयोगीसंग पनि काम गरिने छ।
  - घ) नियमित रूपमा वैठक संचालन गरिने छ



# गलैंचा मजदुर मिङमार

(२०१९ साल माघ १५ गते दोलखामा जन्मिएका गलैंचा मजदुर मिङमार शेर्पासंग मुकुन्द न्यौपानेले गर्नुभएको कुराकानी

**तपाईंको घरको आर्थिक स्थिति कस्तो थियो ?**

एकदमै नाजुक, हामी तीन भाइ र चार बहिनी थियौं । घरको गरिबीले गर्दा हामी कसैले पनि लेख्न-पढ्न पाएनौं ।

**बाल्यकाल कसरी बित्यो ?**

बुवा नेपाली कागज बनाउने काम गर्नु हुन्थ्यो । त्यसको निम्ति सेतीकाठ काटेर लोकती काट्ने, अर्गेलिको लोकती काड्ने काम हामी गर्थ्यौं । त्यही नेपाली कागज बनाएर ठेकेदारलाई हामीले दिन्थ्यौं । पछि, गाउँमा सेती काठ पनि पाइन छोड्यो । लोकता नपाएपछि हामी त्यही ठेकेदारको मद्दतले रामेछापको बुङ्गदेल भन्ने ठाउँमा बसाइ सर्‍यौं । बुङ्गदेलमा पुगेपछि सेती काठ र अर्गेलि त पाइयो तर हाम्रो कागजै बिक्री हुन छोड्यो ।

**बिक्री किन भएन ?**

बजारमा राम्रो-राम्रो र सस्तो कागज आउन थाल्यो । ठेकेदारले पनि धेरै सस्तोमा मात्र लिन्छु भन्न थाल्यो । त्यसबाट हाम्रो परिवारको गुजारा चलेन, अनि हामी कृषि पेशातिर लाग्यौं ।

**कृषिको लागि जमिन कसरी पाउनु भयो ?**

त्यहाँ एक जना सैनिकका मेजरका छोरा अलिक हुने खाने रहेछन् । तिनकै बारी अधियामा कमाउन थाल्यौं ।

**अधियाले खान पुग्थ्यो ?**

के को खान पुग्नु ? तीन महिना भन्दा बढ्ता खान पुग्दैनथ्यो । त्यसपछि हामी दाजुभाइहरू अरुकोतिर गोठालो बस्न थाल्यौं । म त्यतिवेला ९ वर्षको थिएँ । म वर्षको १० रूपैयाँमा गोठालो बसें । पहिले बाखा चराउँथें । १२ वर्षदेखि भैंसी चराउन थालेपछि लेकमा चौरी चराउने काममा मालिकले लगाए । त्यो वेला मेरो उमेर १८ वर्षको थियो । १ वर्षको १० रूपैयाबाट १८ वर्षमा पुगेर चौरी चराउन थालेपछि मालिकले मेरो तलब वर्षको २ सय बनाइ दिए । ९ वर्षसम्म १ वर्षको दश रूपैंयामै काम गरें । अरु दाजुभाइको हालखवर पाइन पनि गाह्रो पर्ने, मालिकबाट उम्किने फुर्सत हुँदैनथ्यो ।

**१८ वर्षको उमेर हुँदा पनि जीवनको बारेमा केही सोच्नु भएन त ?**

सोचेर मा के गर्नु । बल्ल-बल्ल मालिकले १०० रूपैयाँ दियो । त्यही सय रूपैयाँ बोकेर घर आएँ । घरमा पैसा ल्याएको कुरो पनि बताइन र त्यसै रात भागेर काठमाडौं आएँ । साथमा एक जना साथी पनि थियो । काठमाडौंमा कतै काम पाइन्छ कि भनेर दुई दिन रुमल्लियौं । त्यो साथीले भारततिर जाउँ, बरु उतैतिर गए काम पाइन्छ भन्यो । अनि, कालिमाटीबाट ट्रकको पछाडि बसेर चार-चार रूपैयाँ तिरेर वीरगञ्ज पुग्यौं । त्यहींबाट भारत पस्यौं ।

**भारतको कुन ठाउँमा पुग्नु भयो ?**

रक्सौलबाट रेल चढेर लखनौ पुग्यौं । त्यहाँ काठगोदाम भन्ने ठाउँमा नयाँ सडक बन्दै रहेछ । हामीलाई इण्डियाको ठेकेदारले काठगोदाम भन्ने ठाउँमा लिएर गयो । रक्सौलबाट काठगोदाम पुग्दा ५० रूपैयाँ भाडामै गयो । खाँदा-वर्दा पाँच रूपैयाँ मात्र हामीसंग बचेको थियो ।

**त्यसपछि के गर्नुभयो ?**

त्यहाँ अल्माडी भन्ने ठाउँमा नयाँ सडक बन्दै रहेछ, त्यहीं लगेर गिटी कुट्ने र माटो काट्ने काम दिए । हामीले त्यहीं काम गर्‍यौं । दिनको पाँच तनखा दिन्थ्यो । यो २५-२६ सालतिरको कुरा हो । १ वर्षसम्म अल्माडीमा काम गरेपछि मलाई त्यहींको ठेकेदारले नेपालगञ्ज लिएर आयो । नेपालगञ्ज पिप्ला भन्ने ठाउँमा नर्वेले नहर बनाउन लागेको रहेछ । त्यही मानिसले ठेक्का लिएको रहेछ । मलाई उसले त्यहाँ दिनको १५ रूपैयाँ नेपाली दिन्थ्यो । त्यहाँको काम ४ महिनामै सकियो । त्यही ठेकेदारले फेरि धनगढी-चिसापानीको सडक बनाउने ठेक्का लिएछ । म पनि उसैसंग गएर त्यसै सडकमा काम गर्न थाले । त्यो बाटोको मूल

ठेकेदार चाहिं आङदोर्जे भन्ने रहेछ । मलाई दिनको ३० रूपैयाँ तलब दिन्थ्यो । वर्ष दिन काम गरेपछि मलाई त्यहाँ बस्न मन लागेन । घरका दाजुभाइ, आमाबाबु र आफ्नै जिन्दगीको बारेमा पनि चिन्ता बढ्न थाल्यो । त्यसपछि म घर आएँ ।

**गाउँ फर्किपछि के सुधार भयो ?**

के सुधार हुनु ? चार महिना रामेछाप बसें । सबै परिवारको हालत उस्तै थियो । खान भन् धौ-धौ पर्न थाल्यो । अनि म जन्मथलो दोलखा फर्किंए । त्यहाँ ठूला बाकोमा बसें । बाबुहरूको अंश भएको थिएन । २२ वर्षमा ठूलो बाकै घरबाट बिहे गरें । ठूलो बाले अंश पनि दिएर छुट्याइ दिए । दुई बुढाबुढी मिलेर खेती गर्‍यौं । तीन महिना पनि खान पुगेन । फेरि बुढाबुढी मिलेर नेपाली कागज बनाउन थाल्यौं । दिनमा २० कोरीसम्म बनाउने गर्थ्यौं, तर ठेकेदारले कोरीको १ रूपैयाँभन्दा दिएन । २० रूपैयाँले हाम्रो गुजारा चलेन । म फेरि भारत पसें । सिक्किम पुगें, त्यहाँ पनि बाटो बन्दै रहेछ । ९ महिना त्यहीं बाटोको काम गरें । त्यहाँबाट पनि जीवन चल्ने छाँट मैले देखिन । अब त श्रीमती पनि हेर्नु पर्ने । त्यसपछि म फेरि घर फर्कें ।

त्यसै वेला चर्खु गाविसले वृक्षरोपण गर्दै रहेछ । त्यसैमा महिनामा ३१० रूपैयाँ तलबमा चौकीदारको काम पाएँ । तीन वर्ष त्यो नर्सरीमा काम गर्दा मैले जीवनमा पहिलो पटक केही पैसा बचाएर त्यसैबाट घर बनाएँ ।

**यसपछि त घर राम्रै चल्यो होला नि ?**

मेरो चौकीदारी पनि सकियो । म बेरोजगार भएँ । श्रीमतीसंग सल्लाह गरें । त्यसै वेला काठमाडौंमा गलैंचा उद्योग धमाधम खुल्दैछ भन्ने हल्ला गाउँतिर पुग्यो । धेरै मानिसहरू यता आउन लागे । म पनि काठमाडौं सुन्दरीजलमा आएर गलैंचा बुन्न सिकें । त्यसपछि श्रीमती लिएर आएँ । सुन्दरीजलको कारखानामा ज्याला ४ सय थियो । २ जनालाई टिक्न गाह्रो पर्‍यो । त्यसपछि बल्खु सर्‍यौं र २ महिना काम गर्‍यौं । त्यहाँ पनि गुजारा चलेन र हामी भक्तपुर गलैंचामा सर्‍यौं । त्यहाँ मिटरको ३०० ।- रूपैयाँ दिन्थ्यो । काम राम्रै थियो । त्यो कारखाना सिंहदरवार छेउमा सर्‍यो । त्यहाँ आएपछि म बेमारी परें । ३ महिना थला परें । श्रीमती मात्र काम गर्थिन् । उनकै कमाइले मेरो औषधि-मुलो भयो । कारखानाको मालिक पनि आफ्नै गाउँतिरको र अलिक दयालु भएकोले उनले मलाई पुनः काम दिए । दुई वर्ष पछि म काठमाडौंको सिगाचे कारखानामा सरें । त्यतिवेला बहुदल आइसकेको थियो ।

०४९ साल पुस १४ गतेको कुरा हो । यो कारखाना पहिलेका भन्दा अलिक ठूलो थियो र मजदुर पनि धेरै थिए । त्यहाँ विवाद भइरहन्थ्यो । एक जना पेमा भन्ने त्यहीं काम गर्ने साथीले यस्ता विवाद सुल्झाउन “यूनियन नभई हुँदैन त्यसैले हामी पनि यूनियन बनाउँ” भनें । हामी कसैले मानेनौं, हामीले यूनियन भनेको बुझेका पनि थिएनौं । उनले निकै कोसिस गर्दा पनि कोही तयार भएनन् । पछि मैले त साथीको वचनलाई तोड्न नसकेर हुन्छ पनि भनें र सबैले नमानेपछि म अलमल्ल परें ।

**आज त त्यहाँ यूनियन छ, यूनियन बनेको पनि निकै वर्ष भयो । तपाई आफै पनि यूनियनको सदस्य हुनुहुन्छ । कसरी बन्यो त त्यहाँ यूनियन ?**

पचास साल तिरको कुरा हो, मालिकले एक जना पासाङ भन्ने साथीलाई कारखानाबाट निकाल्यो । उसले १५ दिनसम्म मालिककोमा धायो । हात जोडेर खुट्टा समात्यो तर मालिकले उसलाई राखेन । त्यो साथीको दुःख-कष्ट देखेर धेरै साथीको मन दुख्यो । उसको गल्ती केही थिएन । त्यसै वेला पेमाले हामीलाई भनें- “मैले पहिले नै तपाईंहरूलाई भनेको हुँ । यूनियन नभई, हामी संगठित नभई, हाम्रो कुरो कसैले सुन्दैन ? मान्नु भएन के गर्ने ? आज एक जना निकाल्यो, भोलि अर्को निकाल्छ । यसरी टुलु-टुलु नहेरौं । बरु जिफन्ट जाउँ” भनें । अनि पेमा सहित हामी ४ जना जिफन्ट आयौं । जिफन्टका साथीहरूले हामीलाई भन्नुभयो- “तपाईंहरूको आफ्नो यूनियन छैन । मालिकसंग कुरा गर्ने एक्लै भएपछि सबैले हेप्छन् । तपाईंहरूलाई साथीहरूले यूनियन बनाउनुस् भन्दा कुरो सुन्नु हुन्न । मजदुरहरू एकजुट हुनु पर्छ, मजदुरहरू एकजुट नभई बाहिरबाट केही गर्न सकिंदैन” भनेर सम्झाउनु भयो । त्यसले हाम्रो मन बुझ्यो । हामी फर्किएर कारखानाका सबै साथीहरूसंग एक्ला-एक्लै कुरा गर्‍यौं । सबैले हाम्रो कुरा माने । दुई सय मजदुरले यूनियन बनाउन सहमति जनाएर सही गरे । त्यो सही गरेको कागज हामीले नेपाल ट्रेड यूनियन महासंघमा पठायौं । यो ०५४ सालको कुरो हो । त्यसपछि विनोद श्रेष्ठ, तुलसी सिवाकोटी, युवराज जिरेल आएर सभा गरे । उनीहरूले भाषण गरे । हामीले यूनियन बनाएर दर्ता गर्‍यौं ।

**यूनियन बन्दा र नबन्दाको अवस्थामा तपाईंले के फरक पाउनु भयो ?**

म अहिले त्यो यूनियनको सहसचिव छु । मालिक र मजदुरको बीचमा त्यसपछि धेरै तितो-पीरो छैन । कहीलेकाहीं खटपट परे पनि बसेर कुरा हल गर्छौं । मान्छे निकालिएका छैनन् ।

**गलैंचा उद्योगहरू बन्द हुँदैछन् भन्ने सुनिंदैछ । धेरै मजदुर कटौती भए अरे ! तपाईंको उद्योगमा यसको प्रभाव परेको छैन ?**

परेको त छ । यो माओवादीले ल्याएको समस्या हो । विदेशबाट अडर पनि कम आउन थाल्यो, यहाँ आउने विदेशी पनि घटे । यसले गर्दा धेरै उद्योग बन्द भए । कति लडखडाई रहेका छन् । तर, हाम्रो उद्योग अहिलेसम्म बाँचेको छ । भविष्यमा भन्न सकिन्न । अब त मालिक-मजदुर सबै वाक्क भइसके ।

**यूनियनमा लागे बापत तपाईंलाई पश्चाताप छैन ?**

म वर्षमा १० रूपैंयाँ तलब खाने गोठालो ! भारतका गल्लीमा ५ रूपैंयामा गिट्टी कुट्ने मान्छे, आज यति कुरा बुझ्ने भएँ । देशलाई बुझ्न सके ँ अहिले यूनियनको जिम्मेवार ठाउँमा छु । मैले त महासंघले आफूलाई यसरी आँखा देखाएकोमा आफैलाई भाग्यमानी ठानेको छु । महासंघलाई पनि धन्यवाद !

ल त मिङमारज्यू, यत्रो दुःख र कष्टका दिन गुजार्दा पनि एकरत्ति नआत्तिई अनेक उकाली-ओराली पार गर्दै एउटा संस्थाको साथी बन्न आइपुग्नु भएकोमा म र मेरो महासंघका साथीहरूका तर्फबाट पनि तपाईंको परिवार छोराछोरी, साथीभाइ सबैलाई धेरै धेरै धन्यवाद !


**प्रस्तुति : मुकुन्द न्यौपाने**

# विभाजनभित्रको एकता प्रयास : बिल्स

**विन्दा पाण्डे**

बंगलादेशको राजनैतिक र आर्थिक विकासमा त्यहाँका श्रमिकहरूले उल्लेखनीय योगदान गरेका छन्। तर पनि, ट्रेड यूनियन आन्दोलनमा रहेको अनियन्त्रित र अव्यस्थित विभाजनले गर्दा ट्रेड यनियन आफैंमा भने त्यति शक्तिशाली आन्दोलनको रूपमा स्थापित हुन सकेको छैन। ५ करोड ६० लाख भन्दा बढि श्रमशक्ति रहेको बंगलादेशमा झण्डै तीन करोड श्रमिकहरू श्रम बजारमा संलग्न रहेका छन्। तर बिडम्वना, सिंगो श्रमिक संख्याको जम्मा पाँच प्रतिशत जति मात्र यूनियनमा संगठित छन् र उनीहरू पनि दुई दर्जन भन्दा बढी ट्रेड यूनियन फेडेरेसनहरूमा विभाजित छन्।

यही समस्या नियन्त्रण गर्ने उद्देश्यले सन् १९९५ मा १४ वटा राष्ट्रिय फेडेरेसनहरूले साझा संस्थाको रूपमा **बंगलादेश इन्स्टिच्युट अफ लेवोर (बिल्स)** को स्थापना गरेका हुन्। यस इन्स्टिच्युटको मूल उद्देश्य भनेको ट्रेड यूनियन आन्दोलनलाई समाजमा एउटा महत्त्वपूर्ण सामाजिक सहयात्रीको रूपमा स्थापित गराउनु हो। यो उद्देश्य प्राप्तिका लागि यस इन्स्टिच्युटले सरकार, उद्यमी, आईएलओ र अन्य श्रम सम्बन्धी गैर सरकारी संघसंस्थाहरूसंग मिलेर आफ्नो गतिविधिलाई संचालन गरिरहेको छ।




बिल्सका अन्य उद्देश्यहरू यस्ता छन् :

- ट्रेड यूनियनहरू बीच आपसी सौहार्द्रता बढाउँदै साझा रणनीतिको विकास गरी समाजप्रतिको दायित्व बोध गराउने र सेवा प्रदान गर्ने वातावरणको सृजना गर्ने,
- ट्रेड यूनियनहरूलाई आत्मनिर्भर बनाउन सहयोग गर्ने,
- यूनियन आन्दोलनमा महिला सहभागितामा वृद्धि गर्न विशेष कार्यक्रमहरू संचालन गर्ने,
- कार्यथलोमा रहेका जेण्डर विभेदहरूलाई कम गर्दै लैजाने,
- व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको क्षेत्रमा सुधारका कार्यक्रमहरू संचालन गर्ने
- समाजमा ट्रेड यूनियन आन्दोलनको छवि सुधार गर्दै बढी भन्दा बढी श्रमिकलाई संगठित गरी आपसी एकता, सहयोग र सद्भावमा श्रमिकको शक्ति रहेको हुन्छ भन्ने कुरालाई महसुस गराउँदै साझा उद्देश्य प्राप्तिको लागि संयुक्त रूपमा अगाडि बढ्ने वातावरण बनाउने।

**संरचना**

बिल्सको संरचनामा तीन वटा तहहरू रहेका छन्।

**महासभा (जनरल काउन्सिल)**

यसमा फरक-फरक पेशा र व्यवसायको प्रतिनिधित्व गर्ने १४ वटै ट्रेड यूनियन फेडेरेसनका प्रतिनिधिहरू रहेका छन्। हरेक यूनियनका शुल्क तिर्ने सदस्य संख्याको आधारमा परिषदमा प्रतिनिधित्वको संख्या निर्धारण गरिन्छ। हरेक दुई वर्षमा यसको महासभा हुन्छ। र, महासभाले कार्यकारी कमिटीको निर्वाचन गर्दछ।

**सल्लाहकार परिषद (एड्भाइजरी काउन्सिल)**

यो बिल्सको दैनिक कार्य संचालनको लागि आवश्यक सरसल्लाह दिने संयन्त्र हो। यसमा सबै यूनियनका उच्च तहका १/१ जना नेताहरू, (प्राय: अध्यक्ष र महासचिवहरू) रहने गर्छन्। महासभा नभइरहेको अवस्थामा नीति र कार्यक्रमको कार्यान्वयनको अनुगमन गर्ने कुरामा यसको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ।

**कार्यकारी कमिटी (एक्जेकेटिभ कमिटी)**

महासभावाट कार्यकारी कमिटीको निर्वाचन हुन्छ। एक पटक निर्वाचित भएपछि सामान्यतया यसको कार्यअवधि दुई वर्षको हुन्छ। महासभाबाट पारित भएको नीतिको अधिनमा रही कार्यक्रमको कार्यान्वयन गराउने जिम्मेवारी यस कमिटीको हुन्छ।

### गतिविधि

बिल्सले निश्चित क्षेत्रमा मात्र आफ्ना गतिविधि संचालन गर्दछ, जुन महासभाबाट पारित गरिएको हुन्छ । यस्ता गतिविधिहरू कतिपय यूनियनहरूसंग मिलेर गरिन्छ भने कतिपय दातृसंस्थाहरूको सहयोगमा गरिन्छ । यसका गतिविधिका क्षेत्रहरूलाई यसरी उल्लेख गरिएको छ :

- श्रमसंग सम्बन्धित अध्ययन र अनुसन्धानहरू
- श्रम सम्बन्धी सूचनाको संकलन र प्रवाह
- श्रमसंग सम्बन्धित समसामयिक विषयहरूमा बैठक, छलफल, सेमिनार, कार्यशाला आदि
- राष्ट्रिय ट्रेड यूनियन फेडरेसनहरूको दक्षता अभिवृद्धिका लागि शिक्षा र तालिम कार्यक्रमहरू
- राष्ट्रिय र अन्तरराष्ट्रिय ट्रेड यूनियन र सम्बन्धित क्षेत्रका इन्स्टिच्युटहरूसंग सम्बन्ध र सम्पर्क विस्तार
- श्रम सम्बन्धी विभिन्न किसिमका प्रकाशनहरू
- श्रम र कार्यथलोसंग सम्बन्धित विभिन्न विषयमा अभियान संचालन र ऐक्यबद्धता कार्यक्रमहरू

विगत सात वर्षदेखि बंगलादेशका ट्रेड यूनियनहरू बीच जसरी बिल्स क्रियाशील रहेको छ, दक्षिण एसिया जस्तो क्षेत्रमा, यसलाई एउटा नयाँ अनुभवका रूपमा लिन सकिन्छ । यसलाई संचालन गर्ने र निरन्तरता दिने कुरामा थुप्रै समस्याहरू रहेका हुन सक्छन्, यति हुँदाहुँदै पनि एकल ट्रेड यूनियन निर्माण वा साझा विषयमा संयुक्त कामको हिसाबले सकारात्मक पाटोबाट सिक्नका लागि धेरै विकल्प मध्ये यो पनि एउटा मोडेल हुन सक्छ । एकल ट्रेड यूनियन निर्माणको लागि क्रियाशील रहेका नेपालका ट्रेड यूनियनहरूका लागि पनि यो अनुभव सान्दर्भिक देखिन्छ ।

# गुस्ता, जसको लागि क्रान्ति पेस्ता थिएन

**अग्निशिखा**

"आफ्नो सम्पूर्ण जिन्दगीको अथवा जीवनको कुनै तुच्छ क्षणको सिनेमा, आफ्ना आमा, स्वास्नी, अथवा केटाकेटीहरूको सिनेमा, साहसी साथीहरूको अथवा विश्वासघातको सिनेमा, दह्रो चालले समात्ने त्यस हातको सिनेमा- जसले मलाई डग्न दिएन । भीषण आतंकको सिनेमा अथवा वीरतापूर्ण निश्चयको, घृणाको अथवा प्रेमको, भयको र आशाको सिनेमा । ...मैले आफ्नो जीवनको सिनेमालाई सयौं पटक, हजारौं स-साना घटनाहरूमा देखेको छु ।"....

(जुलियस फ्युचिक/झुण्डाउँदा झुण्डाउँदै/ अनु. वाचस्पति देवकोटा)

जो कम्युनिस्ट छन्, वामपन्थी छन् र जो तानाशाही विरोधी छन् । जो स्वतन्त्रताप्रेमी छन्, न्यायप्रेमी छन् र फासिस्ट विरोधी छन् । र, जो साम्राज्यवाद विरोधी छन् । कमै होलान्, जसले जुलियस फ्यूचिकको नाम सुनेका छैनन् । कमै होलान्, जसले जुलियसको वीरतापूर्ण गाथा नपढेका होलान् । कमै होलान्, जसले जुलियसको गौरवशाली मृत्युमा प्रेरणा ग्रहण नगरेका होलान् । र, कमै होलान्, जसले अमरकृति 'द रिपोर्ट फ्रम द ग्यालोज' वा "फाँसी के तख्ते से" वा "झुड्याउँदा झुण्ड्याउँदै"मा आफूलाई नडुबाएका !

जुलियस जो कम्युनिस्ट थिए, लेखक थिए, पत्रकार थिए, पार्टी मुखपत्रका सम्पादक थिए र फासिस्ट विरोधी योद्धा थिए । चेकोस्लोभाकियाका ती वीर- जसलाई कालकोठरीले पनि तर्साएन, यातनाले पनि डगाएन र प्रलोभनले पनि लोभ्याएन । जो जुधिरह्यो आफ्नो देशमा नाजी अधिपत्यका विरुद्ध । र, जो मारियो चालीस वर्षको उमेरमा नै नाजी गेस्टापोको गोलीबाट बर्लिनमा ।

भियतनामका न्गुएन भान त्राय, भारतका भगत सिंह, क्यूबाका चे ग्वेभारा, चेकोस्लोभाकियाका जुलियस, जर्मनीका रोजा लक्जेम्बर्ग, चीनका याङ्काई हुई- यी वीर युवाहरूका संघर्षशील गाथाले, आफ्नो लक्ष्यमा तिनको प्रतिवद्धताले र मृत्युको कालो छायाँमा समेत नडग्ने तिनको आस्थाले विश्वका करोडौं मानव मनहरूलाई अभिप्रेरित गरेको छ । र, भन्नु अति नहोला- तिनका रक्तबीजबाटै लाखौं-लाख योद्धाहरू जन्मेका छन् ।

जस्तो कि, फिडेल क्यास्ट्रो स्वयम् एक योद्धा हुन् । तर पनि, जसले सन् १९७२ मा चेकोस्लोभाकियाको भ्रमण गर्दा जुलियसको सन्दर्भमा भनेका थिए- "जुलियस फ्यूचिकको कृति "झुण्ड्याउँदा झुण्ड्याउँदै" पढ्ने जो कोहीलाई अभिप्रेरित गरेको छ, संघर्षका खतरनाक क्षणसँग साक्षात्कार हुँदा दृढता प्रदान गरेको छ । र, हाम्रो युगको प्रत्येक विजयमा फ्यूचिकको विरासत कुँदिएको छ ।"

अभिनन्दनको खास्टो ओढ्दैमा मात्र कोही अभिनन्दनीय हुँदैन । योद्धाको टीका लगाउँदैमा मात्र कोही योद्धा ठहरिँदैन । जीब्रोमा क्रान्तिको लफ्फाजी फट्कार्दैमा मात्र कोही क्रान्तिवीर हुँदैन । र, खल्तीमा कम्युनिस्ट सदस्यताको कार्ड घुसार्दैमा मात्र कोही कमरेडमा गनिदैन । क्रान्ति पेस्ता होइन, जसलाई स्वाद लिई लिई चपाउन सकियोस् । त्यो त जुलियसहरूकै रगतमा घोलिएको हुन्छ ।

जुलियसका बारेमा असंख्य मान्छे जानिफकार छन् । यसकारण पनि कि, जुलियसको "रिपोर्ट फ्रम द ग्यालोज"लाई विश्वको प्रगतिशील समुदायले प्यारो कृतिको रूपमा स्वीकारेको थियो । न्यायप्रेमी मानिसका आशा, आकांक्षा, यातना र पीडा, संघर्ष र बलिदान, सुन्दर भविष्यप्रतिको अटल विश्वासलाई समेटेर जेलमा कागजका टुक्रा-टुक्रामा जन्मेको थियो फ्यूचिकको "रिपोर्ट... ।" जुन, चेकोस्लोभाकियामा ३८ पटक र कैयन विदेशी भाषामा ३ सय २० पटक पुनः मुद्रण भैसकेको छ ।

संघर्षको मैदानमा जहाँ जुलियस हुन्छन् त्यहाँ सहयात्रीको रूपमा, सहयोद्धाको रूपमा गुस्ताहरू पनि हुन्छन् । गुस्ता नभएकी भए शायद जुलियसको यो अमर कृति पनि जन्मने थिएन । गुस्ता अर्थात् जुलियस फ्यूचिककी पत्नी- गुस्ता फ्यूचिकोभा । उनी जुलियस भन्दा ६ महिना कान्छी थिइन् ।

गुस्ताको जन्म सन् १९०३ मा ओस्त्रेदेक गाउँमा भएको थियो । र, उनको बाल्यकालको नाम थियो- अगष्टिना कोदेरिकोभा । अगस्टमा जन्मेको हुँदा शायद अगष्टिना भएको हो । उनका पिता-पुर्खा किसान थिए । गरिबीको मार झेलेका त्यस परिवारमा गुस्ताको बाल्यकाल दुःखद् रह्यो । कुपोषणका कारण उनकी दिदीको

६ महिनामा नै निधन भएको थियो भने गुस्ता १८ महिनाकी हुँदा आमा बितेकी थिइन् । बाबुले दोस्रो विवाह गरेपछि गुस्ताले सौतेनी आमाको कठोर व्यवहार सहनु पर्‍यो । जस्तो कि, गुस्ताले नै भनेकी थिइन्- मैले कहिल्यै अन्य बाल-बालिकाको जस्तो बाल्यकाल अनुभव गर्न पाइन ।" फलस्वरूप, उनमा कहिल्यै पनि आफ्नो पिताप्रति आदर तथा स्नेह जाग्न सकेन ।

आफ्नो जिविकाको लागि गुस्ता स्कूलमा पढ्दा पढ्दै काम खोज्न बाध्य भइन् । गहभरि आँशुका साथ उनी आफ्नो पिताको घर छाडेर हिंडिन्- नवोदित राष्ट्र चेकोस्लोभाकियाको राजधानी प्रागतर्फ । उनको साथमा एउटा पोको मात्र थियो, जसमा एउटा नयाँ लुगा र यात्राको लागि नास्ता थियो । प्रागमा उनले डिपार्टमेन्टल स्टोरमा काम पाइन्, तर तलब थोरै थियो । उनले आफ्नो संस्मरणमा लेखेकी छन्- "मैले सुत्ने ठाउँ बाथरुममा मात्र पाएँ ।" उनले जसोतसो खर्च जोगाएर हाइस्कूलको अध्ययन पूरा गरिन् र स्त्राका कमर्सियल एकेडेमीमा भर्ना भइन् ।

त्यतिखेर गुस्ता दुब्ली-पातली थिइन् । साहित्य र नाटक भनेपछि हुरुक्कै हुन्थिन् । त्यसैक्रममा उनको परिचय भएको थियो- जुलियस फ्युचिकसँग । तर तिनलाई थाहा थिएन- कुनैबेला आफूहरू दाम्पत्य सम्बन्धमा बाँधिने कुरा । यसर्थ कि, त्यतिखेर ती दुवैका अन्य प्रेमी-प्रेमिका थिए । तथापि, समान राजनीतिक धारणा र साहित्यप्रतिको रुचिका कारण जुलियस र गुस्ता आपसमा नजिकिन पुगे । दुवै चेकोस्लोभाकियन कम्युनिस्ट पार्टीमा सक्रिय हुन थाले । त्यस पार्टीमा गुस्ता सन् १९२४ मा सामेल भएकी थिइन् र समाजवादी साहित्य वितरण गर्ने गर्थिन् ।

गुस्ता र जुलियसको सम्बन्ध आपसी सम्मान, प्रेम तथा समाजवादप्रतिको गहिरो निष्ठामा आधारित थियो । व्यापक अध्ययनका कारण गुस्ताको संकोची स्वभावमा परिवर्तन आउन थाल्यो र उनी प्रखर वक्ताको रूपमा देखिन थालिन् । राजनीतिक बैठक र प्रदर्शनमा निरन्तर सहभागितासँगै गुस्ता महिला अधिकार र संगठित श्रमिकका सन्दर्भमा आवाज उठाउन थालिन् । उनी पार्टीको मुखपत्र रुदे प्राभो (Red Law) को टीममा समेत समावेश भइन् । गुस्ताले १९३१ मा सोभियत संघको भ्रमण गरेकी थिइन् ।

सन् १९३८ मा गुस्ता र जुलियसले आपसमा विवाह गर्ने निर्णय गरे । त्यतिखेर राष्ट्रिय राजनीति जटिल मोडमा पुगेको थियो । फासीवादको कालो बादल चेकोस्लाभाकियाको आकाशमा छाउन थालेको थियो । बुर्जुवा राजनीतिज्ञहरूको लागि स्थिति सधैंको जस्तो सामान्य भए पनि फासीवादविरोधी जनताले त्यसको खतरा महसूस गर्न थालिसकेका थिए । जसको कारण, जुलियस काँधमा बन्दुक भिरेर प्रतिरोधी आन्दोलनमा जुटे भने गुस्ता विशाल जनप्रदर्शन र हड्तालको अभियानमा सहभागी भइन् ।

हिटलरलाई खुशी पार्नेतर्फ लागेको सत्ताले कम्युनिस्ट पार्टीलाई अवैध घोषणा गर्‍यो र प्रेसमाथि प्रतिबन्ध लगायो तर, चेकोस्लोभाकिया राज्य जोगिएन, सम्पूर्ण रूपमा छिन्नभिन्न भयो र फासिस्ट स्लोभाकिया गणतन्त्रको उदय भयो । चेकोस्लोभाकियाका सिमाना पोल्याण्ड र हंगेरीमा गाभिए । र, अन्ततः "प्रोटेक्टरेट अफ वोहेमिया एण्ड मोराभिया"को नाममा नाजी कठुपतली राज्यको स्थापना भयो, जसको शासन बर्लिनबाट चल्न थाल्यो । रातारात युरोपको नक्साबाट चेकोस्लोभाकिया गायब भयो । र, गुस्ता तथा जुलियस भूमिगत प्रेसको स्थापनामा र रुदे प्राभोको अवैध वितरणमा जुटे ।

गुस्ता र जुलियस नाजीको "वान्टेड लिस्ट"मा परे । उनीहरूले छोटो समयका लागि आफूहरू छुट्टिने, घर परिवर्तन गरिरहने र आ-आफ्नो परिचय समेत फेर्ने निर्णय गरे । उनीहरू प्रागमा फर्केका मात्र के थिए, नाजी गुप्तचर संस्था गेस्टापोले जुलियसका पिताको घरमा छापा मार्‍यो । त्यसपछिका दिनमा श्रृंखलावद्ध रूपमा र तीव्र गतिमा प्रतिरोधी आन्दोलन (The UVOD) को केन्द्रीय नेतृत्वलाई गेस्टापोद्वारा तहसनहस पारियो ।

दोस्रो विश्वयुद्धको दौरान, सन् १९४१ मा "भाइस राइख प्रोटेक्टर"को रूपमा रेइनहार्ड हाइड्रिखको नियुक्तिपछि चेक भूमिले व्यापक गिरफ्तारी, यातना र हत्याको कहर भोग्नुपर्‍यो । मार्शल ल लागू हुनाका साथै प्रतिरोधी आन्दोलनका सयौं योद्धाहरूलाई मृत्युदण्ड दिइयो र हजारौं योद्धाहरूलाई कन्सेन्ट्रेसन क्याम्पहरूमा पुर्‍याइयो । तथापि, कालको यस ताण्डव नृत्यमाझ पनि प्राग शहरको मध्यमा रहेर गुस्ता र जुलियस प्रतिरोधी अभियानको संगठनमा जुटिरहे । उनीहरूले गेस्टापोलाई छक्याउन आफूलाई "सम्मानित" प्रोफेसर होराक र गैरराजनीतिक पत्नीको रूपमा समाजमा पेश गरेका थिए ।

अन्ततः त्यो रात निम्तियो नै, जुन रात प्रतिरोधी आन्दोलनका सदस्यहरूसँगको बैठकका लागि जुलियस गएका थिए । २४ अप्रिल १९४२ को त्यस रात गेस्टापोले छापा मार्‍यो र जुलियससँगै उनका साथीहरू गिरफ्तार भए । वेस्मारी कुटेर जुलियसलाई "एन्टी कम्युनिस्ट डिपार्टमेन्ट"मा लगेको त्यस रात गुस्ता मस्त निदाइरहेको बेला त्यहाँ पनि गेस्टापोको अर्को टोलीले मध्य रातमा छापा मार्‍यो । जब ढोकाको घण्टी लगातार बज्न थाल्यो, तब गुस्ताले रुदे प्राभोका प्रतिहरू झ्यालबाहिर फ्याँकिन् त्यसपछि जब उनले ढोका खोलिन् गेस्टापोका एजेन्टहरू उनलाई पर्खिरहेका थिए । त्यसरी एकै रात गुस्ता र जुलियस पक्राउ परे ।

भोलिपल्ट बिहानै जब गुस्तालाई सोधपुछ कोठामा लगियो, उनले रगताम्य आफ्नो लोग्नेलाई देखिन् । जुलियसले यसबारे लेखेका छन्- "गुस्ताले नदेखून् भनेर मैले रगत निलें, तथापि, यो बेकार थियो । मेरो अनुहारको जताततैबाट रगत बगिरहेको थियो, मेरा औंलाका टुप्पाहरूबाट समेत ।" "त्यसलाई चिन्छेस् ?" उनलाई सोधियो । उनले भनिन् "अहँ ।" गुस्तालाई एक महिनाभन्दा बढी समयसम्म एकान्त कैदमा राखियो । त्यसपश्चात्, उनको लोग्नेको फलामे दृढता टुटाउन गेस्टापोले गुस्तालाई उपयोग गर्ने असफल प्रयास गर्‍यो ।

यस सन्दर्भमा जुलियसले लेखेका छन्- "तिनीहरूले उनलाई भित्र डाके । "उसलाई समझदार बन्न सम्झाऊ ।" विभागीय प्रमुखले गुस्तालाई भन्यो- "आफ्नो बारेमा उसले नसोचे पनि तिम्रो बारेमा त सोचोस् । एक घण्टाको समय दिन्छु । यदि ऊ तब पनि हठी हुन्छ भने तिमीहरू दुवै जनालाई आज राति गोली ठोकिने छ । गुस्ताले आफ्ना आँखाले मलाई मुसारिन् र सिधा जवाफ दिइन्- कमिसार, मेरो लागि यो धम्की बेकार छ । उनलाई मारिन्छ भने मलाई पनि मारियोस् । यही मेरो अन्तिम इच्छा हो ।" स्मरणीय छ, जुलियसलाई राखिएको प्रान्क्राज जेलको एक तलामुनि नै गुस्ता थुनिएकी थिइन् ।

आफ्नो थुनुवा लोग्नेको बारेमा गुस्ताले पछि लेखेकी थिइन्- "उनले जुन अवस्थामा जेलमा गोप्यरूपमा लेख्न थालेका थिए, त्यो अवस्था ग्रिनेड र बम विष्फोटको लडाईको थलो भन्दा पनि कठिन थियो ।"

गुस्तालाई फासिस्टहरूले पोल्याण्डमा लगे । उनलाई एक क्याम्पबाट अर्को क्याम्पमा पुर्‍याइयो, तर पनि समाजवादी भविष्यप्रतिको

उनको विश्वास धमिलिएन । सन् १९४५ मा राभेन्सब्रक मुक्त भएपछि गुस्ता शरणार्थीहरूको लाममा लहरिँदै चेकोस्लोभाकियामा फर्किन् । र, आफ्नो लोग्ने जुलियसको खोजीमा लागिन् ।

आखिर छोटो समयमा नै तितो सत्य प्रकट भयो । त्यो यही कि- जुलियसलाई प्रागबाट बर्लिनमा स्थानान्तरण गरिएको थियो । र, ८ सेप्टेम्बर १९४३ को दिन प्लोटेन्सी जेलमा गोली ठोकेर गेस्टापोले हत्या गरेको थियो । यसबाहेक, गेस्टापोका एजेन्टहरूले जुलियसका रचनाहरू समेत जलाएका थिए । तर पनि, कहींकतै जुलियसका भावना र आवाजहरू टुक्राटुक्रा कागजमा छरिएर रहेका थिए- जसको भेउ गेस्टापोले पाउन सकेको थिएन । ती जेलको वार्डर कोलिस्न्कीको विश्वासमा सुरक्षित थिए ।

गुस्ता लेख्छिन्- मैले वार्डरसँग भेटको बन्दोवस्त मिलाएँ । उनले नै मेरो लोग्नेको जेलको कोठामा पेन्सिल र कागज लग्ने गर्थे । जुलियस फ्यूचिकले पान्क्राच जेलमा लेखेका सामग्री क्रमशः मैले बटुल्न थालें । ती सामग्री विभिन्न ठाउँमा विभिन्न व्यक्तिकोमा लुकाइएका थिए । १६० टुक्रा कागजका ती लिखतलाई कोलिन्सकीले जुलियसबाट लिएर क्रमशः गोप्यरूपमा जेल बाहिर ल्याउने खतरा मोलेका थिए । अन्ततः तिनै कागजका टुक्राहरूलाई गुस्ताले विख्यात कृतिको रूप दिइन्- द रिपोर्ट फ्रम द ग्यालोज । यसबाहेक, १२ खण्डमा जुलियसका संकलित रचनाहरूको प्रकाशनमा समेत गुस्ताले महत्वपूर्ण भूमिका निर्वाह गरिन् ।

त्यसपछिका चार दशकमा गुस्ता विभिन्न क्षेत्रमा क्रियाशील रहिन् । उनी समाजवादको लागि र फासीवादविरुद्ध समर्पित रहिन् । पच्चीस वर्षसम्म स्टेट पब्लिसिङ्ग हाउसको राजनीतिक साहित्यको सम्पादकमा उनी रहिन् । सन् १९४८ को फ्रेब्रवुरी क्रान्तिमा मजदूरहरूलाई उतार्नमा उनको महत्वपूर्ण भूमिका रहृयो । उनी "डिफेन्डर्स अफ पीस"को चेकोस्लोभाक कमिटीको संस्थापक सदस्यमध्येकी एक थिइन् । सन् १९८० मा विश्व शान्ति परिषद्को मानार्थ अध्यक्षमा निर्वाचित गुस्ता जीवनको अन्तिम क्षणसम्म कम्युनिस्ट पार्टीमा रहेर संशोधनवाद विरुद्ध जुधिरहिन् । ८४ वर्षको उमेरमा २५ मार्च १९८७ मा उनको निधन भएको थियो । जस्तो कि, उनको साथी इभा रौलले लेखेकी छिन्- गुस्ता जस्ता महिलालाई जुनसुकै ठाउँका इमान्दार मानिसहरूले कहिल्यै बिर्सनु हुँदैन ।

श्रोतः कम्युनिस्ट रिभ्यु, नं. ३६,२००२

# सामाजिक भेदभाव विरुद्ध आन्दोलित एउटा यूनियन

"सफाइ मजदुर यूनियन बनेपछि हाम्रो जीवनमा आकाश पातालको परिवर्तन आएको छ !" यो भनाइ थियो एक जना सफाइ मजदुरको । के परिवर्तन आयो त ? उनकै शब्दमा भन्ने हो भने "हामी उपत्यकामा शहरमै बस्ने भए पनि हाम्रो बस्ती छुट्टै थियो । समाजका अरु मान्छेसंग हाम्रो सम्पर्क नै हुँदैनथ्यो । भेटमा पनि हामीले टाढा बसेर सबैलाई बाजे, बज्यै भन्दै कुरा गर्नु पर्थ्यो । होटल रेष्टुराँमा चिया खायो भने आफैले गिलास सफा गर्नु पर्थ्यो । काम गरेको ज्याला माग्न पनि डराई-डराई माग्नु पर्नेमा अब त्यो स्थिति छैन । अब हाम्रो अन्य जातिहरूसंग पनि सम्पर्क धेरै भइसक्यो । पढे लेखेका मान्छेहरू पनि हाम्रोमा बढिरहेका छन् ।"

सफाइ मजदुरको यूनियन सर्वप्रथम २०३६ सालमा नेस्वमयूको प्रारम्भिक कमिटी गठन गरी प्रारम्भ भएको थियो । त्यतिखेर सफाइ बस्तीहरूमा गएर सफाइ मजदुरहरूको समस्याको बारेमा कुरा गर्ने, मजदुरहरूको अधिकारको बारेमा कुरा गर्ने र संगठित हुनु पर्ने कुरो बुझाउँदै सदस्यता वितरण गर्ने काम भएको थियो । यसरी २०३६ सालमा काठमाडौंका सफाइ मजदुरहरूको बस्ती-बस्तीमा यूनियन पुगेको थियो । तत्कालीन नगरपंचायतमा मजदुरहरूले परामिभिक कमिटी गठन गरिसकेका थिए ।

**पहिलो संगठित आन्दोलन**

२०३७ सालमा सफाइ मजदुरहरूले तत्कालीन काठमाडौं नगर पञ्चायतमा १५ सूत्रीय माग राखेर सर्वप्रथम हड्ताल गरेका थिए । यो नै सफाइ मजदुरहरूको पहिलो संगठित आन्दोलन थियो । त्यस हडतालबाट सफाइ मजदुरहरूको थुप्रै माग पुरा भएका थिए । वर्षौंदेखि ज्यालादारीमा काम गरिरहेका सफाइ मजदुरहरू स्थायी भए । कामको लागि चाहिने खर्पन, च्वाफि आदिको व्यवस्था भयो । त्यसभन्दा पहिले मजदुरहरूले आफैले ती सामानको समेत व्यवस्था गर्नु पर्थ्यो । यसका साथै यूनिफर्मको र औषधि खर्चको व्यवस्था पनि भयो ।

२०३९ सालमा नेस्वमयूको आव्हानमा देशव्यापी मजदुर आन्दोलन भएको थियो । त्यसवेला पनि काठमाडौं नगरपंचायतका सफाइ मजदुरहरूले विभिन्न १९ वटा माग राखेर हडताल गरेका थिए । त्यसरी नै भक्तपुर नगरपालिकामा पनि सफाइ मजदुरहरूले हड्ताल गरेका थिए ।


२०४६ सालको जन-आन्दोलनपछि देशभरिका सफाइ मजदुरहरूलाई एउटै झण्डामुनि संगठित गर्ने उद्देश्यले २०४७ असार १ गते काठमाडौंको सफाइ बस्ती सबलबहालमा १५ सदस्यीय केन्द्रीय कमिटी गठन भयो र त्यसको भोलिपल्ट नै यसको केन्द्रीय कार्यालयको उद्घाटन तत्कालीन वन तथा भूमिसुधार व्यवस्था मन्त्री झलनाथ खनालले गर्नु भएको थियो । केन्द्रीय कमिटीको गठन लगत्तै सफाइ बस्तीहरूका साथै काठमाडौंको फोहर मैला व्यवस्थापन तथा स्रोत परिचालन केन्द्रमा इकाइ गठन भयो । यसपछि देशका अन्य जिल्लाका नगरपालिकाहरूमा पनि सफाइ मजदुर यूनियन गठन हुन थाल्यो ।

**२० सूत्रीय मागको आन्दोलन**

नेपाल स्वतन्त्र सफाइ मजदुर यूनियन, काठमाडौं महानगरपालिकाले २०५५ साल साउन २९ गतेदेखि भदौ ४ गतेसम्म ७ दिने हड्ताल गऱ्यो । मजदुरहरूका जल्दाबल्दा २० वटा माग राखेर गरिएको सो हड्तालपछि काठमाडौंभरि फोहरको डुंगुर भएको थियो ।





सफाइ मजदुरहरू आफ्नो काम छोडेर 'हाम्रो माग पुरा गर' भन्दै काठमाडौंको सडक, गल्ली-गल्लीमा बिहान-बेलुका जुलुसमा सामेल भएका थिए । त्यस हड्तालले मजदुरहरूको २० वटा मागमध्ये १८ वटा मागहरू पुरा गराएको थियो । पुरा भएका मागमा श्रीमती सुत्केरी हुँदा श्रीमानले पनि सुत्केरो बिदा पाउने माग पनि थियो ।

नेपाल स्वतन्त्र सफाइ मजदुर यूनियन नेपाल ट्रेड यूनियन महासंघको १५ वटा सदस्य यूनियनहरूमध्येको एउटा यूनियन हो । यो यूनियनलाई अन्य यूनियनहरूभन्दा बेग्लै ढंगले सञ्चालन गर्नु पर्ने बाध्यता छ । यसले ज्याला बढाउने जस्ता पेशागत माग मात्र होइन समाजमा आफ्नो सम्मानको लागि पनि संघर्ष गरिरहेको छ । स्मरणीय छ, २०४६ सालमा नेपाल ट्रेड यूनियन महासंघको स्थापना सफाइ मजदुरहरूको बस्तीमा भूमिगत रूपमा भएको थियो ।

“सफाइ क्षेत्रमा यूनियन विस्तार भएपछि मजदुरहरू धेरै उत्साहित भएका छन् । समाजका विभिन्न क्षेत्रका मानिसहरूसंग हेलमेल काम गरिरहेका छन् ।” एक जना महिला यूनियन कार्यकर्ताले भनिन्- “यूनियन सदस्य हुन पाएकोमा हामी गौरवान्वित छौं । अहिले हामी समाजका कुनै पनि क्षेत्रका मानिसहरूसंग बसेर कुरा गर्न सक्छौं ।”

यूनियनमा संगठित र असंगठित मजदुरको बीचमा तपाईं के भिन्नता देख्नुहुन्छ भन्ने प्रश्नको जवाफमा उनले भनिन्, “यूनियनमा संगठित भएका र संगठित नभएका सफाइ मजदुरका बीचमा तुलना गर्ने हो भने हामीले धेरै भिन्नता पाएका छौं । जस्तै- यूनियन सदस्यहरूमा आफ्नो कुरा भन्ने, आफ्नो समस्या राख्ने आँट बढेको छ, आफ्ना समस्या समाधान गर्न सामूहिक रूपमा वा संगठित रूपमा लाग्नु पर्दछ भन्ने चेतना वृद्धि भएको छ र अनुभवको आदान-प्रदान गरी एक अर्काबाट सिक्ने बानीको विकास भएको छ ।”

नेपाल स्वतन्त्र सफाइ मजदुर यूनियनका अध्यक्ष विना श्रेष्ठले थप्नुभयो- “सफाइ मजदुरहरू पंचायत कालदेखि नै संगठित हुँदै आएका थिए । त्यति वेला सफाइ मजदुरहरू नेस्वमयूमा संगठित थिए । त्यसवेला पनि यूनियनले हातले लेखेर लिथो गरी “च्वाफि” नामको पत्रिका प्रकाशित गर्दथ्यो । त्यो पत्रिकालाई सफाइ मजदुरहरूले आफ्नै पत्रिका सम्झन्थे । पढ्न नजान्नेहरूले समेत साथीहरूलाई पढ्न लगाएर सुन्थे ।”

“त्यसवेला यूनियनले संचालन गरेका कार्यक्रमहरूमा मजदुरलाई साक्षर बनाउने र चेतनशील बनाउने काम पनि थियो । सफाइ मजदुरहरू धेरैजसो अशिक्षित थिए । स्कूलमा पढ्नेहरूले पनि अन्य विद्यार्थीहरूद्वारा अपमानित हुनु परेकाले स्कूल छोड्थे । त्यसैले यूनियनले सफाइ मजदुरहरूको लागि प्रौढ शिक्षा तथा साना भाइबहिनीहरूको लागि अनौपचारिक शिक्षा संचालन गरेको थियो । २०४७ मा छुट्टै सफाइ मजदुर यूनियन बन्यो । त्यसपछि यसले थुप्रै कार्यक्रमहरू संचालन गऱ्यो । अनौपचारिक शिक्षा कार्यक्रम, शिशुस्याहार केन्द्रको स्थापना आदिलाई उदाहरणको रूपमा लिन सकिन्छ । यो यूनियन उपत्यका बाहेक देशको अन्य शहरहरूमा पनि फैलिएको छ । यसका झापा, सुनसरी, मकवानपुर, रूपन्देही, बाँके, सिराहा, जनकपुर, काभ्रे, कास्की जिल्लाहरूमा कमिटीहरू बनेका छन् । नगरपालिकाहरू भित्र ट्रेड यूनियन गठन भएका छन् । माग राख्ने र माग पुरा गराउने काम पनि भइरहेको छ ।”

अन्य कार्यक्रमको रूपमा व्यवसायजन्य स्वास्थ्य सुरक्षा सम्बन्धी कार्यक्रम पनि सञ्चालन भइरहेको छ । विना श्रेष्ठ भन्नुहुन्छ- “सफाइ मजदुरहरूले थोरै ज्याला पाउने कारणले बिहान, दिउँसो दुई-तीन ठाउँमा काम गर्छन् । घरका काम गर्न सक्ने सबैजसो परिवारका सदस्यहरू काममा जान्छन् । जसले गर्दा घरमा साना नानीको हेरविचार गर्ने कोही हुँदैनथे । त्यसैले साना बच्चाहरू बोकेर नै सडक बढार्ने जस्तो काम गर्नु पर्थ्यो ।

सधैंभरि फोहरमा काम गर्नु पर्ने, धुलोमा काम गर्नु पर्ने त्यसमा पनि स्वास्थ्यको बारेमा राम्रो चेतना नहुने हुँदा आफ्नै कामको कारणले मजदुरहरूलाई खोकी, दम जस्ता रोगले सताउने गर्दथ्यो । यससम्बन्धी चेतना दिन पनि यूनियनले सफाइ बस्तीहरूमा स्वास्थ्य शिविर राखेर व्यवसायबाट हुने रोगबाट कसरी बच्ने भन्ने चेतनामूलक कार्यक्रम पनि गर्दै आइरहेको छ ।”

यूनियनको अन्य गतिविधिहरू के छन् त ? भन्ने प्रश्नको जवाफमा उहाँ भन्नुहुन्छ- “अझै पनि सफाइ मजदुरहरू पिछडिएकै छन् । समाजका अन्य समुदायसंग हेलमेल हुन सकिरहेको छैन । त्यसैले यस यूनियनले आफ्ना सदस्यहरूलाई ट्रेड यूनियन सम्बन्धी शिक्षा दिनुका साथै अन्य गतिविधिहरू पनि सञ्चालन गर्दै आइरहेको छ । गत वर्ष मात्र यसले विभिन्न कार्यक्रमका साथ यूनियन स्थापनाको १० वर्ष मनायो । हरेक वर्ष च्वाफि प्रकाशित गरिरहेको छ । दशैं चिठ्ठा सञ्चालन गरिरहेको छ ।”

“अब के कार्यक्रम छ त?” अध्यक्ष विना श्रेष्ठले भन्नुभयो- “सफाइ मजदुरहरूको धेरै समस्या छन् । अहिले ठेक्का प्रथाले गर्दा मजदुरहरूले नयाँ-नयाँ समस्या झेलिरहनु परेको छ । अझै पनि धेरै सफाइ मजदुरहरूलाई यूनियनमा संगठित गर्न सकिएको छैन । उनीहरू अहिले पनि पिछडिएका छन् । त्यसैले अबको यूनियनको कार्यक्रम भनेको धेरै भन्दा धेरै मजदुरहरूलाई यूनियनमा संगठित गर्ने, शिक्षित गर्ने र सामाजिक कुरितिको विरुद्धमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने नै हो ।” स्मरणीय छ, नेस्वसमयू हालसालै आईसीइएम नामक ग्लोबल यूनियन फेडेरेसनको सदस्य बनेको छ ।

**प्रस्तुति : कवीन्द्र शेखर रिमाल**

## जिफन्ट राष्ट्रिय कमिटीको बैठक

नेपाल ट्रेड यूनियन महासंघ जिफन्टको राष्ट्रिय कमिटीको आठौं बैठक गत पुस ७ गते महासंघका अध्यक्ष मुकुन्द न्यौपानेको अध्यक्षतामा पुतलीसडक स्थित आफ्नै कार्यालय, मनमोहन मजदुर भवनमा सम्पन्न भयो ।

महासंघको विधान अनुसार नियमित रूपमा भएको सो बैठकमा १० वटै अञ्चल कमिटी र केन्द्रीय विभागहरूको काम बारे समग्र मूल्यांकन गरिएको थियो । साथै, बैठकले आगामी चैत्र १-३ मा जिफन्ट र क्याडको संयुक्त आयोजनामा सम्पन्न हुने दक्षिण एशियाली महिला ट्रेड यूनियन नेताहरूको सम्मेलनबारे पनि छलफल गरेको थियो । बैठकले अन्य विभिन्न विषयमा सदस्य संघहरूको राष्ट्रिय सम्मेलन, ट्रेड यूनियन संघहरूको नवीकरण, श्रमिक खवरको हिरक अंक आदिमा निर्णय लिएको थियो ।



निम्न यूनियनहरूले निम्न मिति भित्र आ-आफ्नो संघ नवीकरण गरिसक्ने निर्णय पनि गरिएको छ ।

- नेस्वचिमयू माघ १४, २०५९
- यूनिट्राभ माघ १४, २०५९
- नेस्वप्रेमयू माघ १७, २०५९
- अनेट्रेयू माघ २०, २०५९
- नेस्वसमयू माघ २६, २०५९
- नेरिचायू बैशाख ३१, २०६०

यसै गरी, निम्न मितिमा निम्न संघहरूले आ-आफ्नो राष्ट्रिय अधिवेशन गर्दैछन् । सबै संघ तथा अंचल कमिटीहरूले आ-आफ्नो स्थानबाट सहयोग गर्ने निर्देशन जारी गरिएको छ ।

- क्युपेक - फागुन २१-२३, २०५९ (फागुन १-३ बाट परिवर्तित)
- नेस्वसमयू - फागुन १०, २०५९
- नेयास्वमसं - चैत ८-१०, २०५९
- नेस्वहोमयू - चेत २२-२३, २०५९
- नेस्वचिमयू - तय गरिएको माघ ४ को मिति सार्ने ।

एनटीयूसीसंगको उच्चस्तरीय कार्यदलको बैठक हालै सम्पन्न भएको छ । महासंघको राष्ट्रिय कमिटी बैठकले ठोस काममा सहकार्य गर्ने अनुमति दिए बमोजिम आधिकारिक यूनियनको निर्वाचन र चेक-अफ प्रणालीमा संयुक्त रूपमा जाने निर्णय भएको छ । हाललाई होटल र चिया क्षेत्र संयुक्त कार्य गर्ने क्षेत्रको रूपमा तोकिएको छ । यसका अतिरिक्त सन् २००३ भित्र यूनियनहरूको सदस्यता निश्चित गर्न वैज्ञानिक प्रणाली विकास गर्ने योजना बनेको छ र श्रम कानून परिमार्जनको विषयमा साझा रूपमा अघि बढ्ने सहमति भएको छ । महासंघको बैठकले कृषि मजदुर संघ सुदृढीकरणको लागि उपाध्यक्ष ललित बस्नेतले प्रस्तुत गर्नुभएको

## जिफण्टको ऐक्यबद्धता सन्देश

नेपाल ट्रेड यूनियन महासंघले अन्तरराष्ट्रिय प्रवासी मजदुर दिवस १८ डिसेम्वर २००२ को उपलक्ष्यमा एक प्रेस विज्ञप्ति प्रकाशित गरेको छ ।



विज्ञप्तिमा भनिएको छ, "विश्वभरिका प्रवासी मजदुरहरूले ज्यादै अमानवीय दुःख भोगिरहेका छन्, उनीहरू न्यूनतम मानव अधिकार तथा मौलिक ट्रेड यूनियन अधिकारबाट समेत बञ्चित छन् ।"

"नेपाल ट्रेड यूनियन महासंघले आफ्नो विदेश विभाग अन्तर्गतको प्रवासी मजदुर शाखा तथा विदेशमा जिफण्ट सपोर्ट ग्रुप मार्फत् नेपाली प्रवासी मजदुरहरू बीच काम गर्दै आइरहेको छ ।"

अन्तरराष्ट्रिय प्रवासी मजदुर दिवस प्रवासमा काम गर्ने मजदुरहरूको सुरक्षा र उनीहरूको अधिकार स्थापित गर्न १८ डिसेम्बरको दिन विश्वभरि मनाउने गरिन्छ ।

यसै आव्हानलाई मनन गरी जिफन्टले ऐक्यबद्धता जाहेर गर्दै प्रेस विज्ञप्तिमा भनेको छ - "पूँजीको बढ्दो विश्वव्यापीकरण, पूँजी आधारित उत्पादन प्रणालीको विकास र कार्यथलोमा श्रमको बढ्दो अनौपचारिकीकरणको कारणले अल्पविकसित देशका श्रमजीवीहरू विकसित तथा अल्पविकसित देशमा नै प्रवासिने चलन तीव्र रूपमा बढिरहेको छ । दुःखको कुरा यसरी प्रवासिने मजदुरहरूले प्रवासमा ज्यादै दुःख भोगिरहेका छन् । धेरै घटनाहरूले कतिपय अवस्थामा उनीहरूले अमानवीय व्यवहारलाई समेत भोग्नु परेको कुरा देखाउँछ । थ्रि डि अवस्था (डेन्जर, डर्टि र डिफिकल्ट) मा काम गर्ने विश्वभरिका प्रवासी मजदुरहरू न्यूनतम मानव अधिकार तथा मौलिक ट्रेड यूनियन अधिकारबाट समेत वञ्चित भएका छन् ।"

"आफू र आफ्ना परिवारको सुख तथा समृद्ध जीवनको सपना बोकेर प्रवासमा कमाउन गएका मजदुरहरू आफ्नो स्वास्थ्यलाई जतिसुकै प्रतिकूल तथा जोखिम हुने तथा आत्म-सम्मानको समेत कुनै वास्ता नगरी जस्तो सुकै काम पनि स्वीकार गर्दछन् ।"

"प्रवासी मजदुरहरूसंग सम्बन्धित यस्तै बाध्यात्मक परिस्थिति र विश्व श्रमबजारमा उनीहरूको स्वीकारयोग्य संख्यालाई नै महसुस गरेर अन्तरराष्ट्रिय श्रम संगठन (आई.एल.ओ.)ले पारित गरेको प्रवासी मजदुरहरूसंग सम्वन्धित अन्तरराष्ट्रिय श्रम मापदण्ड, अभिसन्धि तथा सुझावहरू श्रमको संसारमा ज्यादै महत्त्वपूर्ण छन् । तर, यस्ता श्रम मापदण्डहरूको कार्यान्वयन पक्ष भने जहिले पनि समस्याको रूपमा अगाडि आइरहेको छ । राष्ट्रिय स्तरमा तथा अन्तराष्ट्रिय स्तरमा समेत ट्रेड यूनियन केन्द्रहरू प्रवासी मजदुरको विषयमा ज्यादै चिन्तित हुने गरेका छन् ।"

वक्तव्यको अन्यत्यमा भनिएको छ - "प्रवासी मजदुर दिवस २००२ को उपलक्ष्यमा, हामी हाम्रो गतिविधिहरू, हाम्रा नीति तथा कार्यक्रमहरूलाई मूल्यांकन गरौं, हामी सबै एक हौं र संगसंगै ठोस कार्य गरौं । विभिन्न कोणबाट राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा दवाव तथा लविङ्गको शुरूवात गरौं ।"

# लेबोर नेपाल डट ओआरजीको वार्षिक भेला



नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) र राष्ट्रिय श्रम प्रतिष्ठान (एनएलए) को संयुक्त आयोजनामा गत मंसीर २१ गते बिदयगचलभबउा।यचन वेभसाइट संचालन भएको १ वर्ष पुगेको उपलक्ष्यमा अनामनगर स्थित एनएलए भवनमा एउटा भेला सम्पन्न भयो ।

श्रम सम्बन्धी सूचना विकास गर्ने उद्देश्यले एनएलए र जिफन्टले सञ्चालन गरेको लेबोर नेपाल डट ओआरजी नेपालको लेबोर साइटमा महत्त्वपूर्ण अभियानको रूपमा लिइरहेको कुरा सहभागीहरूले समीक्षाको क्रममा बताए ।

भेलाले आगामी वर्षमा अझ महत्त्वपूर्ण विषयहरू थप गरी विकसित गर्दै लान त्यस सम्बन्धीलाई कार्ययोजना तय गऱ्यो । साथै, वेभसाइटलाई श्रम सम्बन्धी सूचना भण्डारको रूपमा थप विकसित गर्नु पर्ने धारणा समेत सहभागीहरूले व्यक्त गरे । र, यसका लागि सहभागीहरूले आ-आफ्नो तर्फबाट योगदान पुऱ्याउने वचनबद्धता पनि व्यक्त गरे ।


एनएलएका महासचिव डा. शिव शर्माको अध्यक्षतामा र जिफन्टका महासचिव विष्णु रिमालद्वारा सञ्चालित सो भेलामा सहभागीहरूले श्रम सम्बन्धी वेभसाइटको महत्त्व रहेको हुँदा यस वेभसाइटलाई श्रम सम्बन्धी सूचना व्यवस्थित गर्न यसमा श्रम सम्बन्धी शैक्षिक सामग्री र रोजगारी सम्बन्धी सूचना पनि राख्दै जानु पर्ने सुझाव दिए ।

भेलामा डिकोन्टका महासचिव खिलानाथ दाहाल, श्रम मन्त्रालयका उपसचिव सीताराम उप्रेती, श्रम विभागका निर्देशक एस. एन. बैद्य, आइएलओका यादव अमात्य, नेपाल उद्योग बाणिज्य महासंघका कार्यकारी निर्देशक मेघनाथ न्यौपाने, सीवीनका अध्यक्ष गौरी प्रधान, काठमाडौं विश्वविद्यालय, स्कूल अफ इञ्जिनियरिङका डीन प्रा. दिनेश चापागाईं, डीडीएनका निर्देशक अधिवक्ता पवन कुमार ओझा, आइआरएफका कार्यकारी निर्देशक डा. नारायण मानन्धर, नेपालमा अध्ययनरत बेलायती नागरिक जेमी जे. क्रसको उपस्थिति थियो । कार्यक्रममा उमेश उपाध्याय, रमेश बडाल र कविन्द्र शेखर रिमालका साथै यसका प्राविधिक सञ्चालक साइवरकामिजका महेन्द्र श्रेष्ठ, सोम राई, किरण माली र बुद्धि आचार्यको उपस्थिति थियो ।

**पुस्तक परिचय**

# नेपाली वामपन्थी मजदुर आन्दोलनमा गाईखाने भाषा

जिफण्ट कस्तो संगठन हो ? समग्र रूपमा देशको राजनीतिक, आर्थिक, सामाजिक आन्दोलनमा यसको कस्तो भूमिका रहन्छ भन्ने विषयमा विभिन्न कोणबाट व्यक्ति तथा संगठनहरू जानकारी राख्न चाहन्छन् । खासगरी विदेशी नागरिक तथा संगठनहरूले यसको लागि आफैं आई जिफण्टका सम्बन्धमा केही वर्षयता अध्ययनहरू गर्ने गरेका छन् । हालसालै यस्तो अध्ययन गर्ने एक वेलायती नागरिक **जेमी जे. क्रस** भएका छन् । ससेक्स विश्वविद्यालयका समाजशास्त्रको विषयमा अध्ययनरत जेमीले आफ्नो अध्ययन प्रतिवेदनको नामाकरण **"ऐक्यबद्धताको भाषा : अन्तरराष्ट्रियतावाद र नेपाली वामपन्थी मजदुर आन्दोलनमा गाईखाने भाषा"** राखेका छन् ।




जेमी भन्छन् -नेपालको ट्रेड यूनियन आन्दोलन तत्कालीन राजनीतिक अवस्थाको एउटा महत्त्वपूर्ण स्वरूप हो ।

देशका विभिन्न भागमा छरिएर रहेका औपचारिक श्रम क्षेत्रका मजदुरहरूलाई एकीकृत गर्न राष्ट्रिय तथा क्षेत्रीय हुँदै अन्तरराष्ट्रिय स्तरमा समेत महत्त्वपूर्ण भूमिका खेल्न सफल नेपाल ट्रेड यूनियन महासंघ - जिफण्ट नेपाली नागरिक समाजको सबैभन्दा ठूलो संगठन हो । एउटा छाता संगठनको हैसियतले १५ वटा विभिन्न पेशामा आधारित राष्ट्रिय संघहरू मार्फत् जिफण्टले औपचारिक तथा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रम-शक्तिलाई समेट्न सफल भएको छ । जेमीको धारणा छ- जिफण्ट राजनीतिक हिसाबले स्वतन्त्र भए तापनि यसका मुख्य सिद्धान्त र यसका सदस्यहरूको संसदको प्रमुख प्रतिपक्ष पार्टी नेपाल कम्युनिस्ट पार्टी (एमाले) संग गहिरो संलग्नता रहेको पाइन्छ । विश्वस्तरमा भने विषय आधारित अन्तरराष्ट्रिय सम्बन्धलाई जिफण्टले प्राथमिकता दिइरहेको छ ।

व्यक्तिहरूको बानी, परम्परा र पारस्परिक भिन्नताको अध्ययन गर्ने सिलसिलामा आफूले अंग्रेजी भाषाको बढ्दो प्रयोग र अंग्रेजी बोल्ने व्यक्तिहरूको बढ्दो चाहनालाई मुख्य केन्द्र बनाएको जेमी बताउँछन् । विश्वव्यापि ऐक्यबद्धताले ट्रेड यूनियनको रणनीतिमा नयाँ दिशा दिन सफल भएको र यसले यूनियनका नेता तथा कार्यकर्ताहरूलाई नयाँ अवधारणा र व्यवहारको बानी बसालेको कुरा उनको अध्ययनले देखाएको जेमीको दावी छ ।

जेमीले आफ्नो अध्ययन प्रतिवेदनलाई चार खण्डमा बाँडेका छन् । उनी भन्छन्- "नेपालको बामपन्थी मजदुर आन्दोलनको सन्दर्भमा जिफण्ट र ट्रेड यूनियनको समसामयिक विवादका विषयहरूलाई मैले पहिलो खण्डमा राखेको छु । नेपाली ट्रेड यूनियन नेताहरूद्वारा व्यक्त गरिएको धारणामा टेकेर सांगठानिक संरचना र उनीहरूको नीतिगत तथा राजनीतिक सम्बन्धको विश्लेषणलाई दोस्रो खण्डमा उनेको छु । तेस्रो खण्डमा मैले इतिहास र समसामयिक समाजवादी परम्पराको आधारमा विश्वको ट्रेड यूनियनलाई नेपालको यूनियन आन्दोलनसंग जोड्ने प्रयत्न गरेको छु । र अन्त्यमा, वृहत् सामाजिक परिवेशलाई हेर्न भाषालाई आँखीझ्यालको रूपमा प्रस्तुत गरेको छु ।"

प्रस्तुत सामग्री अंग्रेजी भाषामा छ र पढ्न चाहनेका लागि जिफण्टको वेब साइटमा उपलब्ध छ ।

**प्रस्तुति : वुद्धि आचार्य**



## क्याडका दिदीबहिनीहरू

# धन्यवाद !

डेनमार्कको महिला मजदुर यूनियन-**क्याड**ले नेपाल ट्रेड यूनियन महासंघको केन्द्रीय महिला मजदुर विभाग मार्फत नेपाली महिला मजदुर आन्दोलनलाई विगत २ वर्षदेखि सहयोग गर्दै आएको छ । गत असोज महिनामा आगामी दिनमा दुई संगठन बीच आर्थिक, नैतिक वा भौतिक के कस्ता सहयोग विकास गर्न सकिन्छ भन्ने अध्ययन गर्न सात सदस्यीय प्रतिनिधि मण्डल नेपाल आएको थियो । नेपाल भ्रमणको अन्तिम दिन भ्रमण दलका ४ सदस्यहरू इभा टावोर, मारिया वेयरिङ्ग, हेनेरेट ओलफसेन र आस्था हानसेनले केममविको लागि स्थायी कोष निर्माणमा व्यक्तिगत रूपमा सहयोग गर्ने वचनबद्धता व्यक्त गरेका थिए ।

अहिले, यस वर्षको मानवअधिकार दिवस (१० डिसेम्बर) का दिन उक्त टिमको तर्फबाट घोषणा गरिएको छ- चार दिदीबहिनीहरूबाट प्रत्येक महिना प्रत्येकले रु. १ हजार १ सय ७० केममविको कोषमा पठाईने छ । यसका अतिरिक्त मारिया र हेनेरेटको कमिटीबाट प्रत्येक महिना २ हजार ३ सय ४० रूपैयाँका दरले ५ वर्षसम्म पठाईनेछ । क्याडको अन्तरराष्ट्रिय ऐक्यबद्धता कोषबाट समेत केममवीको कोष स्थापनाको लागि रु. ४६ हजार ८ सय अनुदान दिइने छ ।

क्याडको यो हार्दिक सहयोगले केममविको कोष निर्माणको हिसावले मात्र महत्त्वपूर्ण योगदान गरेको छैन, यसले हाम्रा सदस्यहरूलाई यूनियनमा नियमित शुल्क तिर्नु पर्छ भन्ने सन्देश पनि दिएको छ । इभाले १० डिसेम्बरमा लेख्नुभएको छ- "यो कुनै ठूलो रकम होइन, तर केममविले अप्ठ्यारोमा परेका श्रमिक महिलालाई सहयोग गर्ने क्रममा यसले पनि केही भरथेग गर्ला भन्ने हाम्रो आशा छ ।" जिफन्टको धारणा छ-सहयोग र ऐक्यबद्धतालाई पैसाको चाङसंग तुलना गर्न सकिन्न । तपाईंहरूले जसरी आफ्नो न्यानो माया दर्शाउनु भयो, त्यही नै हाम्रो लागि लाख छ ।

धन्यवाद इभा, मारिया, हेनेरेट र आस्था ! धन्यावाद क्याड ! तपाईंहरूले हाम्रो आन्दोलनमा तिर्नै नसकिने गुण लगाउनु भएको छ ।






### श्रमिक खवरको अर्को अंक हिरक अंक

वहुदलीय प्रजातन्त्र स्थापनाको १२ वर्ष बितेछ। श्रमिक खवर प्रकाशनले ४ हजार ५ सय भन्दा बढी दिन बिताएछ। अंकको हिसाबले अब यसले हिरक अंक ( ७५ औं अंक) मा प्रवेश गरेछ।

### १२ वर्ष लाई फर्केर हेर्दा

हामी हाम्रा पाठक, लेखक र स्तभ्मकारहरूको समीक्षाको अपेक्षा गरिरहेका छौं - १२ वर्षमा हाम्रो श्रम बजारमा के भयो, के भएन? के हुनै पर्थ्यो, के गर्नै हुँदैन थियो ?

- ट्रेड यूनियनहरूले के गर्नु पर्थ्यो ? के गर्नै हुँदैन थियो ?
- रोजगारदाताहरू र सरकारले के गर्नु पर्थ्यो, के गर्नु हुँदैन थियो ?
- राजनीतिक पार्टीहरूले के गर्नु पर्थ्यो, के गर्नु हुँदैन थियो ?
- के का लागि ट्रेड यूनियनहरूलाई जस दिनुहुन्छ ?
- कुन कमी-कमजोरीका लागि यूनियनलाई आलोचना गर्नु हुन्छ ?
- र, श्रमिक खवरको प्रकाशक नेपाल ट्रेड यूनियन महासंघलाई तपाईं कसरी मूल्यांकन गर्न चाहनु हुन्छ ?

हिरक अंक

**तपाईं लेखी पठाउनु होस्, हामी छाप्छौं !**
**नयाँ वर्ष २०६० सालमा, हाम्रो हिरक अंक तपाईंको हातमा !**